राष्ट्रिय जनगणना २०५८

प्रश्नावली निर्देशिका

श्री ५ को सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

केन्द्रीय तथ्याङ्क बिभाग

रामशाहपथ, काठमाण्डौ

फोन नं. २४५९४६, २४५९४७, २४५८४८, २२९४०६

राष्ट्रिय जनगणना २०५८

प्रश्नावली निर्देशिका



श्री ५ को सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

केन्द्रीय तथ्याङ्क बिभाग

रामशाहपथ, काठमाण्डौ

फोन नं. २४५९४६, २४५९४७, २४५८४८, २२९४०६,

दुई शब्द

राष्ट्रिय जनगणना २०५८ मा अधिराज्यमा बसोबास गरेका व्यक्तिहरूको पारिवारिक र व्यक्तिगत विवरण संकलन गर्न दुई छुट्टाछुट्टै लगतहरू बनाइएका छन्। लगत १ मा सबै परिवार र व्यक्तिको विवरण संकलन गरिनेछ र लगत २ मा तथ्यांकीय विधिका आधारमा छानिएका परिवार र व्यक्तिका विवरणहरू संकलन गरिनेछन्। यी दुई लगतका विवरण संकलन गर्न संलग्न हुने गणकहरूका लागि गणना गर्दा पालना गर्नुपर्ने विधि (उदाहरणसहित गणनाका नियम, निर्देशन) उल्लेख गरी यो "**प्रश्नावली निर्देशिका**" तयार गरिएको छ। गणना कार्यमा संलग्न हुनुभन्दा पहिले नै यो पुस्तिका सबै गणकले अध्ययन गर्नुपर्दछ।

तथ्यांक संकलनका काममा संलग्न हुने गणक, उत्तरदाता र प्रयोगकर्ताहरूका लागि यो निर्देशिका अझ वढी सरल र स्पष्ट होस् भन्ने उद्देश्यले केही स्थानमा उदाहरणका लागि चित्र (Visual) समेत प्रयोग गरिएकोछ।

राष्ट्रिय जनगणनाको प्रश्नावली, शब्दहरूको परिभाषा, गणनाको नियम आदिमा परिमार्जन र सरलीकरण गरी निर्देशिका तयार गर्ने कार्यमा शुरुदेखि लाग्नुभएका यस विभागका उपनिर्देशक श्री वद्रीप्रसाद निरौला तथा तथ्याङ्क अधिकृत श्री भरत राज शर्मालाई हार्दिक धन्यवाद दिन चाहन्छु। उहाँहरूको अथक प्रयासवाट नै यो निर्देशिका निर्धारित समयमा तयार भई यो रूपमा आउन सकेको हो। निर्देशिका तयार पार्ने क्रममा महत्वपूर्ण सल्लाह र सुझाव दिनुहुने निर्देष्टा उप-महानिर्देशक श्री सावित्री सिँह र उपनिर्देशक श्री राधाकृष्ण जी.सी.लाई विशेष रुपले धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै Questionnaire & Manual Development Committee का अन्य सम्पूर्ण सदस्यहरू उ.नि. श्री तुङ्ग शिरोमणी वास्तोला, उ.नि. श्री कृष्ण प्रसाद श्रेष्ठ, त.अ. श्री रवि प्रसाद कायस्थ तथा त.अ. श्री ऋतु पन्थलाई पनि धन्यवाद दिन चाहन्छु। निर्देशिका तयार गर्न सहयोग पुऱ्याउने यस विभागका कर्मचारी, विभिन्न महत्वपूर्ण सुझाव दिनुहुने प्राविधिक समिति तथा चित्र (Visual) हरू राख्न आर्थिक तथा प्राविधिक सहयोग जुटाउने संस्था UNIFEM तथा महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, संयुक्त राष्ट्र विकास संघिय कार्यक्रमको लैङ्गिक समताको मूल प्रवाहिकरण कार्यक्रम र जनगणना कार्यमा सहयोग गर्ने सबै UN-Inter Agency हरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छु। यो निर्देशिकाको कम्प्युटर टाइप सेटिङ्ग गर्ने कम्प्युटर सहायक श्री डोल नारायण श्रेष्ठलाई पनि धन्यवाद दिन चाहन्छु।

अन्तमा जनगणनामा संलग्न रहने सबै जना, उत्तरदाता र तथ्यांक प्रयोगकर्ताहरूका लागि समेत यो पुस्तिका अति उपयोगी हुने विश्वास राख्दछु।

केशवराज शर्मा
महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग

विषयसूची

विषय	पेज नं.

लगत १

परिचयात्मक विवरण ..... १ - ३

पारिवारिक विवरण ..... ४ - १५

प्रश्न १ : यस परिवारले प्रयोग गरेको घरको प्रकार कस्तो छ ? ४

प्रश्न २ : यस परिवारले प्रयोग गरेको घरको स्वामित्व कस्तो हो ? ५

प्रश्न ३ : यस परिवारले कृषि प्रयोजनका लागि चलन गरेको जग्गा छ, छैन ? ६

प्रश्न ४ : कृषि प्रयोजनका लागि चलन गरेको जग्गाको क्षेत्रफल कति छ ? ६

प्रश्न ५ : यस परिवारले कृषि प्रयोजनको लागि पाल्तु चौपाया पंक्षी छन्, छैनन् ? ८

प्रश्न ६ : कृषि प्रयोजनको लागि पालेका चौपाया पंक्षी कति छन् ? ८

प्रश्न ७ : यस परिवारका महिलाको नाममा (स्वामित्वमा) निम्नानुसारको सम्पत्ति छ, छैन ? ९

प्रश्न ८ : यस परिवारका महिलाको आफ्नो (पेवा,दाइजो/स्त्रीधन) पाल्तु चौपाया छ, छैन ? १०

प्रश्न ९ : यस परिवारले कृषि वाहेक अरु साना व्यवसाय चलाएको छ, छैन ? ११

प्रश्न १० : कृषि वाहेक साना व्यवसाय चलाएको भए मुख्य व्यवसाय कुन हो ? ११

प्रश्न ११ : परिवारमा अनुपस्थित व्यक्ति विदेश गएका छन्, छैनन् ? १४

प्रश्न १२ : परिवारका विदेश गएका व्यक्तिको विवरण दिनुहोस् । १४

व्यक्तिगत विवरण ..... १६ - २६

महल १ : क्रमसख्या १६

महल २ : परिवारका व्यक्तिको नाम, थर १६

महल ३ : ..... को लिङ्ग कुन हो ? १९

महल ४ : ..... को उमेर कति हो ? २०

महल ५ : ..... को जात/जाति कुन हो ? २०

महल ६ : ..... मूलीको के नाता पर्नुहुन्छ ? २१

महल ७ : ..... कुन धर्म मान्नु हुन्छ ? २२

महल ८ : ..... कुन भाषा बोल्नु हुन्छ ? २३

महल ९ : ..... को नागरिकता कुन हो ? २५

महल १० : ..... अपाङ्ग भए कस्तो हो ? २५

विषय	पेज नं.

लगत २

परिचयात्मक विवरण ..... २७ - २८

पारिवारिक विवरण ..... २८ - ३३

प्रश्न १ : यस परिवारको पिउने पानीको मुख्य श्रोत के हो ? २८

प्रश्न २ : यस परिवारमा खाना पकाउन अक्सर कुन इन्धन प्रयोग गर्नुहुन्छ ? २९

प्रश्न ३ : यस परिवारमा वत्ती बाल्न अक्सर के प्रयोग गर्नुहुन्छ ? २९

प्रश्न ४ : यस परिवारको चर्पीको व्यवस्था कस्तो छ ? ३०

प्रश्न ५ : यस परिवारमा निम्न सुविधाहरु के के छन् ? ३०

प्रश्न ६ : वितेको १२ महिनामा परिवारमा कसैको मृत्यु भएको थियो, थिएन ? ३१

प्रश्न ७ : वितेको १२ महिनामा कसैको मृत्यु भए मृत्यु भएका व्यक्तिको विवरण दिनुहोस् । ३१

व्यक्तिगत विवरण ..... ३४ - ६६

महल १ : क्रमसंख्या ३४

महल २ : परिवारका व्यक्तिको नाम थर ३४

महल ३ : उमेर ३४

महल ४ : ..... को जन्म स्थल कहाँ हो ? ३४

महल ५ : ..... को यहाँ वसोवास गरेको कति वर्ष भयो ? ३५

महल ६ : ..... यस जिल्लामा वसोवास गर्न आउनुको मुख्य कारण के थियो ? ३५

महल ७ : ..... को पाँच वर्ष अघि वसोवास कहाँ थियो ? ३६

महल ८ : ..... ले पढ्न, लेख्न जान्नु भएको छ ? ३६

महल ९ : ..... ले कति पढ्नु भएको छ ? ३७

महल १० : ..... हाल स्कूल जाने गर्नु भएको छ, छैन ? ३९

महल ११ : ..... वैवाहिक स्थिति के हो ? ३९

महल १२ : ..... को पहिलो पटक विवाह गर्दा उमेर कति थियो ? ४२

महल १३ : ..... को हालसम्म जिउँदै जन्मेका छोराछोरीको संख्या दिनुहोस् ? ४२

महल १४ : ..... ले वितेको १२ महिनामा जीवित बच्चा जन्माउनु भएको थियो ? ४३

महल १५ : ..... वितेको १२ महिनामा अक्सर के गर्नु हुन्थ्यो ? ४४

महल १६ : ..... ले वितेको १२ महिनामा के के काम कति कति समय गर्नुभयो ? ५४

महल १७ : ..... ले अक्सर के काम गर्नुभयो ? ५६

महल १८ : ..... ले कहाँ काम गर्नुभयो ? ५८

महल १९ : ..... को उक्त आर्थिक काम गर्दाको तह कुन हो ? ६०

महल २० : ..... ले वितेको १२ महिनामा अक्सर काम नगर्नुको कारण के हो ? ६३

महल २१ : ..... को सँग वसेका छन् ? ६५

लगत १ को बुक कभर पेज (आवरण पृष्ठ) भर्ने तरिका ६७

लगत २ को बुक कभर पेज (आवरण पृष्ठ) भर्ने तरिका ७१

अनुसूची - १ ..... ७३

अनुसूची - २ ..... ७६

अनुसूची - ३ ..... ७७

अनुसूची - ४ ..... ८२

अनुसूची - ५ ..... ८३

लगत १ को निर्देशिका

लगत – १

विवरण संकलन गर्ने निर्देशिका

लगत १ मा तीन किसिमका विवरण संकलन गर्नुपर्दछ –

क) परिचयात्मक विवरण,. ख) पारिवारिक विवरण र ग) व्यक्तिगत विवरण

यस लगतमा परिचयात्मक विवरणहरू पानाको शीर्ष भागमा, पारिवारिक विवरणका लागि प्रश्नहरू बायाँ खण्डमा र व्यक्तिगत विवरणका लागि प्रश्नहरू दायाँ खण्डमा राखिएका छन्। विवरण संकलन गर्दा पहिले परिचयात्मक विवरणका प्रश्नहरू, त्यसपछि पारिवारिक विवरणका प्रश्नहरू र अन्तमा व्यक्तिगत प्रश्नहरू सोधी तथ्य संकलन गर्नुपर्दछ।

परिचयात्मक विवरणमा गणना गर्न लागिएको स्थान/परिवारको क्षेत्रीय परिचय हुनेछ। पारिवारिक विवरणमा परिवारले सामूहिकरूपमा प्रयोग गरेको घर, चलन गरेको जग्गा, महिलाहरुको स्वामित्वमा भएको जग्गा, चौपाया, कृषि कार्यवाहेक साना व्यवसाय चलाएको छ, छैन र परिवारका सदस्य कोही विदेश गएका छन् भने विदेश गएका सवैको विवरण संकलन गर्नुपर्दछ। व्यक्तिगत विवरणतर्फ परिवारमा भएका सबै व्यक्तिको जनसांखिक एवं सामाजिक विवरण संकलन गर्नु पर्दछ।

परिचयात्मक विवरण

परिचयात्मक विवरणमा निम्नानुसारको तथ्य लेख्नु पर्दछ –

जिल्ला – गणना गर्न लागेको स्थान कुन जिल्लामा पर्दछ, सोही जिल्लाको नाम दिइएको ठाउँमा स्पष्ट र पूरा लेख्नुपर्दछ। जस्तै - काभ्रेपलाञ्चोक।

गा. वि. स./न. पा. – गणना गर्न लागेको स्थान कुन गा.वि.स. अथवा नगरपालिकामा पर्दछ, सोही गा.वि.स. वा नगरपालिकाको नाम लेख्नुपर्दछ। जस्तै - काठमाण्डौ महानगरपालिका, पोखरा उप-महानगरपालिका, इटहरी नगरपालिका, रूपनगर गाउँ विकास समिति आदि।

वडा नं. – गणना गर्न लागेको स्थान गाउँ विकास समिति वा नगरपालिकाको कुन वडामा पर्दछ, सोधी वडा नं. लेख्नुपर्दछ। प्रत्येक गा.वि.स. मा १ देखि ९ वडासम्म हुन्छन् र नगरपालिकामा १ देखि ३५ वडासम्म छन्।

गाउँ/बस्ती/टोल – विभिन्न स्थानमा मानिसहरू बसोबास गरेका घर/घर समूह विभिन्न गाउँ वा टोलका नामले परिचित छन्। गणना गर्न लागेको परिवार बसेको घर भएको ठाउँ कुन गाउँ वा बस्ती वा टोलको नामले परिचित छ सो गाउँ/बस्ती/टोलको नाम लेख्नुपर्दछ। जस्तै - बस्तीपुर, घोघनपुर आदि।

घर क्र. सं. – प्रत्येक गणकले आफूले गणना गर्नु पर्ने क्षेत्रको घर क्रमसंख्या लेख्दा सुपरिवेक्षकले घर/परिवार सूचीकरण लगत तयार गर्दा घरमा जुन नम्बर लेखिएको छ, सोही घर नम्बर घर क्र.सं. मा लेख्नुपर्दछ। घरमा लेखिएको नम्वर केरमेट भए पनि घर/परिवार उतार फाराम हेरी घर क्रमसंख्या कुन हो, यकिन गरी सोही नम्बर नै

लेख्नुपर्दछ । जस्तै– सुपरिवेक्षकले परिवारको क्रमसंख्या लेख्दा ज ३ ६ लेखेको भए घर क्रम संख्यामा ३ नै लेख्नुपर्दछ । कुनै परिवार बसेको घरमा घर क्रमसंख्या राख्न छुटेको भए क्रमसंख्या लेख्न छुटेको घरमा गणकले नै घर क्र.सं. लेख्नुपर्छ । क्रमसंख्या लेख्दा घर/परिवार उतार फाराम हेरी आफ्नो गणना क्षेत्रमा सुपरिवेक्षकले लेखेको कति घर छन् सो देखि माथिको संख्या लेख्नुपर्छ । जस्तै - घर परिवार उतार फाराममा अन्तिम क्र.सं. १५६ भए यो छुटेको घरको क्र.सं. १५७ लेख्नुपर्छ । एवं क्रमले अरु छुटेका घर भए क्रमसंख्या १५८, १५९, ... हुन्छ । उक्त नयाँ घर क्र.सं. घर/परिवार उतार फाराममा पनि थप्दै जानुपर्दछ । घर क्रमसंख्या लेख्न छुटेका परिवारको उक्त क्रमसंख्या नै लगत १ र लगत २ मा पनि लेख्नुपर्दछ ।

द्रष्टव्य *- प्रत्येक गणना क्षेत्रमा घर नम्बर दिई घर संख्या र परिवार संख्या निर्धारण गरिन्छ । गणना क्षेत्र वडाको क्षेत्रभन्दा सानो भए सबै गणना क्षेत्रको घर क्रम अनुसार जम्मा गरी वडाको जम्मा संख्या प्रश्नावली पुस्तिकाको मुखपृष्ठ (कभर पेज)मा लेख्नु पर्छ ।*

परिवार क्र. सं. – प्रत्येक गणकले आफूले गणना गर्नु पर्ने क्षेत्रको परिवार क्रमसंख्या लेख्दा माथि उल्लेख भएको घर क्रमसंख्या जस्तै सुपरिवेक्षकले घर/परिवार सूचीकरण लगत तयार गर्दा परिवार जुन क्रमसंख्यामा छ, सोही परिवार क्रमसंख्या लेख्नुपर्दछ । यदि सुपरिवेक्षकले कुनै परिवारको परिवार क्रमसंख्या राख्न छुटेको भए घर क्रमसंख्यामा नयाँ क्रमसंख्या लेख्न उल्लेख गरेको जस्तै क्र.सं. लेख्न छुटेको परिवारलाई पनि परिवारको अन्तिम क्रमसंख्या पछिको संख्या परिवार क्रमसंख्या लेख्नुपर्दछ ।

परिवार भन्नाले – सामान्यतया एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपीन गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूहलाई - बुझाउँछ । परिवारमा एक व्यक्ति मात्र वा धेरै व्यक्तिहरू, नाता पर्ने वा नाता नपर्ने व्यक्तिहरू हुन सक्दछन् । परिवार र परिवारका सदस्य छुट्याउन आम्दानी-खर्च र भान्साको अवधारणा प्रमुख रहेको छ ।

कानुनीतवरले भिन्न भइ नसकेको भए तापनि भिन्दै वा छुट्टै बसी वा भिन्दै भान्सामा खानपान गरी आएका व्यक्ति वा व्यक्तिहरूको समूहलाई जनगणनाको प्रयोजनका लागि बेग्लै वा छुट्टै परिवार मानी लेख्नुपर्दछ । गणना समयमा परिवारहरू जहाँ अक्सर बसोवास गरेका छन्, त्यहींबाट विवरण लिनुपर्दछ । परिवारका कुनै व्यक्ति वा व्यक्तिहरू गणना समयमा मूल परिवारमा छैनन् र जुनसुकै कारणले भए पनि सामान्यतया अन्यत्र बसोवास गरेका छन् र भिन्दै भान्सामा खानपान गर्दछन् भने, "मूल" परिवारबाट नलेखी हाल बसोवास गरिरहेकै ठाउँमा छुट्टै परिवार मानी गणना गर्नुपर्दछ ।

कसैको परिवारका मुख्य व्यक्ति वा छोराछोरी वा परिवारका अरू कुनै व्यक्ति गणनाको समयमा विभिन्न कारणले सामान्यतया अन्यत्र कतै बसेका वा विदेशमा बसेका हुन सक्तछन् वा छोरा/छोरी अध्ययन वा तालिमको लागि अन्यत्र बसेका हुन सक्तछन् । सामान्यतया बेग्लै बसेको अवस्थामा जहाँ बसेका छन् त्यहींबाट गणना हुनेछ । कतै अन्यत्र बसेका व्यक्तिको पनि यसै परिवारबाट गणना हुनु पर्ने धारण व्यक्त गरिने हुनसक्तछ । यस्तो अवस्था भए उत्तरदातालाई अन्यत्र बसेका व्यक्तिको पनि यसै परिवारबाट गणना गर्दा दोहोरो गणना हुने वा गणना गर्न छुट हुन सक्ने सम्भावना बुझाउनु पर्छ । सामान्यतया अन्यत्र बसेका तर यो परिवारका सदस्य वा नातापर्ने व्यक्ति भए पनि यो परिवारको सदस्य मानी यो परिवारमा गणना गर्नु हुँदैन ।

तर घरायसी कामको लागि वा औषधोपचार गर्न वा व्यापारको काममा केही दिनको लागि अन्यत्र गएका साधारणतया यसै परिवारमा बस्ने सदस्य भए गणनाको समयमा अनुपस्थित भए पनि यसै परिवारबाट गणना गर्नुपर्दछ । अन्यत्र बसेकाको छुट्टै लेख्नुपर्ने केवल जनगणनाको प्रयोजनको लागि मात्र हो, यसले कानुनीरूपमा कुनै

असर पर्दैन । कुनै परिवारको सदस्य विदेशमा पढ्न वा काम गर्न बसेका भए ती व्यक्ति(हरू) को-को हुन् सोधी लगत १ को पारिवारिकतर्फको प्रश्न १२ मा सबै विवरण खुलाउनुपर्दछ ।

व्यक्ति भन्नाले - जुनसुकै उमेरका महिला, पुरुष, बालक, बालिका, वृद्ध, वृद्धालाई जनाउँछ ।

परिवारको जम्मा व्यक्ति संख्या - गणना गर्न लागेको परिवारमा अक्सर बसोबास गर्ने जम्मा कति सदस्य छन् सोधी, बालक-बालिका (भर्खरै जन्मेका बच्चासमेत) वृद्ध, अपांग सबैको पुरुष हुन् अथवा स्त्री छुट्याई पुरुष-स्त्रीको संख्या अलग-अलग लेख्नुपर्दछ । उत्तरदाताले दिएको यो संख्या व्यक्तिगत लगतमा उल्लेख भएको जम्मा सदस्य संख्यासँग पुरुष-स्त्री गरी अलग-अलग मिल्नु पर्दछ । संख्या नमिले उत्तरदातालाई पुनः सोधी दुवै संख्या यकिन गरी लेख्नुपर्दछ ।

पुरुष - परिवारका जम्मा पुरुष सदस्य सख्या (तत्काल जन्म भएको बालक भए सो बालकसमेत) लेख्नुपर्दछ ।

स्त्री - परिवारको जम्मा स्त्री सदस्य संख्या (तत्काल जन्म भएको बालिका भए सो बालिकासमेत) लेख्नुपर्दछ ।

पारिवारिक विवरण

प्रश्न १ : यस परिवारले प्रयोग गरेको घरको प्रकार कस्तो छ ?

१. पक्की २. अर्धपक्की ३. कच्ची ४. अन्य .....

घर भन्नाले - सामान्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर मानिस बस्नका लागि प्रयोग गरिएको एक वा एक भन्दा बढी कोठा वा तला भएको बासस्थानलाई बुझाउँछ ।

घरको प्रकार भन्नाले - घरको गारो/टाटी र छानो कस्तो सामग्रीले बनेको छ, घर बनाउदा प्रयोग गरेको सामग्रीको प्रकारलाई बुझाउँछ ।

घर विभिन्न आकार, प्रकार वा किसिमका हुन सक्तछन् । सबै घरमा चारैतर्फ गारो/टाटी नहुनसक्छ । कुनै घर दुईतिर अरू घरको आडमा वा पहराको आड लिएर पनि बनाइएका हुन्छन् । कुनै अवस्थामा बीचमा गारोले बारेर पनि दुई घर बनाइएको हुन्छ । घरमा आवतजावत गर्नका लागि छुट्टै मूलढोका हुन्छ । गणनाको प्रयोजनका लागि परिवार बसोवास गरेका यी सबै किसिमका वासस्थान - झुप्रो, घर, भवन, महल, फ्ल्याट समेतलाई घर भन्ने बुझाउँछ । घरको स्वामित्व आफ्नै वा अरूको हुन सक्तछ । परिवारले बसोबासका लागि एकभन्दा बढी घरहरू प्रयोग गरेका भए आवासको दृष्टिले मुख्य मानिएको घरको विवरण लेख्नु पर्दछ । कुनै परिवार गणनाको समयमा डेरा गरी बसेका छन् र आफ्नो घर अरू कसैलाई भाडा/बहालमा दिएको छ वा घर खाली नै भए पनि गणनाको समयमा जहाँ बसेका छन्, त्यहींको घर वा डेराको विवरण लेख्नुपर्छ ।

घरको प्रकार (कच्ची-पक्की) छुट्याउने मुख्य आधार बाहिरी गारो र छानाको बनोटलाई लिइएको छ । जस्तै –

गारो / छानो	पक्की छानो	कच्ची छानो
पक्की गारो	पक्की घर	अर्धपक्की घर
कच्ची गारो	अर्धपक्की घर	कच्ची घर

गारो/वार र छानोको बनोट, कच्ची र पक्की सामग्रीलाई निम्नानुसार बयान गरिएको छ -

पक्की गारो - ढुङ्गा, पाको ईंट, सिमेन्ट ब्लक आदिलाई माटो वा सिमेन्टको जोडाइ भए पक्की गारो मान्नुपर्दछ । गारोमा बाहिरी एकसरो पाको ईंट र भित्री भागमा काँचो ईंटको प्रयोग गरेको भए पनि गारो पक्की नै मानिन्छ ।

पक्की छानो - जस्तापाता, टायल, स्लेट, खपडा, यास्बेस्टस शीट, झिँगटीले छाएको वा सिमेन्ट-कंकिट प्रयोग गरी ढलान गरिएको छानो पक्की छानो मानिन्छ ।

कच्ची गारो - काँचो ईंट वा खर/पराल वा बाँसको भाटा प्रयोग गरेर बनाइएको टट्टी वा फ्लेक माथिबाट माटोले लिपेको वा पोतेको बार वा गारोलाई कच्ची गारो मान्नुपर्दछ ।

कच्ची छानो - माटो, छ्वाली, पराल, ढड्डी, प्लास्टिक, टिन वा कन्टेनर काटी त्यसको पाताले छाएको छानो भए कच्ची छानो मान्नुपर्दछ ।

गणनाको प्रयोजनका लागि माथि उल्लेख भए अनुसार बनोटको आधारमा घरलाई चार प्रकारमा विभाजन गरिएको छ ।

१. **पक्की** – बाहिरी गारो र छानो दुवै पक्की सामग्रीबाट निर्माण गरिएको घर भए पक्की घर मान्नुपर्दछ ।

२. **अर्धपक्की** – घरको गारो वा छानो मध्ये कुनै एक मात्र पक्की सामग्रीबाट निर्माण भएको भए त्यस्तो घर अर्धपक्की हुन्छ । घरको बाहिरी गारो पक्की छ तर छानो कच्ची छ भने त्यो घर अर्धपक्की हुन्छ । त्यस्तै बाहिरी गारो कच्ची छ तर छानो पक्की छ भने त्यो घर अर्धपक्की हो ।

३. **कच्ची** – घरको वाहिरी गारो र छानो दुवै कच्ची सामग्रीबाट निर्माण गरिएको रहेछ भने त्यसलाई कच्ची घर मान्नुपर्दछ ।

४. **अन्य** – मान्द्रो, प्लास्टिक, पराल, चोया, निगालो, पाल आदिले बनाएको बासस्थानलाई अन्यमा लेख्नुपर्दछ । साधारण किसिमले बनाइएको छाप्रो र सो सरहको बासस्थानलाई पनि अन्यमा जनाउनुपर्दछ ।

घरको प्रकार खुलाउन पक्की भए १ मा, अर्धपक्की भए २ मा, कच्ची भए ३ मा र यी बाहेक अरू किसिमका भए ४ मा चिन्ह लगाउनुपर्छ ।

द्रष्टव्य – गारो र छानोमा एकभन्दा बढी निर्माण सामग्रीहरूको प्रयोग भएकोमा मुख्य निर्माण सामग्रीको आधारमा कच्ची, पक्की छुट्याउनुपर्दछ । माथिको परिभाषा अनुसार घरको केही भाग कच्ची र केही पक्की ठहर्ने भएमा अधिकांश भाग जुन किसिमको छ, सोही आधारमा पूरा घरलाई कच्ची वा पक्कीमा छुट्याउनुपर्दछ ।

प्रश्न २ : यस परिवारले प्रयोग गरेको घरको स्वामित्व कस्तो हो ?

१. निजी २. भाडामा ३. अन्य .....

यहाँ घरको स्वामित्व भन्नाले कानुनी अधिकारको स्वामित्व बुझ्नुपर्छ, अर्थात् बसोबास गरेको घर कस्को नाममा दर्ता छ, उसको स्वामित्व हुन्छ । ग्रामीण क्षेत्रका घरको कानुनी दर्ता नहुने भएकाले जग्गाको स्वामित्वले नै घरको स्वामित्व कायम हुने बुझ्नुपर्छ । घरको स्वामित्वलाई तीन किसिममा विभाजन गरिएको छ ।

१. **निजी** – गणनाको समयमा परिवार बसोबास गरेको घर, घरखण्ड वा फ्ल्याट परिवारका कुनै सदस्यको आफ्नै कानुनी अधिकारको (स्वामित्वको) भए निजी हुन्छ । बसोबास गरेको घर परिवारका सदस्यको पुर्खौली हकभोगको तर कानुनीरूपमा नामसारी नभएको भए पनि निजी मानिन्छ । परिवार बसोबास गरेको घर निजी भए १ मा चिन्ह लगाउनुपर्छ ।

२. **भाडामा** – वसोवास गरेको घर, घरखण्ड वा फ्ल्याट परिवारका कुनै सदस्यको स्वामित्वको होइन र घरमा वसेवापत भाडा (नगद वा जिन्सी वा दुवै) तिरेको भए भाडामा भन्ने बुझ्नु पर्छ । घरमा बसे बापत कुनै किसिमको भाडा तिरेको भए २ मा चिन्ह लगाउनुपर्छ ।

३. **अन्य** – आफ्नो नातागोता वा काम दिने संस्था वा व्यक्ति वा घरधनीले उपलब्ध गराएको र घरभाडा (नगद वा जिन्सी) तिर्नु नपर्ने गरी वसोवास गरेको भए अन्यमा खुलाउनुपर्दछ । बसोबास गरेको घर आफ्नो पनि होइन र त्यहाँ वस्न कसैसँग इजाजत पनि लिएको छैन भने पनि अन्यमा लेख्नु पर्छ । अर्को शब्दमा घर परिवारको निजी पनि होइन र भाडा पनि तिर्नु पर्दैन भने अन्यको ३ मा चिन्ह लगाई कस्तो व्यवस्थाको हो खुलाउनुपर्दछ ।

प्रश्न ३ : यस परिवारले कृषि प्रयोजनका लागि चलन गरेको जग्गा छ, छैन ?

१. छ २. छैन

कृषि प्रयोजनका लागि चलन गरेको जग्गा भन्नाले - खेतीपाती वा कृषिकार्यका लागि उपयोग गरेको जग्गालाई बुझाउँछ। गणनाको दिन परिवारसँग कृषि प्रयोजनका लागि चलन/उपयोग गरेको कुनै जग्गा भए छ को १ मा चिन्ह लगाउनुपर्छ। चलन गरेको जग्गा छैन भने छैनको २ मा चिन्ह लगाउनुपर्छ।

कृषि कार्य भन्नाले निम्न कार्यहरूलाई बुझाउँछ।

कृषिवाली उत्पादन	अन्न (धान, गहुँ, मकै आदि), तरकारी, फलफूल, नगदे र अन्य बाली उत्पादन
पशुपालन	गाई, भैंसी, भेडा, बाख्रा, सुँगुर, खरायो आदि पशुपालन
चराचुरुंगी पालन	अर्थोपार्जन वा मासु, फुल उत्पादनको दृष्टिले गरिएको चराचुरुंगी पालन
अन्य कृषि कार्य	घाँसका रूख र बनबनेलो लगाउने, मौरीपालन, मत्स्यपालन जस्ता कार्यहरू

प्रश्न नं. ३ र ४ सम्वन्धित छन्। कृषि प्रयोजनका लागि चलन गरेको जग्गा भन्नाले के बुझाउँछ, प्रश्न नं. ४ अन्तरगत पनि स्पष्ट गरिएको छ।

प्रश्न ४. कृषि प्रयोजनको लागि चलन गरेको जग्गाको क्षेत्रफल कति छ ?

विघा ..... कट्ठा ..... धूर ..... रोपनी ..... आना ..... पैसा .....

चलन गरेको जग्गा भए क्षेत्रफल कति छ भन्ने प्रश्नमा चलन गरेको जग्गाको क्षेत्रफल लेख्दा निम्न कुरामा ध्यान दिनुपर्छ।

क. आफ्नो जग्गा आफैले उपयोग गरेको - चलनमा समावेश गर्नुपर्छ,

ख. अरूको जग्गा आफूले उपयोग गरेको भए - चलनमा समावेश गर्नुपर्छ।

ग. तर आफ्नो जग्गा अरूलाई उपयोग गर्न (कमाउन) दिएको भए चलनको हिसावले अरूलाई कमाउन दिएको जग्गा - चलनमा समावेश गर्नु हुँदैन।

अर्को शब्दमा, परिवारले चलन गरेको जग्गाको स्वामित्व जोसुकैको (परिवारको वा अरूको) भए पनि चलन गरेको सबै कित्ताको क्षेत्रफल सोधी जम्मा गरी लेख्नुपर्छ। परिवारको आफ्नो हकको आफैले चलन गरेको जग्गा र अरूसँग कुनै शर्तमा (भोगवन्धक, कूत वा नगद तिर्ने गरी, अधियाँ वा अन्य शर्तमा वा सित्तैमा) लिई चलन गरेको जग्गाको क्षेत्रफलको जोड चलन गरेको जग्गाको क्षेत्रफल हुन्छ।

घ. कृषिका लागि चलन गरेको जग्गा परिवार वसेको जिल्लाको एकै वडामा वा छुट्टा छुट्टै वडाहरूमा अथवा एकै ठाउँमा वा छुट्टा-छुट्टै ठाउँमा छरिएका वा एकभन्दा बढी कित्ताहरू मिलेर बनेको हुन सक्दछ। कित्ताहरू छरिएर रहेको भए पनि बसोबास गरेको जिल्ला भित्रको सँगोलको उत्पादनका साधनहरू (खेतला, साधन, औजार, तान्ने जोत्ने जनावर आदि) लगाएर चलन गरेको गणनाको दिन कायम रहेको सबै जग्गाको जम्मा क्षेत्रफल लेख्नुपर्दछ।

कित्ता भन्नाले - जग्गाको लालपुर्जाको कित्ता नभई खेत वा बारीको चक्ला एकै ठाउँमा रहेको, वरिपरि अर्को व्यक्तिले चलन गरेको जग्गा वा प्राकृतिक साँध सिमानाले छुट्याएको जग्गाको टुक्रालाई बुझाउँछ ।

द्रष्टव्य - चलन गरेको जग्गाको क्षेत्रफल जम्मा गर्दा हाल परिवार बसेको जिल्लाको मात्र लेख्नुपर्छ । परिवार बसोबास गरेको जिल्लाबाहेक अरू जिल्लामा चलन गरेको जग्गा भए पनि गणनाको प्रयोजनको लागि यसमा समावेश गरी लेख्नुपर्दैन ।

क्षेत्रफलको एकाइ - नेपालमा क्षेत्रफल नाप्ने एकाइमा एकरूपता छैन । रोपनी र बिगा जग्गाको क्षेत्रफलका प्रमुख एकाइ हुन् । तर ठाउँअनुसार विभिन्न स्थानीय एकाइ जस्तै – बिजनको माना/पाथी वा हल, पाटो आदि एकाइको चलन पनि रहेको पाइन्छ ।

रोपनी - यो एकाइ खासगरी काठमाण्डौ उपत्यका, पहाडे र हिमाली जिल्लाहरूमा प्रयोग हुन्छ ।

एक रोपनी = ५,४७६ वर्गफुट हुन्छ ।

बिघा वा बिगहा - यो एकाइ खास गरी तराइ र भित्री मधेशका जिल्लाहरूमा प्रयोग हुन्छ ।

एक बिघा = ७२,९०० वर्गफुट हुन्छ । अन्य रूपान्तर निम्नानुसार छन् ।

१ रोपनी = ७४ X ७४ वर्गफुट = ४ माटोमुरी = १६ आना = ६४ पैसा
१ बिघा = २७० X २७० वर्गफुट = २० कट्ठा = ४०० धूर

जग्गाको क्षेत्रफलको एकाइ लेख्न रोपनी र बिघा दुवैको एकाइ दिइएको छ । क्षेत्रफल रोपनी र बिघाबाहेक अरू कुनै एकाइमा भए ती एकाइहरूलाई रोपनी वा बिघामा परिवर्तन गरी लेख्नुपर्छ । एक परिवारले चलन गरेको सबै जग्गालाई एकमुष्टरूपमा रोपनी, बिघा वा दुवैमा खुलाउन सकिन्छ । कृषकले जग्गाको क्षेत्रफल अरू एकाइमा जस्तै – बीउ, बिजनको माना/पाथी, हल आदिमा बताएमा त्यस क्षेत्रमा जग्गाको एकाइ रोपनी वा बिघा मध्ये जुन चलनचल्तीमा छ, सोही एकाइमा परिवर्तन गरी लेख्नुपर्दछ । यदि कृषकले आफूले चलन गरेको सबै जग्गाको क्षेत्रफल भन्न नसके कित्ताअनुसारको क्षेत्रफल सोधेर वा जग्गामा लागेको बीउ, बिजन सोधेर वा अवस्थाअनुसार सबै जग्गाको क्षेत्रफल हिसाब गर्न गणकले मद्दत गर्नुपर्दछ ।

उदाहरण १ - सत्र रोपनी, एक आना, दुई पैसा र पाँच बिघा, एघार कट्ठा, पन्ध्र धुर क्षेत्रफललाई निम्नानुसार लेख्नुपर्छ -

एकाइ	रोपनी	आना	पैसा
क्षेत्रफल	१७	१	२

बिघा	कट्ठा	धुर
५	११	१५

उदाहरण २ - एउटा परिवारको (कृषिको लागि चलन गरेको, गणनाको दिन कायम रहेको) जग्गा निम्नानुसार जम्मा ५ टुक्रा (वा कित्ता वा चक्ला)मा बाँडिएको छ । तीन कित्ता एउटा वडामा र दुई कित्ता अर्कै वडामा पर्दछन् । यी ५ कित्तामध्ये एक कित्ता जग्गा अरूलाई कमाउन दिएको रहेछ तर दुई कित्ता अरूको जग्गा यो परिवारले कमाएको

रहेछ। त्यस ठाउँको क्षेत्रफल नाप्ने एकाइ रोपनी रहेछ भने परिवारले चलन गरेको जम्मा जग्गाको क्षेत्रफल तल दिएअनुसार कायम हुन आउँछ।

कित्ता नं.	जग्गाको क्षेत्रफल			कैफियत
	रोपनी	आना	पैसा	
१	०	६	२	आफ्नो जग्गा आफैले कमाएको
२	२	९	३	आफ्नो जग्गा अरूलाई कमाउन दिएको
३	७	०	२	आफ्नो जग्गा आफैले कमाएको
४	१	९	०	अरूको जग्गा कूत तिर्ने गरी कमाएको
५	५	१०	०	अरूको जग्गा कूत तिर्ने गरी कमाएको
जम्मा	१७	३	३	५ कित्ताको जम्मा जोड क्षेत्रफल
अरूले चलने गरेको	२	९	३	जम्मा जोडबाट घटाउनु पर्ने (आफ्नो जग्गा अरूलाई कमाउन दिएको)।
परिवारले चलन गरेको	१४	१०	०	परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल

प्रश्न ५ : यस परिवारमा कृषि प्रयोजनको लागि पाल्तु चौपाया, पंक्षी छन्, छैनन् ?

१. छन् २. छैनन्

प्रश्न ६. कृषि प्रयोजनको लागि पालेका चौपाया पंक्षी कति छन् ?

१. जम्मा चौपाया ..... २. जम्मा पक्षी .....

माथिका दुई प्रश्नहरू, ५ र ६ आपसमा सम्वन्धित छन् -

प्रश्न ५ मा परिवारमा कृषि प्रयोजनका लागि पालेका चौपाया/पंक्षी (चौपाया वा पक्षी वा दुवै) छन् वा छैनन्, सोधीएको छ भने प्रश्न ६ मा पालेका चैपाया वा पक्षी वा दुवै भए कति छन् चौपाया र पक्षीको अलग-अलग संख्या जनाउनु पर्छ।

कृषि प्रयोजनका लागि पाल्तु चौपाया/पंक्षी भन्नाले - कृषि कार्यको लागि र कृषि व्यवसायका लागि परिवारले पालेका चौपाया वा पंक्षी वा दुवैलाई बुझाउँछ। कृषि कार्यका लागि विभिन्न चौपायाहरू वा पंक्षी वा दुवै पाल्ने चलन छ। प्रमुख चौपायाहरूमा गाइ, गोरु, याक, चौरी, राँगो, भैसी, बाखा, बाखी, भेडा, भेडी, सुँगुर, बंगुर, खरायो आदि पर्दछन्। पंक्षीहरूमा कुखुरा, हाँस, परेवा, बट्टाई, तित्रा, च्याखुरा आदि पर्दछन्।

कृषि प्रयोजनका लागि पाल्तु चौपाया र पंक्षीहरूमा परिवारको आफ्नो स्वामित्वको आफैले पालेको र अरूको स्वामित्वको हाल परिवारले पालेका (चौपाया र पंक्षीहरू) समेत पर्दछन्। घरको शोभाको लागि पालिएको कुकुर, बिरालो, खरायो, हाँस आदि र कृषि प्रयोजन बाहेक यातायातको प्रयोजन वा सुविधाका लागि पालिएका गोरु, राँगा, घोडा, खच्चर, भेडा/च्याङ्ग्रा भए यसमा समावेश गर्नु पर्दैन।

द्रष्टव्य : कृषि प्रयोजनको लागि पालेका चौपाया वा पंक्षी वा दुवैको संख्या कायम गर्दा गणनाको दिनमा घरमा बाँधेका र चरनमा गएका समेत सबै किसिमका चौपायाको जोड चौपायामा र सबै किसिमका पंक्षीहरूको जोड पक्षीमा अलग-अलग लेख्नुपर्दछ।

प्रश्न ७ : यस परिवारका महिलाको नाममा (स्वामित्वमा) निम्नानुसारको सम्पत्ति छ छैन ?

१. **घर** १ छ २ छैन

२. **जग्गा** १ छ (खुलाउने) २ छैन

↓

क्षेत्रफल

एकाइ	बिघा	कट्ठा	धुर	रोपनी	आना	पैसा
क्षेत्रफल						

प्रश्न ७ मा परिवारका कुनै (एक वा एकभन्दा वढी) महिला सदस्यको स्वामित्वमा वा नाममा घर वा जग्गा वा दुवै सम्पत्ति छ, छैन सोधी छ भने के-के छ, गणनाको प्रयोजनका लागि निम्नानुसार वुझी खुलाउनु पर्दछ ।

परिवारका महिला भन्नाले - गणना गरिएको परिवारमा मूली अथवा मूलीको आमा, श्रीमती, छोरी, दिदी, बहिनी, भाउजू, वुहारी, भाञ्जी, फुपू, नातीनी, सासू आदि वा मूलीको नाता नपर्ने परिवारका महिलालाई वुझाउँछ । एक वा

एकभन्दा वढी महिला सदस्यको नाममा घर भए "छ" जनाउनुपर्छ । एक वा एकभन्दा बढी महिलाको नाममा जग्गा भए क्षेत्रफल खुलाउँदा सवैको छुट्टा-छुट्टै जग्गाको क्षेत्रफल जम्मा गरी एकाइ अनुसार लेख्नुपर्छ ।

महिलाको नाममा (स्वामित्वमा) भएको सम्पत्ति भन्नाले - महिलाले अंशबाट पाएको, पेवा, दाइजो, पेन्सन, आफ्नो आय-आर्जनको (आफूले कमाएको), ऋणबाट प्रप्त गरेको र अरू कुनै किसिमबाट महिलालाई प्राप्त भएको घर र जग्गालाई बुझाउँछ ।

पेवा/दाइजो भन्नाले - स्त्रीलाई लोग्ने वा लोग्नेपट्टिका अरू नातेदार तथा इष्ट मित्रहरूले दिएको चल, अचल सम्पत्ति तथा त्यसबाट बढे बढाएको सम्पत्ति पेवा र स्त्रीलाई माइतीबाट दिएको चल, अचल सम्पत्ति तथा त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो हो ।

क. **घर** भन्नाले - मानिस बसोबास गर्न वा अरू कुनै प्रयोजनको लागि जुनसुकै किसिमको निर्माण सामग्रीबाट बनेको, नेपाल अधिराज्यको कुनै जिल्ला वा ठाँउमा भएको घरलाई बुझाउँछ ।

ख. जग्गा भन्नाले - परिवारका महिलाको नाममा दर्ता रहेको घडेरी वा कृषि वा अन्य कुनै प्रयोजनको नेपाल अधिराज्यको कुनै जिल्ला वा ठाँउमा भएको जग्गालाई बुझाउँछ। माथि प्रश्न १ मा उल्लेख भएका कुनै किसिमको घर भए छ मा उल्लेख गर्नुपर्छ।

परिवारका कुनै महिला सदस्यको स्वामित्वमा घर भए "छ" को १ मा चिन्ह लगाउनुपर्छ, घर "छैन" भने छैनको २ मा चिन्ह लगाउनुपर्छ।

परिवारका कुनै महिलाको स्वामित्वमा कुनै (खेती गर्ने, घडेरीको वा अरूकुनै प्रयोजनको) जग्गा भए "छ" को १ मा चिन्ह लगाउनुपर्छ, कुनै जग्गा छैन भने "छैन"को २ मा चिन्ह लगाउनु पर्छ। परिवारमा एक वा एक भन्दा बढी महिला सदस्य हुन सक्तछन्। परिवारको कुनै एक जना वा धेरै जना महिलाको नाममा (स्वामित्वमा) कुनै जग्गा दर्ता भए कस्को स्वामित्वमा कति-कति क्षेत्रफलको जग्गा छ, एक-एक गरी सोधी सबै महिलाको जग्गाको क्षेत्रफल जम्मा गर्नुपर्दछ र क्षेत्रफल बिघा वा रोपनीको एकाइमा लेख्नुपर्छ। जग्गाको क्षेत्रफल लेख्दा आफ्नो आफैले चलन गरेको र आफ्नो अरूलाई चलन गर्न दिएको भए सो समेतको, नेपाल अधिराज्यको कुनै जिल्लामा महिलाको स्वामित्वमा भएको जग्गाको क्षेत्रफल जम्मा गरी लेख्नुपर्छ। बिघा वा रोपनीबाहेक अरू कुनै एकाइ जस्तै - बिजनको माना/पाथी आदि भए क्षेत्रफल रोपनी अथवा बिघामा परिवर्तन गरी लेख्नुपर्छ। एक एकाइबाट अर्को एकाइमा क्षेत्रफल परिवर्तन गर्ने बिधि अनुसूची–४ मा दिइएको छ।

प्रश्न ८ : यस परिवारका महिलाको आफ्नो (पेवा, दाइजो/स्त्रीधन) पाल्तु चौपाया छ छैन ?

१ छ (खुलाउने) ⟶ १ ठूला चौपाया जम्मा ..... २ साना चौपाया जम्मा .....

२ छैन

पाल्तु चौपाया भन्नाले - गाई/गोरु, बाच्छा/बाच्छी, भैंसी/राँगा, पाडो/पाडी, घोडा, खच्चर, भेडा, बाखा, सुँगुर/बंगुर, खरायो आदि कृषि वा यातायातको प्रयोजनका लागि पालेका पशुहरूलाई बुझाउँछ।

साना चौपायाहरू

ठूला चौपायाहरू

महिलाले अंशबाट पाएको वा पेवा, दाइजो, आफ्नो आय आर्जनको (आफूले कमाएको), ऋणबाट प्राप्त गरेको र अरू कुनै किसिमबाट महिलालाई प्राप्त भएको पाल्तु चौपायाले महिलाको आफ्नो पाल्तु चौपायालाई बुझाउँछ।

परिवारका कुनै एक जना वा धेरै जना महिलाको आफ्नै घरमा पालेको वा अरूलाई कुनै सर्तमा पाल्न दिएको यस्तो कुनै पाल्तु चौपाया भए "छ" को १ मा चिन्ह लगाई सबै महिलाको चौपाया संख्या जम्मा गरी ठूला चौपाया र साना चौपायाको संख्या अलग-अलग लेख्नुपर्छ। कुनै महिलाको पनि पाल्तु चौपाया छैन भने "छैन"को २ मा चिन्ह लगाउनुपर्छ।

द्रष्टव्य : *१. माथि प्रश्न ७ र ८ मा उल्लेख भएको परिवारका कुनै महिला वा महिलाहरूको अंशबाट प्राप्त भएको, पेवा, दाइजो वा आफ्नो आर्जन (पेन्सन समेत) र महिलाले आफूले ऋणमा लिएको भए सो ऋणमा लिएको घर, जग्गा र पाल्तु चौपायाको सम्पत्ति गणना गरेको दिन कायम भए छ जनाउनु पर्छ। परिवारका कुनै महिलाको यस्तो सम्पत्ति गणना गरेको दिन कायम नभए छैन जनाउनु पर्छ।*

२. चौपायाको गणना गर्दा माथि प्रश्न ५ को पाल्तु चौपायाको परिभाषाअनुसारका (कृषि र यातायातको प्रयोजनका) पाल्तु चौपाया गणना गरेको दिन कायम भए विभिन्न किसिमका ठूला चौपाया (गाई गोरु, भैंसी राँगा आदि) र साना चौपाया (भेडा, बाखा, सुँगुर बंगुर, खरायो आदि) जम्मा कति छन्, ठूला र साना चौपायाको संख्या अलग-अलग जम्मा गरी लेख्नुपर्छ। महिलाको स्वामित्वका सबै किसिमका चौपाया संख्या कायम गर्दा गणना गरेको दिन घरमा बाँधेका, चरनमा गएका, खोरमा भएका सबै ठूला-साना चौपायाको जोड अलग-अलग गरी लेख्नुपर्दछ।

प्रश्न ९ : यस परिवारले कृषि बाहेक अरू साना व्यवसाय चलाएको छ छैन ?

१. छ २. छैन

प्रश्न १०. कृषिबाहेक साना व्यवसाय चलाएको भए मुख्य व्यवसाय कुन हो ?

१. साना उद्योग २. व्यापार ३. यातायात ४. सेवा ५. अन्य .....

यहाँ (कृषि कार्यबाहेक) साना व्यवसाय भन्नाले –

क. परिवारको मूली वा कुनै सदस्यले चलाएको (पुँजी - नगद, जिन्सी, श्रम लगानी गरी चलाएको तर नियमितरूपले तलब वा ज्याला दिई अरू कसैलाई नलगाएको),

ख. परिवारको आयमा कुनै प्रकारले सघाउ पुग्ने (conducive to household economic benefit),

ग. छुट्टै व्यवसायका रूपमा पहिचान नभएको (कुनै सरकारी, गैरसरकारी वा स्थानीय कार्यालयमा दर्ता नभएको वा साइनबोर्ड नभएको) र

घ. सेवा व्यवसाय भए अरू कुनै एकाइलाई सेवा बिक्री गर्ने

- व्यवसायलाई बुझाउँछ। यस्तो व्यवसाय गणनामा समावेश हुन व्यवसाय गणना गरिएको दिन अघिको सातामा सामान्यतया संचालन भएको अवस्थामा हुनुपर्दछ।

अर्को शब्दमा – कृषि कार्यबाहेकको, कदेखि घसम्मको सर्त पूरा गरेको, परिवारको आयमा कुनै प्रकारले सघाउ पुग्ने उद्देश्यले घरैमा वा अन्यत्र संचालन गरेको, कुनै असंगठित प्रकृतिको कामले साना व्यवसायलाई बुझाउँछ। व्यवसायमा उत्पादन भएको वस्तु परिवारको उपभोगका लागि वा बिक्रीको लागि वा दुवै हुन सक्तछ। तर व्यवसायको उत्पादन सेवा भए बजारमा बिक्री गर्ने उद्देश्यले संचालन भएको हुनुपर्छ, उत्पादन भएको सेवा परिवारको उपभोगका लागि मात्र भए गणनामा समावेश गर्नु पर्दैन।

द्रष्टव्य : १. कृषि कार्य (खेतीपाती, तरकारी बाली, पशुपालन, बनबनेलो लगाउने, माछापालन, पंक्षीपालन, मौरीपालन, रेशम खेती आदि काम) लाई गणनाको प्रयोजनका लागि साना व्यवसायमा समावेश गर्नु हुँदैन ।

तर कृषि उत्पादनमा आधारित व्यवसाय (खाद्यवस्तु उत्पादन - दही, खुवा, दुरखा/छुर्पी आदि बनाइ बिक्री गर्ने, बेत बाँसका मेच, टेबल आदि बनाउने) भए समावेश गर्नुपर्छ ।

२. कुनै परिवारले माथि उल्लेख भएका कदेखि घसम्मको सर्तबमोजिम कुनै व्यवसाय चलाएको रहेछ भने "छ" को १ मा र कुनै व्यवसाय चलाएको छैन भने "छैन"को २ मा चिन्ह लगाउनुपर्छ । व्यवसाय चलाएको भए कुन व्यवसाय चलाएको हो सोधी, बुझी उपयुक्त व्यवसायको अंकमा चिन्ह लगाउनुपर्छ । परिवारले यस्ता एकभन्दा बढी व्यवसाय चलाएको भए के-के व्यवसाय चलाएको हो बुझी मुख्य व्यवसाय (कुनै एक) मा मात्र चिन्ह लगाउनु वा खुलाउनुपर्छ, सबै व्यवसाय जनाउनु पर्दैन ।

३. छुट्टै व्यवसायका रूपमा पहिचान भएको (कुनै सरकारी, गैरसरकारी वा स्थानीय कार्यालयमा दर्ता भएको वा साइनबोर्ड भएको) जस्तै - चामल, दाल, सलाइ, चुरोट कारखाना, सिनेमा घर, कपडा कारखाना र पहिचान भएका यस्तै अरू कुनै व्यवसायलाई समावेश गर्नुपर्दैन ।

व्यवसाय छुट्याउन केही उदाहरण निम्नानुसार दिइएको छ ।

१. **साना उद्योग (Manufacturing)** - साना उद्योग भन्नाले माथि उल्लेख भएका "क" देखि "घ" सम्मको सर्तबमोजिम खाद्य वा गैरखाद्य वस्तु बनाउने (उत्पादन गर्ने) उद्योग भन्ने बुझिन्छ ।

चर्खा कातेको

जस्तै – पाउरोटी, चना भुजा, मिठाई, खुवा, समोसा, पकौडी, जाम-जेली, दही, छुर्पी आदि खाद्य वस्तु बनाउने, धागो कात्ने व्यवसाय; बेतबाँसका सामान जस्तै - मेच, मुढा, कुर्सी, डोको, डालो नाङ्गलो बनाउने, नाम्लो, दाम्लो, डोरी बाट्ने, काठको ठेकी, माना/पाथी बनाउने व्यवसाय; सुकुल, गुन्द्री बनाउने व्यवसाय, माटोका भाँडा, फलाम (आरनमा) वा अन्य धातुका भाँडावर्तन वा सामग्री बनाउने, छाला वा कपडाको जुत्ता वा छालाका अन्य सामग्री बनाउने व्यवसाय; कपडा वा अन्य सामग्रीका खेलौना बनाउने व्यवसाय; चुरा, धागो, पोते, टीका वा श्रृङ्गारका अरू सामग्री बनाउने व्यवसाय वा यस्तै वस्तु उत्पादन गर्ने अन्य व्यवसायहरू उत्पादन उद्योग व्यवसाय हुन् । परिवारको आम्दानीमा सघाउ पुर्याउने उद्देश्यले यस्ता कुनै वस्तु उत्पादन गर्ने व्यवसाय चलाएको भए समावेश गर्नुपर्दछ । तर माथिको शर्त पूरा नभए समावेश गर्नु पर्दैन ।

परिवारले यस्तो कुनै "साना व्यवसाय" चलाएको भए १ मा चिन्ह लगाउनुपर्छ । तर चलाएको "साना व्यवसाय" अन्यत्र कतै दर्ता भए २ मा चिन्ह लगाउनुपर्छ ।

२. **व्यापार** - सबै प्रकारका लेनदेनको आधारमा चलेको वा वस्तुको खरिद बिक्री गर्ने उद्देश्यले पुँजी (नगद, जिन्सी) लगानी गरी पसल थापी वा नथापी माथि उल्लेख भएका कदेखि घसम्मको सर्तबमोजिम चलाएको व्यवसाय भए साना व्यापार हुन्छ । परिवारले यस्तो व्यापार व्यवसाय चलाएको भए २ मा चिन्ह लगाउनुपर्छ ।

तर अन्यत्र दर्ता भएका कुनै व्यापार भए सो समावेश गर्नु पर्दैन ।

सानो व्यापार

उदाहरण - परिवारका महिला, पुरुष वा दुवैले आफू बसेको घरमा वा अन्यत्र चलाएको पसल/दोकान, सानो खुद्रा वा नाइ्लो, पसल कार्टुन वा बाकसमा राखेको पसल, फुटपाथको पसल, पान, बिँडी, सुपारी पसल, चना -भुजा, मिठाई बिक्री गर्ने वा यस्तै खाद्य वा गैरखाद्यवस्तुको साना ब्यापारिक कार्य साना व्यापार हुन् ।

३. **यातायात** - परिवारकामूली वा कुनै सदस्य प्रत्यक्ष रूपमा संलग्न भई मानिस वा अरू कुनै माल-सामान वसार-पसार वा ढुवानी गर्न, माथि उल्लेख भएका कदेखि घसम्मको शर्तबमोजिम चलाएको यस्तो कुनै व्यवसायलाई यातायात व्यवसाय भनी उल्लेख गर्नुपर्छ । परिवारले चलाएको यस्तो कुनै व्यवसाय भए उल्लेख गर्न ३ मा चिन्ह लगाउनुपर्छ ।

उदाहरण - ठेलागाडा, गोरुगाडा, घोडा, खच्चर, भेडा, च्याङ्गा, रिक्सा आदि यातायातको कुनै साधन व्यवसायको रूपमा चलाएको भए त्यसले यातायात व्यवसाय बुझाउँछ । तर कदेखि घसम्मको सर्त पालन नगरेका यातायात व्यवसाय भए सो गणनामा समावेश गर्नु पर्दैन ।

४. **सेवा** - सेवा व्यवसाय भन्नाले शारीरिक वा मानसिक श्रम लगाई अर्को व्यक्ति वा संस्थालाई आवश्यक हुने सेवा, सहयोग, सुविधा वा मनोरञ्जन आदि उपलब्ध गराइ दिने र यस्तो श्रम गरेबापत अर्को व्यक्ति वा संस्था वा पक्षबाट आवश्यक पारिश्रमिक लिने गरी माथि उल्लेख भएका कदेखि घसम्मको सर्तबमोजिम चलाएको सेवा व्यवसाय उल्लेख गर्नुपर्छ । परिवारका कुनै सदस्यले यस्तो व्यवसाय चलाएको भए ४ मा चिन्ह लगाउनुपर्छ । परिवारका मूली वा कुनै सदस्य प्रत्यक्ष रूपमा संलग्न भई चलाएको खाद्य, पेय पदार्थ (मदिरा समेत) पकाई वा बनाइ बिक्री गर्ने व्यवसायलाई रेष्टुराँ/चियापसल बुझ्नु पर्छ । सर्त बमोजिमको रेष्टुराँ/चियापसल चलाएको भए पनि सेवा व्यवसाय जनाउन ४ मा चिन्ह लगाउनुपर्छ ।

खाम बनाउँदै गरेको

खाजा/चिया पसल

उदाहरण - निम्न व्यवसाय पनि सेवा व्यवसाय हुन् ।

क. भिडियो देखाउने, नाच - सर्कस देखाउने वा मनोरञ्जन गराउने, वा यस्तै कुनै व्यवसाय मनोरञ्जन सेवा,

ख. कपाल काट्ने, लुगा धुने वा ड्राइ क्लिनीङ सेवा, लुगा सिउने पसल, सुडेनीको काम, पुरोहित, पुजारी, ज्योतिष सेवा, वा अरू कुनै परामर्श सेवा, धामी-झाँकी वा झार-फुक सेवा, सामान्य मरमत वा पालिस गर्ने, पर्यटक पथप्रदशर्क सेवा दिनेहरू आदि,

ग. स्वास्थ्य उपचार सेवा वा स्वास्थ्य क्लिनिक, कानुनी परामर्श वा सल्लाह सेवा आदि,

घ. डकर्मी, सिकर्मी सेवा, लोहारको (आरनमार) कुटो, कोदाली, हँसिया आदिमा धार लगाउने, भारी बोक्ने आदि "सेवा व्यवसाय" हुन् ।

ज्याला लिई भारी बोकेको

५. **अन्य** - कृषि व्यवसाय र माथि उल्लेख भएका साना व्यवसाय बाहेक अरू कुनै साना व्यवसाय चलाएको भए ५ मा चिन्ह लगाउनुपर्छ ।

उदाहरण – निर्माण व्यवसाय, खानी खन्ने व्यवसाय आदि ।

प्रश्न ११ : परिवारमा अनुपस्थित व्यक्ति विदेश गएका छन् छैनन् ?

१. छन् २. छैनन् ३. थाहा छैन ⟶ २ वा ३ भए व्यक्तिगत विवरणका प्रश्न सोध्ने

प्रश्न १२ : परिवारका विदेश गएका व्यक्तिको विवरण दिनुहोस् ।

पुरुष वा स्त्री	जाँदाको उमेर	गएको अवधि (वर्षमा)	गएको कारण	गएको देश
.....	.....	.....	.....	.....

परिवारबाट अनुपस्थित र विदेश गएका भन्नाले – गणना गर्न लागिएका परिवारको कुनै सदस्य छ महिना र सोभन्दा बढी समयदेखि अथवा केही दिनअघि मात्र गएका भए पनि छ महिना र सोभन्दा बढी समयका लागि मुलुक बाहिर गएका भए अनुपस्थित र विदेश गएका बुझाउँछ । छ महिनाभन्दा कम समयको लागि विदेशमा तीर्थयात्रा गएका, औषधोपचारका लागि गएका, पर्यटन/भ्रमणका लागि गएका, उद्योग व्यापारको कामको सिलसिलामा गएका भए "विदेश गएको"मा उल्लेख गर्नु पर्दैन । परिवारमा उपस्थित सरह मानी गणना गर्नुपर्छ ।

परिवारका कुनै सदस्य विदेश गएका छन् वा छैनन् जानकारी लिई कोही विदेश गएका भए "छन्" को १ मा चिन्ह लगाई, प्रश्न १२ मा उल्लेख भएअनुसार, गएका सबैको सबै विवरण लेख्नुपर्दछ । विदेश गएका कोही छैनन् भने "छैनन्" को २ मा चिन्ह लगाउनुपर्छ । परिवारमा अनुपस्थित तर कहाँ गएको (स्वदेश वा विदेश) थाहा छैन भने ३ मा चिन्ह लगाउनुपर्छ । २ र ३ मा चिन्ह लगाएकालाई प्रश्न १२ सोध्नु पर्दैन ।

तर विदेशमा गएका व्यक्तिको विदेशमा नै जन्मेका छोराछोरी भए ती छोराछोरीको विदेश गएकामा गणना गर्नु पर्दैन ।

परिवारका सदस्य विदेश गएका कति जना छन् सोधी (लेख्ने लाइन नपुगे पाना थप गरी) सबैको निम्नानुसारको विवरण एकएक गरी लेख्नुपर्दछ ।

लिंग : पुरुष वा स्त्री – विदेश गएका वा विदेशमा गई बसेका व्यक्ति पुरुष हुन् अथवा स्त्री को हुन् सोधी पुरुष भए १ र स्त्री भए २ लेख्नुपर्दछ ।

उमेर – विदेश गएका व्यक्तिको विदेश जाँदा कति उमेर भएको थियो, त्यस वखत पूरा भएको उमेर (वर्षमा) लेख्नुपर्छ ।

गएको समय (वर्षमा) – परिवारबाट विदेश गएका वा विदेशमा बसिरहेका व्यक्ति विदेश गएको कति वर्ष भयो पुरा भएको वर्ष लेख्नु पर्दछ । एक वर्ष पुरा नभएको भए "००" लेख्नुपर्छ । गएको समय लेख्दा नेपालमा कहिले कहीँ मात्रै बस्ने गरेर आउने भए तापनि पहिलो पटक गएदेखि हालसम्म कति वर्ष भयो, पूरा भएको वर्ष लेख्नुपर्दछ । तर छोटो समयको लागि पटक-पटक विदेश जाने र घर आउने गरेको भए जतिपटक विदेश गएको भए पनि परिवारमा उपस्थित सरह मानी गणना गर्नु पर्दछ, विदेश गएकोमा गणना गर्नु पर्दैन ।

गएको कारण – परिवारबाट अनुपस्थित व्यक्ति विदेश जानु पर्ने विभिन्न कारण हुन सक्तछन् । कोही अध्ययनका लागि विदेशमा गएका हुन्छन् भने कोही आर्थिक कारणले गएका हुन्छन् । आर्थिक कारणहरूमध्ये पनि कोही रोजगारीका लागि गएका हुन्छन् भने कोही व्यापार वा अरू कामको लागि गएका हुन्छन् । विदेश गएको कारणमा पहिले जाँदा के कारणले गएका हुन् जनाउनुपर्छ । विदेश गएको कारण जनाउन निम्न ७ कारणहरू (सामान्य ब्याख्या समेत) उल्लेख गरिएका छन् ।

१. कृषि २. व्यापार ३. निजी नोकरी ४. संस्थागत नोकरी ५ अध्ययन ६. विवाह ७. अन्य

१. **कृषि** – परिवामा उनुपस्थित रहेका व्यक्ति आफ्नो कृषि कार्यको (खेतीपाती, पशुपालन ...) लागि विदेशमा गएका भए गएको कारण जनाउन संकेत १ लेख्नुपर्छ । तर कुनै किसिमको तलब, ज्याला लिई अरूको कृषि कार्य गर्न गएका भए निजी वा संस्थागत कस्तो कार्य हो, बुझी निजी नोकरी वा संस्थागत नोकरीमा जनाउनुपर्छ ।

२. **व्यापार** - व्यापार भन्नाले आफ्नो नगद वा जिन्सी (पुँजी) लगानी गरी वा आफ्नो दायित्वमा वस्तु बिक्री गर्ने वा किनवेच गर्ने प्रक्रियालाई बुझाउँछ। परिवारमा अनुपस्थित रहेका व्यक्ति व्यापार गर्न विदेश गएका भए संकेत २ लेख्नुपर्दछ तर व्यक्तिले अरूको (निजी वा संस्थागत) व्यापारमा तलब, ज्याला लिई काम गर्न गएका भए निजी वा संस्थागत नोकरी जनाउन ३ वा ४ कुन हो, लेख्नुपर्दछ।

३. **निजी नोकरी** - परिवारका अनुपस्थित सदस्य विदेशमा कसैको घरको कामदार, पसल वा अन्य कुनै निजी संस्था (स्थान) मा तलब, ज्याला वा कुनै किसिमको पारिश्रमिक (नगद वा जिन्सी) लिइ काम गर्न गएका भए निजी नोकरी जनाउन ३ लेख्नु पर्दछ।

४. **संस्थागत नोकरी** - परिवारका कुनै सदस्य विदेशमा सरकारी/गैरसरकारी संघ संस्था वा उद्योग-प्रतिष्ठान आदिमा नियुक्ति लिई वा नलिई रोजगारी वा नोकरी गरेका भए संस्थागत नोकरी जनाउन ४ लेख्नुपर्दछ, जस्तै - फौजमा भर्ती, बिस्कुट कम्पनीमा नोकरी आदि।

५. **अध्ययन** - परिवारका कुनै सदस्य अध्ययन/तालिमको लागि विदेशमा बसेका भए अध्ययन/तालिमका लागि बसेको जनाउन संकेत ५ लेख्नु पर्दछ। अध्ययन/तालिम भन्नाले शैक्षिक योग्यता, सीप, ज्ञान आर्जन गर्ने विषय बुझ्नु पर्दछ।

६. **विवाह** - परिवारका कुनै सदस्य (छोरी, दिदी, बहिनी, नातीनी आदि) विदेशी नागरिकसँग विवाह भएर हाल विदेशमा बसेका छन् भने पनि विदेश गएको बुझाउँछ। परिवारका छोरी, दिदी, बहिनी, नातीनी विदेशी नागरिकसँग विवाह भएर हाल विदेशमा बसेका छन् भने प्रश्न ११ को १ मा चिन्ह लगाई प्रश्न १२ मा विदेशमा बसेको कारण जनाउन विवाहको संकेत ६ लेख्नुपर्दछ। विदेशीसँग विवाह भए पनि नेपालमा नै बसोबास गरेका भए यसमा उल्लेख गर्नु पर्दैन।

७. **अन्य** - माथि १ देखि ६ सम्म उल्लेख भएका कारण बाहेक अरू कुनै कारणले विदेश गएका भए अरू कारण जनाउन संकेत ७ लेख्नुपर्दछ।



विदेश गएका कारणहरू

गएको देश - ६ महिना र सोभन्दा बढी समयदेखि विदेश गएका परिवारका प्रत्येक सदस्य हाल कुन देशमा बसेका छन् सो देशको नाम व्यक्ति अनुसार अलग-अलग गरी लेख्नुपर्दछ।

विदेशमा गएको यकिन छ तर कुन देशमा बसोबास गरेका छन् भन्ने जानकारी नभए "थाहा छैन" लेख्नुपर्छ।

उदाहरण :- रामबहादुरकी २० वर्षकी छोरी सीताकुमारी एम.बी.बी.एस. पढ्न २ वर्षअघि भारतको दिल्लीमा गएकी रहिछिन्। उनको ३० वर्षिय छोरा ५ वर्ष अघिदेखि संयुक्त राज्य अमेरीकाको कुनै रेष्टुराँमा काम गर्न गएका छन् भने यी विदेश गएका सदस्यको विवरण निम्नानुसार लेख्नु पर्दछ -

	लिङ्ग	जाँदाको उमेर	गएको अवधि (वर्षमा)	गएको कारण	गएको देश
१.	२	१८	२	५	भारत
२.	१	२५	५	३	संयुक्त राज्य अमेरिका

व्यक्तिगत विवरण

लगत १ को परिचयात्मक विवरण र पारिवारिक विवरणहरू संकलन गरी सकेपछि त्यसै पानाको दायाँखण्डमा व्यक्तिगत विवरण संकलनका लागि प्रश्नहरू छन्। व्यक्तिगत विरण लेख्न परिवारका प्रत्येक सदस्यका लागि एउटा लहर (row) छुट्याइएको छ। विवरण संकलन गर्ने क्रम र नियम निम्नानुसार उल्लेख गरिएको छ, यसै अनुसार प्रश्न सोधी विवरण लेख्नुपर्छ। व्यक्तिगत प्रश्न रहेका प्रत्येक column लाई महल भनिएको छ।

महल १ : क्र.सं. (क्रम संख्या)

परिवारका सदस्यहरूको सिलसिलाबद्ध क्रम सख्या महल १ मा लेखिएको छ। एक परिवारमा ७ जनासम्म सदस्य भए १ पेज मात्र प्रयोग गर्नु पर्छ तर सदस्यहरू ७ जना भन्दा बढी भए उही पानामा नाम नलेखी दोस्रो पाना प्रयोग गर्नुपर्दछ र लेखिएको क्रम संख्या १, २, ३, ... लाई सच्याइ क्रमशः ८, ९, १०, ... गरी लेख्नुपर्छ। परिवारका सदस्यहरू १४ जना भन्दा बढी भए एवं क्रमले लेखिएको क्रम संख्या १, २, ३, ... लाई सच्याई क्रमश १५, १६, १७, ... गरी लेख्नुपर्छ। परिवारका सदस्य ७ जनाभन्दा कम भए पनि अर्को परिवारको गणना गर्न नयाँ पानाको क. स. १ बाट सुरु गर्नु पर्छ। एउटा पेजमा दुई परिवारको गणना गर्नु हुँदैन।

महल २ : परिवारका व्यक्तिको नाम, थर

यस महलमा गणना गर्न लागिएको परिवारका सबै व्यक्तिको नाम र थर लेख्नु पर्दछ। व्यक्तिको नाम लेख्दा चलनचल्तीमा रहेको वा प्रयोगमा रहेको नाम लेख्नु पर्छ जसबाट गाउँघरका सबैले उक्त नामको व्यक्ति पहिचान गर्न सकून्। घरमा वा अन्यत्र बोलाउने नाम मूल नामभन्दा फरक भए मूल नामको तल कोष्ठमा गाउँघरमा बोलाउने नाम लेख्न सकिन्छ। नाम लेख्दा जेठो, साहिँली, कान्छा, ठूले, बौका, लड्डी, करिया जस्ता नाम मात्र लेख्नु हुँदैन। यस्ता नामबाट गणनापछि व्यक्ति पहिचान गर्नुपर्ने भए पहिचान गर्न असजिलो हुन्छ। नाम, थर लेख्दा पूरा लेख्नु

परिवारमा विभिन्न उमेरका स्त्री, पुरुष, बच्चा, वृद्ध, अपांग कामदार हुन सक्तछन्।

पर्छ। परिवारका मुख्य व्यक्ति वा मूलीको नाम, थर सबैभन्दा पहिले क्र.स. १ मा लेखी र अरू सदस्यको (मूलीको श्रीमान्, श्रीमती, छोरी, छोरा, बुहारी, नाती, नातीनी आदि) नाम, थर उमेर अनुसार क्रमैसँग लेख्नु पर्दछ।

परिवारमूली भन्नाले - परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने मुख्य व्यक्ति भन्ने बुझिन्छ। परिवारको मूली (सामान्यतया परिवारमा उपस्थित रहने) स्त्री वा पुरुष हुन सक्तछन्। तर उमेर नपुगेका (१० वर्ष नपुगेका) केटा वा केटी परिवारमूली हुन सक्तैनन्। कतिपय समाजमा परिवारका सबैभन्दा जेठो वा जेठीलाई वा परिवारका सदस्यले आदर गर्ने व्यक्तिलाई परिवारको मूली लेखाउने गरेको पाइन्छ। यो चलनअनुसार धेरैजसो उत्तरदाताले परिवारका बूढा-पाकालाई नै मूली लेखाउने गरेको हुन सक्तछ। यस्तो प्रचलनलाई ध्यानमा राखी माथि परिभाषा गरिएअनुसार परिआएको दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने मुख्य व्यक्ति को हो बुझी खर्च र व्यबस्था मिलाउने स्त्री वा पुरुषलाई परिवारको मूली लेख्नुपर्दछ।

परिवारमूली महिला पनि हुन सक्छ।

परिवारमा धेरै दिन देखि अनुपस्थित रहेका वा अन्यत्र (मुलुकभित्र वा विदेशमा) बसेका व्यक्तिले परिवारमा परिआएका दैनिक काम/काज, खर्च र व्यवहारको व्यवस्था मिलाउन असमर्थ हुने भएकाले अन्यत्र भएकालाई मूली लेख्नु हुँदैन। त्यस्तै - परिवारका जेठा, जेठी तर कामकाज गर्न नसक्ने, बिरामी वा रोगी भए परिवारको परिआएको व्यवहार चलाउन सक्तैनन्। त्यसैले त्यस्ता व्यक्तिलाई पनि परिवारको मूली लेख्नु उपयुक्त हुँदैन।

परिवार "क"

परिवार "ख"

परिवार "ग"

परिवार "घ"

परिवार "ङ"

महिला वा पुरुष जो पनि परिवार मूली हुन सक्छन् ।

परिवार "च"

द्रष्टव्य -१. परिवार एक व्यक्तिको अथवा एकभन्दा बढी व्यक्तिको हुन सक्तछ। परिवारमा बूढा-बुढी, वयस्क, केटा-केटी, भखरै जन्मेका बच्चा, अपांग समेत हुन सक्तछन्। कुनै परिवारमा हली, नोकर, भान्से र नाता पर्ने, नाता नपर्ने व्यक्ति पनि हुन सक्तछन्। गणना गर्दा कसैको छुटाउनु हुँदैन र कसैको दोहोरो लेख्न पनि हुदैन। परिवारमा नाता पर्ने, नाता नपर्ने, को-को सदस्य छन्, सोधी बुझी सबैको गणना गर्नुपर्छ।

२. परिवारमा धेरै जना सदस्य (ठूलो वा संयुक्त परिवार) भए गणना गर्दा मूल, हाँगाअनुसार जेठो\जेठीको क्रमबाट (जस्तै - मूली, श्रीमती\श्रीमान्, जेठोछोरा, बुहारी, जेठो छोराको छोरा-छोरी, ... एवं क्रमले) गणना गर्न उपयुक्त हुन्छ। गणनाको मूल उद्देश्य कोही नछुटून् र कसैको दोहोरो नलेखियोस् भन्ने हो, यस उद्देश्यलाइ मनन् गरी परिवारका व्यक्ति (सदस्य) को नाम, थर क्रम मिलाएर लेख्नुपर्छ।

३. परिवारको गणना गर्दा (विवरण लिँदा) सकेसम्म मूलीलाई नै सोधी लेख्नुपर्छ। मूलीबाट विवरण लिन संभव नभए मूलीपछिको मुख्य व्यक्तिबाट (मूलीको श्रीमान्, श्रीमती वा त्यसपछिको मुख्य व्यक्ति - आमा, भाउजू, दिदी, ...सँग) मात्र विवरण लिनुपर्छ। परिवारको सदस्यका बारेमा राम्रो जानेबुझेका त्यसै परिवारका सदस्यबाहेक अरू कसैबाट विवरण लिनु हुँदैन। परिवारका सदस्यको बारेमा राम्ररी नबुझेका व्यक्तिबाट लिइएको विवरण गलत हुन्छ।

उदाहरण –

१. धनवहादुर गुरुङको परिवारमा ७ जना सदस्य छन् - धनवहादुर गुरुङ, श्रीमती नन्दकुमारी (साहिँली), बाबु, फुपू, एक छोरा र दुई छोरी। धनवहादुर ९ वर्षदेखि भारतीय सेना (आर्मी) मा छन्, बाबुको उमेर ६७ वर्ष भयो र खास कामकाज गर्न पनि सक्तैनन्। घरव्यवहार र खर्चको व्यवस्था मिलाउने जिम्मा नन्दकुमारीमा नै छ। फुपू खेतीपाती र घरधन्दाको काममा सघाउँछिन्। छोरा र छोरीहरू स्कूल जान्छन्। घरव्यवहार चलाउने र जिम्मेवारीको अवस्थाले यो परिवारको मूली नन्दकुमारी (साहिँली) नै हुन्।

२. नैनकला दर्जीको छोरा बलबहादुर दर्जी विगत ५ वर्षदेखि भारतको दिल्लीमा बिजुलीका सामान बनाउने कारखानामा काम गर्दछन् र चाडपर्वमा मात्र घर आउँछन्। घरमा उनको आमा लगायत श्रीमती तारा, एक छोरा र दुईछोरी छन्। छोराको अनुपस्थितिमा बलबहादुरको आमा नैनकलाले नै घर, व्यवहार चलाएकी छन् भने परिवारको मूलीको नाम, थर लेख्दा - नैनकला दर्जी - लेख्नुपर्छ।

महल ३ : ..... को लिंग कुन हो ?

१. पुरुष २. स्त्री

गणना गरिएका प्रत्येक व्यक्ति पुरुष अथवा स्त्री के हुन् छुट्याउनुपर्दछ। जनगणना गर्ने क्रममा यदि गणना गरिएका व्यक्ति तपाईंको अगाडि नै रहेछन् भने पुरुष/स्त्री के हुन् छुट्याइ लेख्न सकिन्छ। कतिपयको नामबाट पनि पुरुष अथवा स्त्री के हुन् छुट्याउन सजिलो पर्दछ। तर केही नामहरू स्त्री, पुरुष दुवैले प्रयोग गरेको पाइन्छ। यसैगरी स-साना बालक-बालिका वा बच्चा-बच्ची पुरुष वा स्त्री के हुन् छुट्याउन उत्तरदातालाई सोध्नुपर्दछ। गणना गरिएका प्रत्येक व्यक्ति पुरुष वा स्त्री छुट्याउन पुरुष भए १ मा र स्त्री भए २ मा चिन्ह लगाउनु पर्छ। व्यक्ति पुरुष वा स्त्री नछुट्टिने भए उत्तरदाताले पुरुष, स्त्री मध्ये कुन लिंग जनाउन भन्दछन् सोही जनाउनु पर्छ।

उदाहरण -

क.सं.	परिवारका व्यक्तिको नाम, थर	....को जात/जाति कुन हो ?	.....पुरुष वा स्त्री के हो ?
१.	शान्ति अधिकारी	ब्राह्मण	१. पुरुष (२) स्त्री
२.	रामप्रसाद अधिकारी	ब्राह्मण	(१) पुरुष २ स्त्री

महल ४ : .....को उमेर कति हो ?

व्यक्तिको उमेरले – जन्म भएदेखि हालसम्म कति समय बित्यो, उक्त समयलाई जनाउँछ। समयलाई वर्ष, महिना, दिनमा जनाउने चलन छ। गणनाको फाराममा व्यक्तिको उमेर लेख्दा पूरा भएको वर्षमा लेख्नुपर्छ, लागेको वर्ष लेख्नु हुदैन। केही समय अघिजन्म भएको अथवा एक वर्ष नपुगेको बालिका वा बालक भए "००" लेख्नुपर्छ।

कतिपय बाबू, आमालाई आफ्ना छोरा छोरीको उमेरको जानकारी हुँदैन। उमेर कति भयो ? भन्ने प्रश्न सोद्धा सामान्यरूपमा "थाहा छैन" भन्ने गरेको पाइन्छ। कतिपय उत्तरदाताले उमेरको जवाफ दिँदा प्राय: अन्तमा "०" अथवा "५" भएको अंकमा जवाफ दिने गरेको पनि पाइन्छ। यस्तो जवाफ वास्तविक उमेर भन्दा ५ देखि १० वर्षले फरक पर्न सक्तछ। जवाफ नमिले गणनाको परिणाम पनि गलत हुन्छ। गणनामा अन्य विवरण तथ्य संकलन गरेजस्तै प्रत्येक व्यक्तिको तथ्य उमेर लेख्नुपर्दछ।

उमेर स्पष्ट भन्न नसके परिवारका अरू सदस्यको उमेर भन्दा कति फरक छ, कति वर्षले जेठो-जेठी अथवा कान्छो-कान्छी हो, छुट्याई उमेर यकिन गर्न सकिन्छ। विगतका कुनै मुख्य घटनाको हाराहारीमा जन्म भए ती घटना कति सालका हुन्, यस्ता घटना उमेर यकिन गर्ने आधार हुन सक्तछन्, जस्तै - जन्म हुँदा १९९० सालको भूकम्प गएको कति भएको थियो ? २००७ सालको क्रान्ति हुँदा तपाईं कति वर्षको हुनुहुन्थ्यो? २०१५ सालको आमचुनाव हुँदा तपाईं कति वर्ष पुग्नु भएको थियो? अथवा चुनावको कति वर्ष पछि जन्मनु भएको थियो आदिबाट पनि उमेर यकिन गर्न सकिन्छ।

महल ५ : .... को जात/जाति कुन हो ?

नेपालमा विभिन्न जात र जातिका मानिस छन्। सामान्यतया जात भन्नाले - हिन्दू वर्णाश्रम अन्तरगतका विभिन्न वर्गका समूहलाई जनाउँछ। यसमा जनै लगाउने, नलगाउने र दलित जातहरू पर्दछन् र यिनीहरूको बेग्लाबेग्लै थर र गोत्र हुन्छ।

जाति भन्नाले - आफ्नो छुट्टै मातृभाषा र संस्कार भएका जनजातिलाई जनाउँछ।

उदाहरणको लागि - ब्राह्मण, क्षेत्री, कामी, राजपूत, कायस्थ, मारवाडी जात हुन् र भोटे, लिम्बु, तामाङ, थामी आदि जाति हुन्।

कतिले आफ्नो जात वा जातिको सट्टा थर वा उपजाति जनाउने (लेखाउने) गर्दछन्। यस्तो जनाएमा सो थर वा उपजाति कुन जात वा जातिमा पर्दछ, खुलाएर लेख्नुपर्छ। एउटै परिवारमा विभिन्न जात वा जातिका मानिस बस्न सक्ने भएकाले परिवारमूलीको जात वा जाति के हो सोधी लेखिसकेपछि परिवारका अरू प्रत्येक सदस्यको पनि जात वा जाति सोधी लेख्नु पर्छ। परिवारका सदस्यको गणना गर्दा मूलीको जात/जाति नै अरू सदस्यको जात/जातिमा उतार्नु हुदैन।

अन्तरजातीय विवाह भएकोमा र अन्तरजातीय विवाहबाट जन्मेका छोरी वा छोराको जात/जाति आमा वा बाबुको भन्दा फरक हुन सक्तछ । त्यसैले परिवारका सदस्यको गणना गर्दा प्रत्येक महिला, पुरुष, बालक, बालिका, वृद्ध, वृद्धाको जात/जाति के हो सोधी यकिन गरी लेख्नुपर्छ ।

उत्तरदातालाई जात/जाति र थरमा द्विविधा भए जात/जाति र थर छुट्याउन केही उदाहरणहरू अनुसूची- १ मा दिइएको छ ।

महल ६ :..... मूलीको के नाता पर्नुहुन्छ ?

१. मूली २. लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा ६. अन्य (खुलाउने) .....

मूलीको नाता भन्नाले – गणना गरिएका व्यक्ति परिवारका मूलीको के सम्बन्ध अथवा नाता पर्नेहुन्छ भन्ने बुझाउँछ । नाता, सम्वन्धअनुसार परिवारको बनोट विचार गर्दा धेरैजसो परिवारमा लोग्ने/स्वास्नी, छोरा/छोरी, बुहारी, बाबु/आमा आदि हुन्छन् । कतिपय परिवारमा प्रश्नावलीमा उल्लेख भएका नाता बाहेक अरू नाता पर्नेहरू, जस्तै – दाजु-भाइ, दिदी-बहिनी, भाउजू, सासू-ससुरा, हजुर-बुबा, हजुर-आमा, छोरी-ज्वाइँ, नाति-नातिनी, भाञ्जा-भाञ्जी आदि पनि हुन्छन् । यस्तै कतिपय परिवारमा नाता नपर्ने सदस्य पनि हुन्छन् । परिवारका सदस्यहरूमा नाता वा सम्वन्धको जानकारीबाट गणना गर्न सहयोग हुने र परिवार बनोटको बारेमा तथ्यांकीय जानकारी समेत उपलब्ध गर्न सकिन्छ ।

गणना गर्न लागिएका व्यक्ति परिवारका मूलीको के नाता पर्ने हो उल्लेख गर्नुपर्छ । नाता उल्लेख गर्दा परिवारका मुख्य व्यक्ति भए मूलीको १ मा, मूलीको लोग्ने अथवा स्वास्नी भए २ मा चिन्ह लगाउनुपर्छ । एवं क्रमले गणना गरिएका व्यक्ति मूलीको के नाता पर्ने हो सोधी उपयुक्त नाता जनाउन चिन्ह लगाउनुपर्छ । फाराममा उल्लेख भएका नाताबाहेक अरू नाता पर्ने भए अन्यको ६ मा चिन्ह लगाई नाता के हो लेख्नुपर्छ, जस्तै – भाइ-बहिनी, साला-साली, नाति-नातीनी, सासू-ससुरा हजुर बुबा-हजुर आमा, छोरी-ज्वाइँ, भाञ्जा-भाञ्जी, मामा-माइजू आदि । मूलीको कुनै नाता नपर्ने भए "नाता नपर्ने" लेख्नु पर्छ । नाता नपर्ने तर तलब, ज्याला दिइ राखेका नोकर, भान्से आदि भए "घरको कामदार" लेख्नुपर्छ ।

उदाहरण : तीर्थराम केवट परिवारमा परिआएको दैनिक कामकाज, खर्च र व्यबहार चलाउन व्यवस्था मिलाउने मुख्य व्यक्ति हुन् । उनको परिवारमा श्रीमती पीरतीया केवट, छोरा लखनलाल केवट र छोरी लीला केवट छन् । यो परिवारमा काम गर्न वसेकी सीता चौधरी पनि त्यसै परिवारमा खानेबस्ने गर्दछिन् । तीर्थरामको भाञ्जी दुलारी पनि तीर्थरामको परिवारमा नै खाने बस्ने गर्दछिन् भने फाराममा निम्नानुसार जनाउनुपर्दछ ।

क्र. सं.	परिवारका व्यक्तिको नाम,थर	....मूलीको के नाना पर्नु हुन्छ ?
०१	तीर्थराम केवट	(१) मूली २. लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बावु/आमा ६. अन्य .....
०२	पिरतीया केवट	१. मूली (२) लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. वावु/आमा ६. अन्य.....
३	लखनलाल केवट	१. मूली २. लोग्ने स्वास्नी (३) छोरा छोरी ४. बुहारी ५. बाबु/आमा ६. अन्य.....
०४	लीला केवट	१. मूली २. लोग्ने/स्वास्नी (३) छोरा/छोरी ४. बुहारी ५. बावु/आमा ६. अन्य .....
०५	दुलारी	१. मूली २. लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बावु/आमा (६) अन्य भाञ्जी
०६	सीता चौधरी	१. मूली २. लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा (६) अन्य घरको कामदार

महल ७ :..... कुन धर्म मान्नु हुन्छ ?

१. हिन्दू २. बौद्ध ३. इस्लाम ४. किराँत ५. जैन ६. इसाई ७. अन्य .....

धर्म भनेको मानिसले मानिआएको संस्कार र विश्वास हो। व्यक्तिले मानिआएको धर्म छुट्याउन मृत्युकर्म गर्दा लगाइने पुरोहित तथा मान्ने चाड, पर्वको सहयोग लिनुपर्दछ। कर्म गर्दा लगाइने पुरोहित - ब्राह्मण भए धर्म हिन्दू हुन्छ, लामा भए धर्म बौद्ध हुन्छ, मुल्लाह भए धर्म इस्लाम हुन्छ, नोक्चा वा फेदाङ्मा भए धर्म किराँत हुन्छ फादरी भए धर्म इसाई हुन्छ। आफ्नै परंपरागत जातीय पुरोहित मान्ने भए आदिम धर्म हुन सक्छ।

यसैगरी देबतामा शिव, विष्णु मान्ने भए धर्म हिन्दू हुन्छ। बुद्ध मान्ने भए वौद्ध हुन्छ। मोहम्मद मान्ने भए इस्लाम हुन्छ। इसा (यिसुखिष्ट) मान्ने भए इसाई हुन्छ। देवी, देवता मान्ने यस्तो चलन भए तापनि कतिपय देवी, देवता,

जस्तै - महादेव, भीमसेन, बुद्ध आदि देवतालाई प्रायः एकभन्दा बढी धार्मिक समुदायले मान्ने गरेको हुनाले कुन देवी, देवताको पूजा गर्दछन् त्यसको आधारमा धर्म छुट्याउन उपयुक्त हुँदैन ।

गणना गरिएका व्यक्तिले कुन धर्म मानिआएका छन् सोधी मानिआएको धर्म जनाउन हिन्दू भए १ मा, बौद्ध भए २ मा, इस्लाम भए ३ मा, किराँत भए ४ मा' र एवं रीतले व्यक्तिले मानी आएको धर्म जनाउन चिन्ह लगाउनु पर्छ । उल्लेख भएका धर्मवाहेक अरू कुनै धर्म मानिआएका भए ७ मा चिन्ह लगाई कुन धर्म मानिआएको हो खुलाउनु पर्दछ ।

महल ८ : ..... कुन भाषा बोल्नु हुन्छ ?

१. मातृभाषा..... २. दोस्रो भाषा .....

१. **मातृभाषा** - आफ्नो बाल्यकालमा बोली फुट्दादेखि नै आमा-बाबुले बोल्न सिकाई आफ्नो परिवारमा बोल्दै आएको पहिलो भाषा मातृभाषा हो । अर्को शब्दमा कुनै व्यक्तिले बोली फुटेदेखि नै आमा-बाबुले बोल्न सिकाई आफ्नो परिवारमा बोल्दै आएको पहिलो भाषालाई मातृभाषा भन्नुपर्दछ । नवजात शिशुहरूको मातृभाषा लेख्दा परिवारमा बोल्ने गरेको पहिलो भाषालाई नै मातृभाषा लेख्नुपर्दछ । नेपालका विभिन्न स्थानमा विभिन्न किसिमका भाषा, भाषिका बोलिन्छन् । कसैले बोली फुटेदेखि नै आफ्नो परिवारमा बोल्ने गरेको पहिलो भाषालाई मातृभाषामा लेख्नुपर्दछ । जन्म देखि नै लाटो वा बोल्न नसक्ने भए मातृभाषा जनाउँदा "सांकेतिक भाषा" लेख्नुपर्छ । एउटा परिवारमा बिभिन्न मातृभाषा बोल्ने सदस्य हुन सक्दछन् । त्यसैले परिवारमूलीको मातृभाषा र अरू सदस्य(हरू)को मातृभाषा फरक हुन सक्तछ ।

जात/जातिअनुसार पनि मातृभाषा फरक हुन सक्तछ । यसै गरी व्यक्ति एउटै जात/जातिको भए पनि भिन्न सामाजिक, भौगोलिक परिस्थितिमा बसोबास गरेको कारण मातृभाषा फरक हुन सक्तछ । जस्तै - जात मगर भए पनि कसैले मगर भाषा बोल्न नजानेको हुन सक्तछ । दुई भिन्न भाषा-भाषी वा जातिका बीच भएको वैवाहिक सम्बन्धबाट जन्मेका बच्चा-बच्चीको मातृभाषा आमा वा बाबुको मातृभाषा भन्दा फरक हुन सक्छ ।

गणना गर्दा माथि उल्लेख भएअनुसार, मातृभाषा भनेको के हो, उत्तरदातालाई बुझाई परिवारका प्रत्येक सदस्यको मातृभाषा के हो ? एक एक गरी सोधी लेख्नुपर्छ । मातृभाषका केही उदाहरणहरू यस प्रकार छन् - नेपाली, मैथिली, भोजपुरी, मगर, थकाली, तामाङ, लिम्बू, अवधी आदि ।

२. **दोस्रो भाषा** - गणना गरिएका व्यक्तिमध्ये कसैले एक भाषा मात्र र कसैले एकभन्दा बढी भाषाहरू बोल्न जानेको हुन सक्तछ । माथि उल्लेख भएअनुसार बोली फुटेदेखि नै आमा-बाबुले बोल्न सिकाइ आफ्नो परिवारमा बोल्दै आएको पहिलो भाषालाई मातृभाषा भनिएको छ । कुनै व्यक्तिले आफ्नो मातृभाषाबाहेक अरू कुनै भाषा बोल्न जानेको भए आफ्नो छिमेकी वा अरूसँग बोलचाल गर्दा धेरैजसो कुन भाषा बोल्ने गरेको छ, छिमेकी वा अरूसँग धेरैजसो बोलिने उक्त भाषालाई दोस्रो भाषा मा जनाउनुपर्छ ।

अर्को शब्दमा मातृभाषा पहिलो भाषा हो र मातृभाषाबाहेक पछि सिकेको अरू कुनै भाषामध्ये छिमेकी वा अरूसँग धेरैजसो बोलिने भाषा दोस्रो भाषा हो । छिमेकी वा अरूसँग धेरैजसो बोलिने भाषाको नाम दोस्रो भाषामा लेख्नु पर्दछ । विभिन्न भाषा बोलिने भए तीमध्ये सबैभन्दा बढी बोल्ने गरेको भाषालाई "**दोस्रो भाषा**"मा लेख्नुपर्दछ ।

मातृभाषाबाहेक अर्को कुनै भाषा राम्रो बोल्न जानेको छैन भने दोस्रो भाषा जानेको छैन भन्ने जनाउन तेर्सो धर्को (–) दिनु पर्दछ, खाली छोड्नु हुँदैन ।

उदाहरण - १

क्र. सं.	परिवारका व्यक्तिको नाम,थर	....मूलीको के नाता पर्नु हुन्छ ?	...ले भाषा कुन बोल्नु हुन्छ ?
०१	रत्नबहादुर कामी	(१.) मूली २.. लोग्नेस्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा ६. अन्य	१. मातृभाषा नेपाली २. दोस्रो भाषा मैथिली
०२	देवीमाया कामी	१. मूली (२.) लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा ६. अन्य.....	१. मातृभाषा नेपाली २. दोस्रो भाषा भोजपुरी
०३	सुलोचना कामी	१. मूली २. लोग्नेस्वास्नी (३.) छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा ६. अन्य	१. मातृभाषा नेपाली २. दोस्रो भाषा मैथिली
०४	रमला कामी	१. मूली २. लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा (६.) अन्य भतिजी	१. मातृभाषा नेपाली २. दोस्रो भाषा ----

उदाहरण - २

क्र. सं.	परिवारका व्यक्तिको नाम,थर	...मूलीको के नाता पर्नु हुन्छ ?	... भाषा कुन बोल्नु हुन्छ ?
०१	चोलकुमारी मगर (ठूली)	(१.) मूली २. लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा ६. अन्य	१. मातृभाषा मगर २. दोस्रो भाषा राई/किराँती
०२	बोध बहादुर मगर	१. मूली (२.) लोग्ने/स्वास्नी ३. छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा ६. अन्य.....	१. मातृभाषा मगर २. दोस्रो भाषा भोजपुरी
०३	कौशल्या कुमारी मगर	१. मूली २. लोग्नेस्वास्नी (३.) छोरा/छोरी ४. बुहारी ५. बाबु/आमा ६. अन्य	१. मातृभाषा मगर २. दोस्रो भाषा मैथली

महल ९ : .....को नागरिकता कुन हो ?

१. नेपाली २. भारतीय ३. चिनियाँ ४. अन्य .....

नागरिक भन्नाले त्यस्तो व्यक्तिलाई जनाउँछ जसले त्यस देशको नागरिक हक, अधिकार उपभोग गर्न पाउँछ अर्थात देशको नागरिक हक अधिकार उपभोग गर्न पाउने व्यक्तिलाई त्यस देशको नागरिक भन्नुपर्दछ। देशको संविधान, कानुनबमोजिम प्रत्येक देशका नागरिकले त्यस देशको नागरिक हक, अधिकारको उपभोग गरिरहेका हुन्छन् वा गर्न सक्दछन् र ती व्यक्ति त्यस देशका नागरिक हुन्छन्।

प्रत्येक व्यक्ति कुनै एक देशको नागरिक हुन्छन् तर सबैले नागरिकताको प्रमाणपत्र लिएका हुँदैनन्। नेपालमा नाबालकले नागरिकताको प्रमाणपत्र लिएका हुँदैनन् तापनि नागरिक हक, अधिकार उपभोग गरेका हुन्छन्। उमेर पुगेका कतिपय बालिग नागरिकले पनि नागरिकताको प्रमाण-पत्र लिएका हुँदैनन् तापनि नागरिक हक, अधिकार उपभोग गरेका हुन्छन्।

नेपालमा बसोबास गरेका व्यक्तिहरूलाई नागरिकताको आधारमा दुई समूहमा विभाजन गर्न सकिन्छ – क. नेपाली नागरिक ख. विदेशी (अरू देशको) नागरिक।

कुनै व्यक्ति कुनै एक समयमा एक देशको मात्र नागरिक हुने कानुनी प्रावधान छ। विदेशका नागरिकहरू पनि विभिन्न उद्देश्य र कामले नेपालमा बसोबास गरेका छन्। गणनाको परिभाषाले समेटेका विदेशी नागरिकको पनि गणना गर्नुपर्छ। गणना गर्दा प्रत्येक व्यक्ति कुन देशका नागरिक हुन् छुट्याउन नागरिकता खुलाउनुपर्दछ। नागरिकता खुलाउन कुन देशका नागरिक हुन् सोध्नुपर्छ। प्रत्येक व्यक्तिको नागरिकता जनाउँदा यकिन गरी चिन्ह लगाउनुपर्छ। नेपालको नागरिक भनेकोमा द्विविधा भए नागरिकताको प्रमाण-पत्र कुन सालमा लिएको हो ? पुनः सोधी नागरिकता यकिन गर्न सकिन्छ। नागरिकता खुलाउन चिन्ह लगाउँदा नेपालको नागरिक भए १ मा, भारतको नागरिक भए २ मा, चिनियाँ भए ३ मा चिन्ह लगाउनुपर्छ। यीबाहेक अरू कुनै देशको नागरिक भए ४ मा चिन्ह लगाई कुन देशको नागरिक हो, नागरिकता जनाउनुपर्छ, जस्तै – बंगलादेशी, भुटानी, अफगानी, पाकिस्तानी, फ्रान्सेली, जर्मन, अमेरिकन आदि।

महल १० :..... अपाङ्ग भए कस्तो हो ?

१. शारीरिक अपाङ्ग
२. दृष्टिबिहीन
३. बहिरा
४. सुस्तमनःस्थिति
५. बहुअपाङ्ग
६. अपाङ्ग नभएको

व्यक्ति कुनै किसिमको अपाङ्ग भए कस्तो किसिमको अपाङ्ग हो, खुलाउनु पर्छ, कुनै व्यक्तिमा कुनै एक किसिमको अपाङ्गता हुन सक्तछ, विभिन्न किसिमको अपाङ्गता हुन सक्तछ वा कुनै किसिमको अपाङ्गता नभएको, स्वस्थ हुन सक्तछ। विभिन्न किसिमको अपाङ्गतालाई माथि पाँच किसिममा विभाजन गरिएको छ। यी अपाङ्गतालाई बुझ्न निम्नानुसार बयान गरिएको छ –

१. **शारीरिक अपाङ्ग** – शरीरको अङ्ग जस्तै हात, खुट्टा लुलो भएको, छोटो वा अर्रो भएको वा पूरा शरीर बाङ्गिएको वा यी कुनै अंगमा सामान्यरूपले काम गर्न नहुने गरी कुनै किसिमको विकृति भएको भए शारीरिक अपाङ्ग भएको बुझ्नु पर्छ। शारीरिक रूपमा अपाङ्ग भए १ मा चिन्ह लगाउनु पर्छ।

२. **दृष्टिविहीन** – सामान्यतया आफ्नो वरिपरीका बस्तु स्पष्ट नदेख्ने समस्या भएका, बस्तु घमिलो देख्ने वा पूरै नदेख्ने वा देख्न नसक्ने समस्या भएकालाई दृष्टिविहीन भएको बुझ्नु पर्छ।

३. **बहिरा** – आफ्नो नजिकमा भएका दुई व्यक्तिले गरेको सामान्य कुराकानी नसुन्ने वा कान पूरा नसुन्नेलाई कान नसुन्ने वा बहिरा अपाङ्ग बुझ्नु पर्छ। कुनै व्यक्ति कान नसुन्ने वा बहिरा भए ३ मा चिन्ह लगाउनु पर्छ।

बोल्न नसक्ने वा बोलेको कुरा स्पष्ट नबुझीने गरी भकभकाउनेलाई लाटो भनिन्छ। लाटो व्यक्ति प्रायः कान नसुन्ने हुन्छ। तर सबै कान नसुन्ने लाटो हुँदैनन्। स्पष्ट बोल्न नसक्ने वा बोलेको कुरा स्पष्ट नबुझिने र कान नसुन्ने भए पनि ३ मा चिन्ह लगाउनु पर्छ।

४. **सुस्तमनःस्थिति** – उमेर अनुसार सामान्यतया गर्नु पर्ने दैनिक जीवनयापनका कृयाकलापमहरु जस्तै खानाखाने, लुगालगाउने, दिशापिसाब र आफ्नो स्याहारमा अरूको् मद्दत चाहिने वा स्मरणशक्ति कम हुने (छिटो बिर्सने) वा उमेर अनुसारको कुनै कुरा सिक्न ढिलो हुनुलाई सुस्तमनःस्थिति भएको बुझ्नु पर्छ। कुनै व्यक्ति सुस्तमनःस्थितिको भए ४ मा चिन्ह लगाउनु पर्छ। यदि कुनै व्यक्ति पागल भई मनस्थिति ठिक नभए त्यस्ता व्यक्तिको अपाङ्गता जनाउन पनि संकेत ४ मा नै चिह्न लगाउनु पर्छ।

५. **बहुअपाङ्ग** – माथि उल्लेख भएका १ देखि ४ सम्मका अपाङ्गता मध्ये कुनै दुई वा दुईभन्दा बढी अपाङ्गता भएका व्यक्ति भए ५ मा चिन्ह लगाउनुपर्छ।

६. **अपाङ्ग नभएको** – यदि व्यक्ति कुनै किसिमको अपाङ्ग नभए अपाङ्ग नभएको जनाउन संकेत ६ मा चिन्ह लगाउनु पर्दछ।

लगत २ को निर्देशिका

लगत - २

विवरण संकलन गर्ने निर्देशिका

राष्ट्रिय जनगणना २०५८ मा परिवार र व्यक्तिको विवरण संकलन गर्न दुई प्रकारका लगतहरू प्रयोग गरिएको कुरा पहिले नै उल्लेख भएको छ। लगत १ मा पारिवारिक विवरण र व्यक्तिगत विवरण संकलन गर्ने विधि, नियम, परिभाषाको व्याख्या पनि प्रस्तुत भइसंकेको छ।

यो लगतमा (लगत २ मा) सकलन गरिने पारिवारिक र व्यक्तिगत विवरण केही जिल्ला र नगरपालिकामा सबै परिवारबाट संकलन गरिनेछ। तर अधिकांश जिल्लाहरू र नगरपालिकहरूमा सुपरिवेक्षकले घर-परिवार सूचीकरण लगतमा संकलन गरेको घर-परिवार सूचीबाट छानिएका (Sampled) परिवारबाट मात्र संकलन गर्नुपर्छ। लगत २ मा छानिएका परिवार (Sampled Household) बाट मात्र विवरण संकलन गर्नुपर्ने जिल्ला र नगरपालिका केन्द्रबाट तोकिनेछ। यो लगतमा विवरण संकलन गर्दा परिवारहरूको सामाजिक स्थिति (जन्मस्थल, बसोबास, लेखपढ, विहावारी, जायजन्म आदि) र रोजगारी सम्बन्धी विस्तृत विवरण संकलन गर्नुपर्दछ।

द्रष्टव्य : कुन जिल्लामा र नगरपालिकामा यो लगतमा सबै परिवारको विवरण संकलन गर्ने, कुन जिल्ला र नगरपालिकामा छानिएका परिवारको मात्र गणना गर्ने, छानिएका परिवारको पहिचान कसरी गर्ने भन्ने कुरा सम्बन्धित सुपरिवेक्षकले गणना हुनु अघि निर्देशन दिनेछन्, सोहीअनुसार गणना गर्नुपर्छ।

यो लगतको शीर्षभागमा परिवारको परिचयात्मक विवरण, दोस्रो खण्डमा पारिवारिक विवरण र तेस्रो खण्डमा व्यक्तिगत विवरण संकलनका लागि प्रश्नहरू समावेस गरिएका छन्।

परिचयात्मक विवरण

छानिएका परिवारको परिचयात्मक विवरणमा – जिल्ला, गा. वि. स. /न. पा., वडा नं., गाउँ/बस्ती/टोल, लगत १ को घर क. स., परिवार क. सं., र परिवारका मूलीको नाम, थर लगत १ को फारामबाट नै उतार गर्नुपर्दछ। यी विवरण संकलन गर्ने नियम र परिभाषा पनि लगत १ मा विस्तार गरिएको छ।

जिल्ला - गणना गर्न लागिएको (छानिएको) परिवारको बसोवास कुन जिल्लामा पर्दछ, सोही जिल्लाको नाम जिल्ला ..... उल्लेख भएको ठाउँमा स्पष्ट र पूरा लेख्नुपर्दछ। जस्तै - काभ्रेपलान्चोक, काभ्रे मात्र लेख्नु हुँदैन।

गा.वि.स./न.पा. - गणना गर्न लागिएको परिवारको बसोवास कुन गाउँ विकास समिति अथवा नगरपालिकामा पर्दछ सोही गा.वि.स. वा नगरपालिकाको नाम गा.वि.स./न.पा. ..... लेखिएको ठाउँमा लेख्नुपर्दछ।

वडा नं. - गणना जुन वडामा गरिंदै छ, सोही वडाको वडा नं. दिएको स्थान .... मा लेख्नुपर्दछ। प्रत्येक गा.वि.स. मा १ देखि ९ सम्म र नगरपालिकामा १ देखि ३५ सम्म वडा हुन सक्छन्।

गाउँ/बस्ती/टोल - गणना गर्न लागिएको परिवार बसेको ठाउँ कुन गाउँ, बस्ती वा टोलको नामले चिनिन्छ सोही गाउँ/बस्तीको नाम गाउँ/वस्ती/टोल ..... उल्लेख भएको ठाउँमा लेख्नुपर्दछ।

लगत १ को घर क्रमसंख्या - गणना गर्न छानिएको घर लगत १ मा जुन क्रमसंख्यामा छ सोही क्रमसंख्या यहाँ (फाराममा) उल्लेख गर्नुपर्दछ।

लगत १ को परिवार क्र.सं. - गणना गर्न छानिएको परिवार लगत १ मा जुन क्रमसंख्यामा छ सोही परिवार क्रमसंख्या यहाँ (फाराममा) उल्लेख गर्नुपर्दछ।

परिवारमूलीको नाम थर – परिवाका मूली को हुन सक्तछन् र परिवारका मूली भन्नाले के बुझ्नु पर्छ, लगत १ को निर्देशिकामा उल्लेख गरिएको छ। छानिएका परिवारका मूलीको नाम, थर लगत १ बाट यसमा उतार गर्नुपर्छ।

परिवारका जम्मा व्यक्ति संख्या ..... ***पुरुष*** ..... ***स्त्री*** ..... परिवारमा जम्मा सदस्य कति छन्, पुरुष, स्त्री गरी छुट्टा छुट्टै लेख्नुपर्छ।

पारिवारिक विवरण

प्रश्न १ : यस परिवारको पिउने पानीको मुख्य स्रोत के हो ?

१. धारा (पाइप) २. इनार/कुवा ३. ट्यूबवेल ४. मूल धारा ५. नदी/खोला ६. अन्य .....

परिवारको पिउने पानीको मुख्य स्रोत भन्नाले - परिवारले खाना पकाउन र पिउनको लागि पानी कहाँबाट ल्याउने गरेको छ? पिउने पानी ल्याउने ठाँउलाई पिउने पानीको मुख्य स्रोत बुझ्नुपर्दछ। पिउने पानीको स्रोत विभिन्न स्थानका लागि विभिन्न हुन सक्तछन् र मौसमअनुसार स्रोत फरक पर्न सक्तछ। स्रोत जनाउँदा पिउने पानी धेरैजसो कुन स्रोतबाट ल्याउने गरेको छ, त्यो स्रोत जनाउनुपर्छ।

पिउने पानीका केही मुख्य स्रोतहरू - धारा, इनार, कुवा, ट्यूबवेल आदि हुन्। मानिसले पिउने पानी र पाल्तु चौपाया/पंक्षीका लागि प्रयोग हुने पानीको स्रोत उही हुन सक्तछ वा फरक पर्न सक्तछ। पालेको चौपाया वा चराचुरूङ्गीको लागि प्रयोग गरेको पानीको स्रोत उल्लेख गर्नु पर्दैन।

पिउने पानीका केही मुख्यस्रोतहरू के के हुन सक्तछन् र यी स्रोतलाई बुझ्न निम्नानुसार व्याख्या गरिएको छ।

१. **धारा (पाइप)** – व्यक्तिगत वा सार्वजनिक वा दुवै क्षेत्रबाट व्यवस्था भएको धातुको वा पोलिथिनको पाइपबाट आउने पानी खान-पिउन प्रयोग गर्ने गरेको भए धारा (पाइप) को स्रोत जनाउन १ मा चिन्ह लगाउनु पर्दछ।

२. **इनार, कुवा** – ढाकिएको वा नढाकिएको इनार वा कुवाको पानी पिउनका लागि प्रयोग गरेको भए २ मा चिन्ह लगाउनुपर्छ।

३. **ट्यूबवेल** – ट्यूबवेल, रोअरपम्प, जेटपम्प जस्ता उपायबाट जमिनमुनिको पानी तानेर खाने-पिउने गरेको भए ३ मा चिन्ह लगाउनुपर्दछ।

४. **मूल धारा** – खाने/पिउने पानी मूल धारो (पँधेरो) वा ढुङ्गेधाराबाट ल्याउने गरेको भए ४ मा चिन्ह लगाउनुपर्छ।

५. **नदी/खोला** – खाने/पिउने पानी नदी, कुलो, नहर, खोला आदिबाट ल्याउने गरेको भए ५ मा चिन्ह लगाउनुपर्दछ।

६. **अन्य** – माथि उल्लेख गरेका स्रोतहरूबाहेक खाने/पिउने पानी अरू कुनै ठाँउबाट ल्याउने गरेको भए ६ मा चिन्ह लगाई स्रोत कुन हो, लेख्नुपर्दछ।

प्रश्न २ : यस परिवारमा खाना पकाउन अक्सर कुन इन्धन प्रयोग गर्नुहुन्छ ?

१. दाउरा/काठ २. मटीतेल ३.एल.पी. ग्याँस ४. गोबर ग्याँस ५.गुइँठा/गोरहा ६. अन्य .....

उज्यालो, तातो (ताप) वा उष्णता प्राप्तिका लागि प्रयोग हुने वस्तुलाई इन्धन भनिएको हो। यस सन्दर्भमा दाउरा, मटीतेल, डिजेल, पेट्रोल, कोइला आदि इन्धनका उदाहरण हुन्। परिवारले खाना पकाउँदा धेरैजसो कुन इन्धन प्रयोग गर्दछन् सोधी धेरैजसो प्रयोग ग़रेको इन्धन जनाउनुपर्दछ।

इन्धनको प्राप्ति, प्रयोग गर्ने क्षमता र स्थानअनुसार खाना पकाउन विभिन्न प्रकारका इन्धन प्रयोग गरेको पाइन्छ। खाना पकाउन धेरैजसो प्रयोग गरिने इन्धनहरू मथि उल्लेख गरिएको छ। गणना गरिएका परिवारले खाना पकाउनका लागि अक्सर (धेरैजसो) प्रयोग गर्ने इन्धन कुन हो सोधी खुलाउनु पर्दछ।

विभिन्न किसिमका इन्धन के के हुन् छुट्याउन निम्नानुसार उल्लेख गरिएको छ।

१. **काठ/दाउरा** - परिवारको खाना पकाउन सामान्यतया जुनसुकै प्रकारको काठ/दाउरा प्रयोग गर्ने भए काठ/दाउरा जनाउन १ मा चिन्ह लगाउनुपर्दछ।

२. **मटीतेल** - विभिन्न प्रकारका स्टोभमा मटीतेल प्रयोग गरी खाना पकाउने गरेको भए २ मा चिन्ह लगाउनु पर्छ।

३. **एल. पी. ग्याँस** - सिलिण्डरमा बन्द गरेको एल.पी. ग्याँस खाना पकाउन प्रयोग गरेको भए ३ मा चिन्ह लगाउनुपर्छ।

४. **गोबर ग्याँस** - पशुहरूको गोबरबाट ग्याँस उत्पादन गरी परिवारको खाना पकाउने काममा प्रयोग गरेको भए ४ मा चिन्ह लगाउनुपर्छ।

५. **गुइँठा/गोरहा** - गाई, गोरु, भैंसीको गोबर संकलन गरी, सुकाई वनाएको गुइँठा अथवा गोबरमा सण्ठी, काठ/दाउरा, सोतर आदि मिसाएर बनाएको गोरहा वा दुवै इन्धन खाना पकाउने काममा अक्सर प्रयोग गरेको भए ५ मा चिन्ह लगाउनुपर्छ।

६. **अन्य** - माथि उल्लेख भएका इन्धनबाहेक भुस, खर, पराल, छ्वाली, मकैको ढोड, पातपतिंगर, स्याउला आदि। परिवारको खाना पकाउने काममा अक्सर प्रयोग गरेको भए ६ मा चिन्ह लगाई कुन इन्धन हो लेख्नुपर्दछ।

प्रश्न ३ : यस परिवारमा बत्ती बाल्न अक्सर के प्रयोग गर्नुहुन्छ ?

१. बिजुली २. मटीतेल ३. गोबर ग्याँस ४. अन्य .....

घरमा बत्ती बाल्न वा घर उज्यालो पार्न धेरैजसो के प्रयोग हुने गरेको छ सोधी बिजुली भए १ मा चिन्ह लगाउनुपर्छ। मटीतेल प्रयोग गरी बालिने लालटेन, लम्फा, टुकी-बत्ती भए २ मा चिन्ह लगाउनुपर्छ। गोबर ग्याँसबाट उत्पादन भएको बिजुली भए ३ मा चिन्ह लगाउनुपर्छ। यीबाहेक अरू कुनै व्यवस्था जस्तै - दाउरा/दियालो, एल.पी. ग्याँसको पेट्रोम्याक्स, मैन आदि भए ४ मा चिन्ह लगाइ के प्रयोग गरेको हो, लेख्नुपर्छ।

प्रश्न ४ : यस परिवारको चर्पीको व्यवस्था कस्तो छ ?

१. आधुनिक/फ्लस भएको २. साधारण चर्पी ३. चर्पी नभएको

परिवारका सदस्यहरूले दिसापिसाब गर्ने ठाउँलाई यहाँ चर्पी भनिएको हो । स्थानअनुसार चर्पीलाई विभिन्न नाम दिएको पाइन्छ, जस्तै - चर्पी, पाइखाना, शौचालय, वा ल्याट्रिन, ट्वायलेट आदि । परिवारले प्रयोग गर्ने चर्पी परिवार वसेको घरभित्र वा घरको कम्पाउण्ड क्षेत्रमा वा घर नजिक आफ्नो जग्गाको कुनै ठाउँमा भएको हुनुपर्दछ। सार्वजनिक चर्पीलाई यहाँ समावेश गर्नु हुँदैन ।

चर्पी विभिन्न किसिमका भएपनि यहाँ दुइ समूहमा बिभाजन गरिएको छ ।

१. आधुनिक वा फ्लस भएको चर्पी २. साधारण चर्पी

१. **आधुनिक/फ्लस भएको** - मेसिनको प्रयोग गरेर वा लोटा, वाल्टिनवाट पानी खन्याएर दिसा पिसाव सफा गर्न सकिने र फोहोर-मैलाको निकास ढलमा वा सेप्टिक ट्यांकमा जोडिएको चर्पीलाई फ्लस भएको भन्नु पर्दछ ।

२. **साधारण चर्पी** - मेसिनको प्रयोग गरेर वा लोटा बाल्टिनवाट पानी खन्याएर दिसा पिसाव सफा गर्न सकिने व्यवस्था नभएको चर्पी साधारण हुन्छ । यस्तो चर्पीमा दिसा पिसाव गरि सकेपछि पानी खन्याएर बगाउने व्यवस्थित सुविधा हुँदैन ।

परिवारले प्रयोग गरेको चर्पीको किसिम सोधी आधुनिक/फ्लस भएको भए १ मा वा साधारण चर्पी भए २ मा चिन्ह लगाउनुपर्छ ।

३. **चर्पी नभएको** - कुनै परिवारको आफ्नो चर्पी नभएर दिसा पिसाव गर्न जंगल, पाखा वा मैदान जाने गरेका हुन सक्छ । तोकिएको ठाउँमा दिसा, पिसाब गर्ने चर्पी नभएको जनाउन ३ मा चिन्ह लगाउनुपर्दछ ।

प्रश्न नं. ५ : यस परिवारमा निम्न सुविधाहरू के के छन् ?

१. रेडियो २. टेलिभिजन ३. साइकल ४. मोटर ५. मोटरसाइकल ६. अन्य सवारी साधन

७. रिफ्रिजरेटर ८. टेलिफोन ९. माथिका कुनै पनि नभएको

परिवारले प्रयोग गर्ने आधुनिक सुविधाका केही सामग्रीमा टिकाउ सामग्रीहरू उल्लेख गरिएको छ । टिकाउ सामग्री भन्नाले - सामान्यतया एक वर्ष भन्दा वढी खप्ने सामग्रीलाई जनाउँछ । यी सामग्रीहरूमा केही संचारका, केही मनोरञ्जनका छन् भने केही यातायातको सुविधाका लागि छन् । यातायातको सुविधामा आधुनीक र परम्परागत सुविधाहरू समेत समेटने प्रयास गरिएको छ । परम्परागत सुविधामा - घोडा, गाडा (गोरु, राँगाले तान्ने) पर्दछन् । परिवारको प्रयोगका लागि यहाँ उल्लेख भएका के के सुविधा हाल उपलब्ध छन् सोधी विवरण संकलन गर्नुपर्दछ ।

सुविधाका सामग्रीमा - रेडियो, टेलिभिजन, साइकल, मोटर, मोटरसाइकल, रिफ्रिजरेटर तथा टेलिफोन आदि के-के सुविधा हाल प्रयोगमा छन् अथवा छैनन् जनाउन चिन्ह लगाउनुपर्छ । चिन्ह लगाउँदा साइकल प्रयोगमा भए ३ मा चिन्ह लगाउनु पर्छ र रेडियो भए १ मा । दुवै सुविधा भए दुवैमा चिन्ह लगाउनुपर्छ ।

सुविधाका यी सामानहरू गणनाको दिन काम दिने अथवा चालु अवस्थामा भएको हुनु पर्दछ । सामान्य मर्मत गरेपछि काम दिने भए त्यस्ता सामानलाई पनि चालु अवस्थामा नै भएको मान्नुपर्दछ ।

सुविधाका सामग्रीको सामान्य व्याख्या निम्नानुसार गएिको छ ।

१. **रेडियो** - बिजुली वा व्याट्रीवाट चल्ने सवै प्रकारको रेडियो, ट्रान्जिस्टर यसमा पर्दछन् । रेडियो प्रयोगमा भएमा १ मा चिन्ह लगाउनुपर्दछ ।

२. **टेलिभिजन** – बिजुली वा ब्याट्रीबाट चलाउन सकिने श्यामस्वेत (Black and White) वा रंगीन जुनसुकै टेलिभिजन परिवारले प्रयोग गरेको भए २ मा चिन्ह लगाउनुपर्दछ ।

३. **साइकल** – गिअर भएको वा नभएको जस्तो सुकै साइकल परिवारको चलनमा भए ३ मा चिन्ह लगाउनुपर्दछ ।

४. **मोटर** – परिवारका सदस्यको यातायातको प्रयोजनका लागि राखिएका जुनसुकै अटोमोवाइल - मोटरकार, बस, ट्रक, मिनीबस, ट्याम्पो, ट्याक्टर आदि भए ४ मा चिन्ह लगाउनुपर्दछ । सुविधा भन्नाले गणनाको दिन प्रयोग हुने अवस्थामा रहेका सामाग्री मात्र लिनुपर्दछ । पहिले चलनमा रहेका तर अब काम लाग्ने अवस्थामा नरहेका भए चिन्ह लगाउनु हुँदैन, अथवा सुविधा नभएको भन्ने बुझ्नुपर्दछ ।

५. **मोटरसाइकल** – सवारीको निम्ति प्रयोग हुने कुनै कम्पनी वा ब्राण्डको मोटरसाइकल छ भने ५ मा चिन्ह लगाउनुपर्दछ ।

६. **अन्य सवारी साधन** – सवारीको निम्ति प्रयोग हुने अरू साधन जस्तै - घोडा, गाडा (गोरु वा राँगोले तान्ने), एक्का-टाँगा आदि परिवारले यातायात वा सवारीको लागि प्रयोग गर्ने गरेको भए ६ मा चिन्ह लगाउनुपर्छ ।

७. **रिफ्रिजरेटर** – विभिन्न खाद्यवस्तु, औषधी आदि सड्न, गल्न वा बिग्रनबाट जोगाउन रिफ्रिजरेटरको प्रयोग गरिन्छ । परिवारको प्रयोगमा यस्तो सुविधाको सामग्री वा रिफ्रिजरेटर भए ७ मा चिन्ह लगाउनुपर्दछ ।

८. **टेलिफोन** – स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय (लोकल, STD, ISD) जस्तो सुकै भए पनि परिवारले आफ्नै प्रयोजनको लागि टेलिफोन सुविधा राखेको भए ८ मा चिन्ह लगाउनुपर्छ ।

९. **माथिका कुनैपनि नभएको** – यी माथि उल्लेख भएका सुविधा सामग्री - रेडियो, टेलिभिजन, साइकल, मोटर, मोटरसाइकल, सवारीका अरू साधन, रिफ्रिजरेटर, टेलिफोन मध्ये कुनै पनि नभए ९ मा चिन्ह लगाउनुपर्दछ ।

द्रष्टव्य - माथि उल्लेख भएका एकभन्दा बढी सुविधा सामग्री प्रयोगमा भए के के प्रयोगमा छन् सबैमा चिन्ह लगाउनुपर्छ । यी सुविधाका साधनको स्वामित्व अरू कसैको भए तापनि परिवारले ती साधन हाल निजी सरह प्रयोग गर्ने गरेको भए साधन भएको सरह मानी चिन्ह लगाउनुपर्छ ।

प्रश्न ६ : बितेको १२ महिनामा परिवारमा कसैको मृत्यु भएको थियो, थिएन ?

१. थियो २. थिएन

प्रश्न ७ : बितेको १२ महिनामा कसैको मृत्यु भए मृत्यु भएका व्यक्तिको विवरण दिनुहोस् ।

लिङ्ग	*उमेर*	*मृत्यु भएको*	*मृत्युको कारण*
१ पुरुष २ स्त्री	.....	*साल ..... महिना .....*	.....

गणनाको दिन अघि १२ महिनामा (अर्थात गणना २०५८ साल जेठ-असार महिनामा हुने भएकाले गणना अघिको अथवा बितेको १२ महिना २०५७ असार देखि २०५८ जेठसम्म पर्न सक्तछ) यो परिवारका कुनै सदस्यको मृत्यु भएको थियो वा थिएन उल्लेख गर्नुपर्छ । परिवारका कुनै सदस्यको मृत्यु घरमा वा अन्यत्र (अस्पताल वा अन्य कुनै ठाँउमा) भएको हुन सक्तछ । मृत्यु कालगतिले, दुर्घटनाबाट, रोग लागेर वा दैवीप्रकोपबाट हुन सक्छ । परिवारका कुनै महिलाबाट जायजन्म भई बच्चा जन्मेको केही समयपछि मरेको पनि हुन सक्तछ ।

यस्तै बच्चा पाउने उमेरका महिलाको गर्भसम्बन्धी विभिन्न कारणबाट जस्तै - बच्चा पाउन नसकेर, सुत्केरो बिग्रेर, बच्चा जन्मेपछि टिटानस भएर, बच्चा गर्भमा हुँदा गर्भसम्बन्धी अरू कारणबाट मृत्यु भएको हुन सक्तछ । परिवारका जुनसुकै उमेरका व्यक्तिको उक्त सन्दर्भ समयमा मृत्यु भएको हुन सक्तछ ।

उक्त १२ महिनाको अवधिमा परिवारका कुनै सदस्यको कुनै कारणबाट मृत्यु भएको थियो वा थिएन सोधी मृत्यु भए प्रश्न ६ मा "थियो" को १ मा र मृत्यु भएको थिएन भने "थिएन" को २ मा चिन्ह लगाउनुपर्छ ।

"थियो" को १ मा चिन्ह लगाएपछि प्रश्न ७ मा उक्त अवधिमा यस परिवारका कति जनाको मृत्यु भयो सोधी मृत्यु हुने सबैको निम्नानुसारको विवरण छुट्टाछुट्टै लेख्नुपर्छ ।

मृत्यु हुने पुरुष वा स्त्री – मृत्यु भएका व्यक्ति पुरुष वा स्त्री के हुन् सोधी पुरुष भए १ मा र स्त्री भए २ मा चिन्ह लगाउनुपर्छ ।

मृत्यु हुनेको उमेर – मृत्यु भएका व्यक्तिको मृत्यु हुँदा पूरा भएको उमेर वर्षमा लेख्नु पर्छ । जस्तै - मृत्यु हुँदा ४१ वर्ष ७ महिना पूरा भए उमेरमा ४१ लेख्नु पर्छ । यदि कुनै बालक वा बालिकाको एक वर्ष नपुगी मृत्यु भए उमेरमा ० ० लेख्नुपर्छ ।

मृत्यु भएको साल, महिना – मृत्यु कहिले भयो जनाउन मृत्यु भएको साल र महिनासमेत लेख्नुपर्छ । गणना २०५८ साल जेठ-असार महिनामा हुने भएकाले वितेको एक वर्ष २०५७ र २०५८ दुवै सालका महिनाहरू पर्दछन्, जस्तै - गणना गरेको दिन २०५८ जेठ २९ गते भए वितेको १२ महिना, २०५७ जेठ ३० गते देखि २०५८ जेठ २९ गतेसम्म हुन्छ । त्यसैले परिवारका सदस्यको मृत्यु कहिले भएको हो मृत्यु भएको साल र महिना लेख्नुपर्छ, । मृत्यु २०५७ मंसिरमा भए सालमा २०५७ र महिनामा ०८ लेख्नुपर्छ ।

मृत्यु भएको कारण – मृत्युका विभिन्न कारण हुन सक्तछन् । मृत्यु भएका व्यक्तिको के कारणले मृत्यु भएको हो सोधी मृत्यु भएको कारण लेख्नुपर्छ । दैवी प्रकोप वा रोग लागेर वा कुनै दुर्घटनाबाट मृत्यु भएको हुन सक्छ । त्यसैले जुन कारणबाट मृत्यु भएको हो सोधी मृत्यु हुने सबैको मृत्युको कारण लेख्नुपर्दछ ।

उदाहरण - बच्चाको मृत्युको कारण झाडा-पखाला हुन सक्तछ, बच्चा पाउने उमेरका महिलाको मृत्युको कारण मातृमृत्यु हुन सक्तछ । यस्तै मृत्युका कारणहरू दुर्घटना, हृदय रोग (मुटु दुखेर), इन्सेफलाइटिस, कमलपित्त

मृत्युका केही कारणहरू

मातृमृत्यु

झाडा पखाला

एड्स

क्षयरोग

वा जण्डीस, टाइफाइड, एड्स, टी..बी., टिटानस आदि हुन सक्तछ। यदि एकभन्दा बढी रोग-लागेको भए प्रमुख रोग कुन थियो सोही जनाउनु पर्दछ, जस्तै - टी. बी. भएको मानिसलाई ज्वरो पनि आएको भए टी.बी. लेख्नुपर्दछ, टी. बी. को कारणले ज्वरो आएको हुन सक्तछ, सुत्केरी भएको समयमा ज्वरो आएको भए अरू कुनै कारणले ज्वरो आएको हुन सक्तछ।

द्रष्टव्य – १. जन्मेको केही समयपछि मरेका बालक–बालिका वा शिशु(हरू)को रिपोर्ट गर्न प्रायः छुट हुने गरेको देखिएको छ। जन्म, मृत्युसम्बन्धी घटना रिपोर्ट गर्न छुटाउनु हुँदैन। विवरण संकलन गर्दा सन्दर्भ समयमा कसैको मृत्यु भएको छ, छैन परिवारका महिलाहरूलाई समेत सोधी यकिन गर्नु पर्दछ। १२ महिनाको अवधिमा एउटै परिवारका एक भन्दा बढी सदस्यको मृत्यु भएको हुन सक्छ, जति जनाको मृत्यु भएको छ ती सबैको लहर १, २, ३, ...गरी क्रमैसँग मृत्यु भएका सबैको सबै विवरण लेख्नुपर्छ।

२. परिवारबाट लेखिने मृत्युको घटना लेख्न छुट हुने वा दोहोरो लेखिने संभावना पनि छ। घटना रिपोर्ट गर्ने संदर्भ समय १२ महिना अर्थात् एकवर्षको लामो समय भएको र यो समयमा घट्ने अरू सामाजिक घटनाले मृत्युको रिपोर्टिङमा प्रभाव पार्न सक्तछ, जस्तै - कुनै दुई परिवारका साझा सदस्यको (बाबु, आमा) संदर्भ समयमा मृत्यु भए र मृत्यु पछि छोराहरू छुट्टिएका भए गणना समयमा दुवैतर्फबाट रिपोर्ट हुन सक्तछ, वा दुवैतर्फबाट छुट हुन सक्तछ। सम्बन्धित परिवारहरूकी बसोबास एउटै गणना एकाइमा (गा. वि. स., वडा आदि) मा भए उत्तरदातालाई सोधी गणनामा छुट हुन वा दोहोरो लेख्न हुँदैन।

(परिवार सम्बन्धि प्रश्न सोधिसकेपछि कुनै प्रश्न सोध्न वा विवरण लेख्न छुट्यो कि पुनः हेरी प्रश्न सोध्न वा लेख्न छुटेको भए पूरा गरी व्यक्तिगत प्रश्न सोध्नु पर्छ)

लगत – २

व्यक्तिगत विवरण

यस लगतको महल १ को कम संख्या, २ को परिवारका व्यक्तिको नाम, थर, लिङ्ग (पुरुष, स्त्री) र महल ३ को उमेरको विवरण छानिएका परिवारको लगत १ को सम्बन्धित फारामबाट निम्नानुसार दुरूस्त उतार गर्नु पर्दछ ।

महल १ : क्र.. सं. (क्रम संख्या)

यो कमसंख्या छानिएका परिवारका व्यक्तिको कम संख्या हो । लगत १ बाट उक्त परिवारका व्यक्तिहरूको कमसंख्या अनुसार यसमा लेखिएको क. स. मिलाई परिवारका व्यक्तिको नाम, थर महल २ मा लेख्नुपर्दछ ।

महल २ : परिवारका व्यक्तिको नाम, थर

छानिएका परिवारका व्यक्तिको नाम, थर लगत १ बाट उतार गरी महल १ को कमसंख्या अनुसार यस महलमा नाम, थर क्रमैसँग लेख्नुपर्दछ । नाम, थर लेखिसकेपछि लगत १ को महल ४ बाट यी व्यक्ति पुरुष अथवा स्त्री के हुन्, जनाउनु पर्छ । पुरुष अथवा स्त्री जनाउन यसै महलमा, नामको तल, पुरुष भए १ मा र स्त्री भए २ मा चिन्ह लगाउनुपर्छ ।

महल ३ : उमेर

महल २ मा लेखिएका व्यक्तिहरूको उमेर, लगत १ को उमेरको महल ५ बाट, क्रमैसँग उतार गरी, यस महलमा सम्बन्धित व्यक्तिको लहरमा, लेख्नुपर्दछ ।

महल ४ : .....को जन्मस्थल कहाँ हो ?

१. यही जिल्ला २. अर्को जिल्ला ..... (१) गा.वि.स. (२) न.पा. ३. विदेश .....

जन्मस्थल भन्नाले - व्यक्तिको जन्म भएको स्थान, नेपालमा भए जिल्ला र विदेशमा भए देशलाई बुझाउँछ । जन्म भएको स्थान आफ्नो घरमा, अस्पताल, प्रसुतिगृह, नर्सिङहोम वा यस्तै सुविधाको अन्य कुनै ठाउँ हुन सकछ । गणनाको प्रयोजनका लागि जन्मस्थल भन्नाले व्यक्तिको जन्म हुँदा उक्त समयमा ती व्यक्तिको आमाको अक्सर बसोबास गर्ने स्थान कहाँ थियो, यसै मुलुकमा भए जिल्ला र विदेशमा भए देश, बुझ्नु पर्दछ । जन्म अस्पताल, प्रसुतिगृह, नर्सिङहोम वा यस्तै सुविधाको अन्य कुनै स्थानमा भए पनि सुविधाको लागि त्यहाँ लगिएको हो, उक्त समयमा आमाको अक्सर बसोबास गरेको स्थान नै व्यक्तिको जन्मस्थल हुन्छ ।



गणना गर्दा सबै उमेरका (वृद्ध, युवा, बालक, बालिका) व्यक्तिको जन्मस्थल उल्लेख गर्नुपर्छ । नेपालमा जन्म भए जन्म भएको स्थान हाल कुन जिल्लामा पर्दछ, खुलाउनुपर्छ, जस्तै - जन्मस्थल हाल (गणनाको समयमा) बसोबास गरेकै जिल्लामा भए यही जिल्ला उल्लेख भएको १ मा चिन्ह लगाउनुपर्छ । जन्मस्थल अर्को जिल्लामा भए २ मा चिन्ह लगाई सो स्थान कुन जिल्ला अन्तरगत हो जिल्लाको नाम लेख्नुपर्दछ, जस्तै – दोलखा, कैलाली, बझाङ आदि । उक्त स्थान त्यस बखत गाउँ अथवा नगर के थियो जनाउन गाउँ भए गाउँको १ मा र नगर भए नगरको २ मा चिन्ह लगाउनुपर्छ । जन्म भएको स्थान विदेशमा भए ३ मा चिन्ह लगाई कुन देशमा जन्म भएको हो देशको नाम लेख्नु पर्दछ, जस्तै – भारत, बंगलादेश, पाकिस्तान, अफगानिस्तान, जर्मनी आदि ।

द्रष्टव्य – १. जन्मस्थलको प्रश्न सबै उमेरका व्यक्ति (बालिका, बालक, युवा, युवती, वृद्धा, वृद्ध) लाई सोधी जन्म भएको जिल्ला वा मुलुक खुलाउनुपर्छ ।

२. यस महलको १ मा चिन्ह लागेकालाई अर्थात् हाल बसोबास भएको जिल्लामा जन्म भएकालाइं महल ५ को प्रश्न सोध्नु पर्दैन ।

महल ५ : ..... को यहाँ बसोबास गरेको कति वर्ष भयो ?

(जन्मस्थल अन्यत्र भएका अर्थात जन्म हाल बसोबास गरेको जिल्लामा नभएकालाई मात्र)

यस जिल्लामा बसोबास गरेको कति भयो भन्नाले - गणना भएको ठाउँ र बसोबास गरेको जिल्लाको अन्य कुनै ठाउँमा समेत यसअघि देखि लगातार बसोबास गरेको समयलाई बुझाउँछ । वर्ष लेख्दा बसोबास गरेको पूरा वर्ष लेख्नुपर्छ, एक वर्ष पूरा नभए ०० लेख्नुपर्छ । बसोबास गरेको ३ वर्ष ७ महिना भए पूरा भएको वर्ष ३ लेख्नुपर्छ । बसोवास भन्नाले - अक्सर बसोवास गरेकोलाई बुझाउँछ ।

उदाहरण - चार वर्ष अघि काठमाण्डौ जिल्लामा बसोबास गर्ने धनलक्ष्मी महर्जन हाल भक्तपुर जिल्लामा बसोबास गर्दछिन् । धनलक्ष्मीको ९ वर्षको छोरा इन्द्र महर्जन पनि आमासँग बस्दछन् । काठमाण्डौमा बसोबास गर्दा इन्द्र महर्जनको जन्म पाटन अस्पतालमा भएको थियो । धनलक्ष्मी महर्जनको माइती ललितपुर जिल्लामा भएकोले उनको जन्म पनि ललितपुरमा नै भएको हो । यी दुवैको जन्मस्थल र बसोबास गरेको समय लेख्दा धनलक्ष्मी महर्जनको जन्मस्थल - ललितपुर, यस जिल्लामा बसोबास गरेको - ४ वर्ष लेख्नुपर्छ । इन्द्र महर्जनको जन्मस्थल - काठमाण्डौ, यस जिल्लामा बसोबास गरेको - ४ वर्ष लेख्नुपर्छ ।

महल ६ : यस जिल्लामा बसोबास गर्न आउनुको मुख्य कारण के थियो ?

१. व्यापार २. कृषि ३. नोकरी ४. अध्ययन ५. विवाह ६. अन्य .....

जन्मस्थल छोडी यस जिल्लामा बसोबास गर्न के कारणले आएको हो, त्यस बखतको कारण जनाउनुपर्छ । यस जिल्लामा बसोबास गर्न आउनु परेका कारण विभिन्न हुन सक्तछन् । केही कारणहरू माथि उल्लेख गरिएको छ । यस जिल्लामा बसोबास गर्न आउँदा व्यापार गर्न आएको हुन सक्तछ, कृषि (खेतीपाती) गर्न वा अध्ययनको लागि आएको हुन सक्तछ वा नोकरी (जागिर) को लागि आएको हुन सक्तछ । कारण जनाउँदा सम्बन्धित कारणको संकेतमा चिन्ह लगाउनुपर्छ, जस्तै - विवाह भई आएको भए ५ मा चिन्ह लगाउनुपर्छ । तर विवाह भई सकेपछि आएको वा बसाइँ सरेको भए अरू कारण हुन सक्तछ । उल्लेख भएका बाहेक अरू कुनै कारण भए ६ मा चिन्ह लगाई कारण के हो लेख्नुपर्छ, जस्तै - शरणार्थी, श्रमिक ।

महल ७ : पाँच वर्षअघि बसोवास कहाँ थियो ?

(पाँचवर्ष र सोभन्दा माथिको उमेरकालाई मात्र)

१. यही जिल्ला २. अर्को जिल्ला ..... ३. विदेश .....

१: गा. वि. स.
२. नगर पालिका

पाँच वर्षअघि बसोबास कहाँ थियो भन्नाले - गणना गरेको दिनको ठीक ५ वर्ष अघि बसोबास कहाँ थियो, सोधीएको हो । अर्को शब्दमा २०५८ को असार ४ गते गणना हुँदा २०५३ असार ५ गते बसोबास भएको ठाउँ उल्लेख गर्न भनिएको हो । पाँच वर्षअघि बसोबास गरेको ठाँउ उल्लेख गर्दा माथि जन्मस्थलमा (महल ४ मा) उल्लेख भएझैं उक्त समयमा बसोवासको ठाउँ जिल्ला अथवा देश जनाउनु पर्छ । बसोवास भन्नाले - अक्सर वसोबास गरेकोलाई वुझाउँछ ।

बसाइँ सर्नेहरूको पाँच वर्ष अघि बसोबास अन्यत्र हुन सक्तछ ।

पाँच वर्षअघि बसोबास गणना भएकै जिल्लामा भए (अर्थात् महल ५ मा बसोवास गरेको समय ५ वर्ष र बढी भए) यही जिल्लाको १ मा चिन्ह लगाउनुपर्छ । बसोबास अर्को जिल्लामा भए (अर्थात् महल ५ मा बसोबास गरेको समय ५ वर्ष भन्दा घटी भए) २ मा चिन्ह लगाई त्यस बखत बसोवास गरेको जिल्लाको नाम लेख्नु पर्छ र त्यो ठाउँ उक्त समयमा गाउँ विकास समिति भए गा. वि. स. को १ मा वा नगरपालिका भए नगरपालिकाको २ मा चिन्ह लगाउनुपर्दछ । पाँच वर्षअघि बसोबास विदेशमा भए ३ मा चिन्ह लगाइ कुन देशमा बसोवास थियो, देशको नाम लेख्नुपर्दछ, विदेशको गाउँ वा नगर खुलाउनु पर्दैन ।

द्रष्टव्य - जन्मस्थल अन्यत्र भएकालाई महल ५ मा यस जिल्लामा बसोबास गरेको समय कति वर्ष भयो सोधीएको छ । बसोबास गरेको ५ वर्ष वा सोभन्दा बढी भए यो महलको प्रश्न सोधी १ मा चिन्ह लगाउन मद्दत पुग्दछ । बसोबास गरेको ५ वर्ष भन्दा घटी भए ५ वर्ष अघि बसोबास कहाँ थियो सोधी २ मा जिल्लाको नाम, गा. वि. स. वा नगरपालिका खुलाउन अथवा ३ मा देशको नाम लेख्न मद्दत गर्दछ ।

महल ८ : .....ले पढ्न, लेख्न जान्नु भएको छ ?

(६ वर्ष र सो भन्दा माथिको उमेरकालाई)

१. पढ्न जानेको २. पढ्न, लेख्न जानेको ३. पढ्न, लेख्न नजानेको

कुनै भाषामा पढ्न, लेख्न र सामान्य हरहिसाब गर्न जानेको भए पढ्न, लेख्न जानेको अर्थात् लेखपढ गर्न जनेको भन्नुपर्छ । पढ्न मात्र जानेकालाई लेखपढ गर्न जानेको भन्नु हुँदैन । दैनिक कार्यको सामान्य हरहिसाब (जोड, घटाउ) जानेकालाई सामान्य हरहिसाब जानेको भन्नुपर्छ । त्यसैले लेखपढ गर्न जानेको हुन - कुनै भाषामा पढ्न जानेको, लेख्न जानेको र सामान्य हिसाब गर्न जानेको हुनुपर्छ । कुनै भाषामा पढ्न सक्ने र अनुकरण गरी अफ्नो नाम मात्र लेख्न सक्नेलाई पढ्न, लेख्न जानेकोमा गणना गर्नु हुँदैन ।

कुनै व्यक्तिले कुनै भाषामा पढ्न मात्र जानेको भए पढ्न जानेको भन्नुपर्छ। पढ्न जानेको तर लेख्न नजानेकालाई पढ्न जानेको मात्र भन्नु पर्छ। कोही पढ्न मात्र जान्ने तर लेख्न नजान्ने हुन सक्तछन्।

गणना गरिएका व्यक्तिले पढ्न मात्र जानेको भए १ मा चिन्ह लगाउनुपर्दछ। पढ्न, लेख्न जानेको भए २ मा चिन्ह लगाउनुपर्छ। पढ्न र लेख्न दुवै जानेको छैन भने ३ मा चिन्ह लगाउनुपर्छ। औपचारिक शिक्षा लिएका अर्थात् विद्यालय, पाठशाला वा स्कूलमा भरना भइ केही वर्ष अध्ययन गरेका भए लेखपढ गर्न जानेको हुन सक्तछ। औपचारिक शिक्षा नलिएका (अर्थात् विद्यालय, पाठशाला वा स्कूलमा भरना नभएका) व्यक्तिले घरमा अध्ययन गरेको वा बाल, प्रौढ कक्षामा संलग्न भई अध्ययन गरेको वा यस्तै कुनै प्रकारले अध्ययन गरी लेखपढ गर्न जानेको हुन सक्तछ। गणना गरिएका प्रत्येक व्यक्तिले पढ्न, लेख्न जानेको छ, छैन सोधी, बुझी यकिन गर्नु पर्छ र उपयुक्त संकेत अंकमा चिन्ह लगाउनुपर्छ।

उदाहरण - नुवाकोट जिल्ला बस्ने जीतबहादुर तामाङका ३ जनाको परिवार छ। जीतबहादुर र श्रीमती सुन्तली तामाङ त्रिशुली बजारको बसपार्कमा आई फलफूल बेच्ने गर्दछन्। परिवारको आम्दानी-खर्चको व्यवस्थापन सुन्तलीले नै गर्दछिन्। परिवारमूली सुन्तली नै हुन्। जीतबहादुर पढ्न मात्र जान्दछन्, लेख्न जान्दैनन्। तर सुन्तली लेखपढ गर्न जान्दछिन्। दुवै जनाले नेपालका मुद्रा राम्रोसँग चिन्दछन् र फलफूल किनबेचको सामान्य हरहिसाव मौखिक नै गर्न सक्दछन्। उनीहरूकी छोरी वर्ष १० की नरमाया तामाङ ४ कक्षामा पढ्दैछिन्। यस्तो अवस्थामा गणना गर्दा फाराममा निम्न बमोजिम जनाउनुपर्दछ।

क्र.सं.	नाम, थर	.....ले पढ्न, लेख्न जान्नु भएको छ ?
१	२	१२
०१.	सुन्तली तामाङ	१. पढ्न जानेको (२) पढ्न, लेख्न जानेको ३. पढ्न, लेख्न नजानेको
०२	जीतबहादुर तामाङ	(१) पढ्न जानेको २. पढ्न, लेख्न जानेको ३. पढ्न, लेख्न नजानेको
०३	नरमाया तामाङ	१. पढन जानेको (२) पढ्न, लेख्न जानेको ३. पढ्न, लेख्न नजानेको

द्रष्टव्य – पढ्न जानेको र पढ्न, लेख्न नजानेको भए अर्थात् यस महलको १ र ३ मा चिन्ह लगाएकालाई महल ९ को प्रश्न सोध्नु पर्दैन।

महल ९: ... ले कति पढ्नु भएको छ ?

१. उत्तीर्ण गरेको तह ..... २. एस. एल. सी. माथि भए मुख्य क्षेत्र .....

यस प्रश्नका दुइ खण्ड छन् उत्तिर्ण गरेको तह र एस. एल सी. माथि भए पढाइको मुख्य क्षेत्र।

कति पढ्नु भएको छ भन्नाले - (लेखपढ गर्न जानेकालाई) औपचारिक शिक्षाको वा पढाइको कुन तहसम्म उत्तिर्ण गरेको छ, उत्तिर्ण गरेको तह बुझाउँछ। शैक्षिक योग्यता लेख्दा उत्तिर्ण गरेको तह लेख्नुपर्दछ। उत्तीर्ण गरेको तह एस. एल. सी. माथि भए मुख्य क्षेत्रसमेत खुलाउनुपर्छ।

१. **उत्तीर्ण गरेको तह** - उत्तीर्ण गरेको तह लेख्दा गणना गरिएका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक योग्यताको सबैभन्दा माथिल्लो तह लेख्नु पर्दछ। यदि एकै तहका विभिन्न विषयमा परीक्षा उत्तीर्ण गरेको भए रिपोर्ट गर्न चाहेको कुनै एक विषयको तह मात्र लेख्नु पर्दछ, अध्ययन गरिरहेको तह लेख्नु हुँदैन। औपचारिक शिक्षामा सबै किसिमका स्कूल, क्याम्पस (कलेज) वा विश्वविद्यालयमा अध्ययन गरी शिक्षाको कुनै तह उत्तीर्ण गरेको भए उत्तीर्णको प्रमाण-पत्र लिएको हुन्छ। स्कूल तह उत्तीर्ण गरेको भए कक्षा १ देखि १० सम्मको कुनै कक्षा अथवा एस. एल. सी. हुन सक्तछ। क्याम्पस, विश्वविद्यालय तह भए प्रमाणपत्र (इन्टरमिडियट), डिप्लोमा, डिग्री, पी. एच. डी. आदि हुन सक्तछ। गणना गरिएका व्यक्तिले कुन तह उत्तीर्ण गरेको हो सोधी, बुझि उत्तीर्ण गरेको तह लेख्नुपर्छ।

उदाहरण– प्रमिलाकुमारी चौधरी हाल ९ कक्षामा पढ्दैछिन् भने उत्तीर्ण गरेको तह लेख्दा "८ कक्षा" लेख्नुपर्दछ। कसैले एस. एल.सी. परीक्षा दिएको छ तर परिणाम प्रकाशित भएको छैन भने उत्तीर्ण गरेको तह "१० कक्षा" लेख्नुपर्दछ। एस. एल. सी. मा अनुत्तीर्ण भएकालाई पनि उत्तीर्ण गरेको तह "१० कक्षा" लेख्नुपर्दछ। पुरानो नेपाली उत्तीर्ण गरेकाहरूको हकमा जुन तह उत्तीर्ण गरेका छन् सोही तह लेख्नुपर्दछ, जस्तै - नेपाली ७ या नेपाली ११ आदि। संस्कृततर्फ अध्ययन गरेकालाई प्रथमा, मध्यमा, शास्त्री, आचार्य कुन तह उत्तीर्ण गरेको हो लेख्नु पर्दछ। तालिम मात्र लिएकाहरूको तह खुलेको भए मात्र लेख्नुपर्दछ।

द्रष्टव्य - लेखपढ गर्न जानेको तर कुनै औपचारिक तह उत्तीर्ण गरेको छैन भने उत्तीर्ण गरेको तह लेख्दा साधारण लेख्नुपर्छ।

२. ***एस. एल. सी. माथि भए मुख्य क्षेत्र*** – उत्तीर्ण गरेको तह एस. एल. सी. माथि - आई.ए., बी.ए., एम.ए. आदि- भए तह खुलाइसकेपछि पढाइको मुख्य क्षेत्र पनि लेख्नुपर्छ। प्रमाणपत्र वा सोभन्दा माथिको तह उत्तीर्ण गरेकाहरूको पढाइको क्षेत्र मानविकी, वाणिज्य, विज्ञान, शिक्षा, इञ्जीनीयरिङ, चिकित्साशास्त्र आदि मध्ये कुन हो, छुट्याई लेख्नुपर्छ।

उदाहरण – श्यामकृष्ण धोबी डिप्लोमा तहमा (मानविकी) अध्ययन गर्दै छन्। उनले प्रमाणपत्र तहमा विज्ञान तर्फ (आइ. एस. सी.) परीक्षा उत्तीर्ण गरेका थिए। यस्तो भए उत्तीर्ण गरेको तह "प्रमाणपत्र" लेख्नुपर्दछ र क्षेत्र खुलाउँदा विज्ञान (रसायनशास्त्र) लेख्नुपर्दछ। रत्नमाया नकर्मीले सिभिल इन्जिनियरिङ्गमा डिप्लोमा पढी रहेकी छन् भने उत्तीर्ण गरेको तह प्रमाण पत्र सिभिल इन्जिनियरिङ्ग हुन्छ।

उदाहरण -

उत्तीर्ण गरेको तह	मुख्य क्षेत्र (निम्नमध्ये कुनै हुन सक्छ)
प्रमाणपत्र र स्नातक	मानविकी, वाणिज्य, विज्ञान, संस्कृत, चिकित्सा, इन्जिनियरिङ्ग, शिक्षा, वन, कृषि तथा पशुविज्ञान
स्नातकोत्तर	तथ्यांकशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, गृहविज्ञान, भूगोल, इतिहास, नेपाली, अंग्रेजी, हिन्दी, समाजशास्त्र, मनोविज्ञान, संस्कृति, संस्कृत, भौतिकशास्त्र, रसायनशास्त्र, जीव शास्त्र, वनस्पति शास्त्र, शिक्षाशास्त्र, व्यवस्थापन, इञ्जिनियरिङ्ग, चिकित्साशास्त्र, वन, कृर्षि तथा पशुविज्ञान आदि
विद्यावारिधि	कुनै क्षेत्र

महल १० : हाल स्कूल जाने गर्नु भएको छ, छैन?

(उमेर ६ वर्ष वा सोभन्दा माथि र २५ वर्ष नपुगेका र १० कक्षा उत्तीर्ण नभएकालाई मात्र)

१. छ २. छैन

यो प्रश्न पढ्न, लेख्न नजानेका वा जानेका, दशकक्षा उत्तीर्ण नभएका र २५ वर्ष उमेर नपुगेका, सबैलाई सोध्नुपर्दछ ।

हाल स्कूल जाने गरेको भन्नाले – गणनाको समयमा विद्या/शिक्षा आर्जनका लागि स्कूल (विद्यालय, पाठशाला, शिक्षालय) जाने गरेको भन्ने बुझाउँछ । यसमा शिक्षा आर्जन गर्ने क्रममा स्कूल वा विद्यालयमा भरना भइ अध्ययन गर्न जाने गरेको हुन्छ ।

निम्न अवस्थामा विद्या/शिक्षा आर्जनका लागि स्कूल जाने गरेको मान्नु पर्छ ।

- सबै किसिमका स्कूलमा नाम लेखाई पढ्न जाने गरेका बालक-बालिकाहरू
- स्कूलको नियमानुसार बिदामा बसेका बालक-बालिकाहरू
- स्कूलमा भर्ना भएका तर बिरामी भई वा भैपरि बिदामा हाल स्कूल नगएका बालक-बालिकाहरू

माथिको शर्त पूरा गरेका बालिका-बालक विद्या/शिक्षा आर्जन गर्न स्कूल जाने गरेका भए छ को १ मा चिन्ह लगाउनुपर्दछ । स्कूल जाने गरेको छैन भने २ मा चिन्ह लगाउनुपर्दछ । स्कूल भर्ना भए तापनि अरू कारणले हाल स्कूल नगएका वा स्कूल छाडिसकेका भए स्कूल जाने गरेको छैन जनाउन २ मा चिन्ह लगाउनुपर्छ ।

महल ११ : .....को बैवाहिक स्थिति के हो ?

(१० वर्ष र सो भन्दा माथिको उमेरका सबैलाई)

१. विवाह नभएको
२. एक विवाह
३. बहु विवाह
४. पुनर्विवाह
५. विधुर/विधवा
६. पारपाचुके
७. छुट्टिएको

विवाह भन्नाले - कुनै स्त्री वा पुरुष आपसी समझदारी वा आआफ्नो सामाजिक, धार्मिक रीतिरिवाज वा कानुनी प्रकृयाबाट आफ्नो जीवनकालको कुनै समयमा अर्को पक्ष पुरुष वा स्त्रीसँग लोग्ने स्वास्नीको सम्बन्ध जोडी बसेकालाई बुझाउँछ । गणनाको समयमा विवाह गरेका पुरुष, स्त्री-लोग्ने स्वास्नीको रूपमा सँगै (एकै ठाउँमा वा आपसी सहमतिले अलग) बसेका भए त्यस्ता स्त्री वा पुरुषलाई विवाह भएको भन्नुपर्दछ । माथि उल्लेख भएको १ को स्थिति जीवनकालमा एकपटक पनि विवाह नभएको स्थिति हो । तर २ देखि ७ सम्मका स्थितिहरू एकपटक विवाह भएको र त्यसपछिका विभिन्न स्थितिहरू हुन् ।

वैवाहिक स्थिति भन्नाले - १० वर्ष र सोभन्दा माथिको उमेरका व्यक्तिको गणनाको समयमा विवाहको स्थिति (माथि १ देखि ७ सम्मको स्थितिमध्ये) लाई बुझाउँछ । हालको समाजमा विवाहको स्थिति, कानुनी व्यवस्था र गणनाको प्रयोजनका लागि विवाहका स्थितिहरू मथि १ देखि ७ सम्म उल्लेख गरिएका छन् । यी स्थितिहरूको निम्नानुसार बयान गरिएको छ ।

१. **विवाह नभएको** – कुनै स्त्री वा पुरुष आपसी समझदारी वा आआफ्नो सामाजिक, धार्मिक रीतिरिवाज वा कानुनी प्रकृयाबाट आफ्नो जीवनकालको कुनै समयमा पनि अर्को पक्ष पुरुष वा स्त्रीसँग लोग्ने-स्वास्नीको सम्बन्ध जोडी बसेका छैनन् भने त्यसलाई विवाह नभएको बुझ्नुपर्दछ। गणना गर्दा विवाहको यो स्थिति भएका अथवा विवाह नभएका पुरुष वा स्त्री भए १ मा चिन्ह लगाउनुपर्छ।

२. **एक विवाह** – कुनै स्त्री वा पुरुषको विवाह भई पुरुष भए हाल एकमात्र श्रीमती र स्त्री भए हाल एकमात्र श्रीमान् भएको स्थितिमा लोग्ने, स्वास्नी भइ बसेका भए एक विवाह को स्थिति हुन्छ। गणनाको समयमा यो स्थिति भएका पुरुष वा स्त्रीलाई २ मा चिन्ह लगाउनुपर्छ।

तर एक पटक विवाह भएका पुरुष वा स्त्रीको कुनै कारणले अघिको श्रीमती (स्वास्नी) वा श्रीमान् (लोग्ने) को मृत्यु भई वा स्वास्नी वा लोग्नेसँग पारपाचुके भई वा श्रीमती/श्रीमान् अर्कोसँग गएर पुनः विवाह गरेको भए पुनर्विवाह हुन्छ। पुनर्विवाह भएका पुरुष वा स्त्रीलाई ४ मा चिन्ह लगाउनुपर्छ, २ मा चिन्ह लगाउनु हुँदैन।

द्रष्टव्य - गणनाको समयमा एक श्रीमती वा एक श्रीमान् भएकालाई - यो पहिलो विवाह हो वा अघिको श्रीमती/श्रीमान्को मृत्यु भएर वा पारपाचुके भएर वा अघिको श्रीमती/श्रीमान् अर्कोसँग गएर यो विवाह भएको हो सोधी यकिन गरेर मात्र पहिलो विवाह भए २ मा र पुनर्विवाह भए ४ मा चिन्ह लगाउनुपर्छ।

३. **बहुविवाह** – कुनै पुरुष वा स्त्रीको गणनाको समयमा पुरुष भए एकभन्दा बढी श्रीमती र स्त्री भए एकभन्दा बढी श्रीमान् एकै ठाउँमा वा सहमतिले वेग्लाबेग्लै बसी लोग्ने/स्वास्नीको सम्वन्धमा भए बहुविवाहको स्थिति मान्नुपर्दछ। यस्तो वैवाहिक स्थिति लोग्ने मानिस वा स्वास्नी मानिस दुवैको हुन सक्छ। अर्को शब्दमा गणनाको समयमा कुनै पुरुष वा स्त्रीको एकभन्दा बढी श्रीमती वा एकभन्दा बढी श्रीमान् भए वहुविवाहको स्थिति हुन्छ। गणना गरिएका स्त्री वा पुरुषको वहुविवाहको स्थिति जनाउन ३ मा चिन्ह लगाउनु पर्छ।



बहुविवाह र पुनर्विवाह छुट्याउनुपर्छ

द्रष्टव्य – *क. तर अघि कुनै समयमा बहुविवाह भएका व्यक्तिको गणनाको समयमा कुनै कारणबाट एक मात्र श्रीमती वा श्रीमान् (स्वास्नी वा लोग्ने) भए एक विवाह नै मानी २ मा चिन्ह लगाउनुपर्दछ। तर अघि बिहे गरेका सबै श्रीमतीहरु वा श्रीमान्हरू मरी वा पारपाचुके गरी वा छाडी फेरि अर्को विवाह गरे पुनर्विवाह मानी ४ मा चिन्ह लगाउनुपर्छ, ३ मा चिन्ह लगाउनु हुँदैन। अघि विवाह भएका स्त्री वा पुरुषको अघिको श्रीमान् वा श्रीमतीसँगै भएको अवस्थामा अर्को विवाह गरेको भए बहुविवाह हुन्छ, यस्तो स्थितिमा बहुविवाहको ३ मा चिन्ह लगाउनुपर्छ।*

*ख. गणनाको समयमा एकभन्दा बढी श्रीमती भएका पुरुषको विवाहको स्थिति **बहुविवाह** हुन्छ तर ती पुरुषका प्रत्येक श्रीमतीको स्थिति, अरू कुनै श्रीमान् नभए, पहिलो विवाह भए **एक विवाह** हुन्छ। पहिलो श्रीमान्को मृत्यु भएको वा पारपाचुके भई वा कुनै कारणले पहिलेको श्रीमान्लाई छोडी अहिलेको श्रीमान्सँग विवाह गरेको भए **पुनर्बिबाह** हुन्छ। प्रत्येक स्त्री र पुरुषको विवाहको स्थिति राम्रोसँग सोधी, बुझी उपयुक्त स्थितिमा चिन्ह लगाउनुपर्छ।*

४. **पुनर्विवाह** – जीवनकालमा एक पटक विवाह भइसकेका पुरुष वा स्त्रीको कुनै कारणले स्वास्नी वा लोग्नेको मृत्यु भई वा पारपाचुके भई वा अघिको श्रीमती वा श्रीमान्लाई छोडी पुनः विवाह गरेको र हाल एकमात्र श्रीमती वा श्रीमान् भए पुनर्विवाह हुन्छ। गणनाको समयमा कुनै पुरुष वा स्त्रीको पुनर्बिबाहको स्थिति भए ४ मा चिन्ह लगाउनुपर्छ।

५. **विधुर/विधवा** – जीवनकालमा एक पटक विवाह भइसकेका कुनै स्त्री वा पुरुषको गणनाको समयअघि नै लोग्नेको मृत्यु भइ पुनः विवाह नगरेकी स्त्री भए विधवा हुन्छ। त्यस्तै श्रीमतीको मृत्यु भई पुनः विवाह नगरेका पुरुष भए विधुर हुन्छ। गणनाअघि विवाहको जुनसुकै स्थिति भए पनि श्रीमान् वा श्रीमतीको मृत्यु भई जबसम्म पुनः विवाह हुँदैन तबसम्म विधुर वा विधवाको स्थिति नै रहन्छ। गणना गरेका पुरुष वा स्त्रीको गणनाको समयमा विधुर/विधवाको स्थिति भए ५ मा चिन्ह लगाउनुपर्छ।

तर गणनाअघि नै विधवा भएकी स्त्री वा विधुर भएका पुरुषले गणनाको समयमा पुनः विवाह गरिसकेको र उक्त समयमा एक श्रीमान् श्रमती भए विवाहको स्थिति परिवर्तन भई पुनर्विवाह हुनेछ। पुनर्विवाह भए ४ मा चिन्ह लगाउनुपर्छ।

६. **पारपाचुके** – विवाहपश्चात लोग्ने-स्वास्नीको कुनै मनमुटाव वा मतभेद भई लोग्ने स्वास्नी मिल्न नसकी कानुनीतवरले वा सामाजिक मान्यताअनुसार छुट्टिई गणनाको समयमा अलग्गै वसेका भए पारपाचुके भएको मान्नु पर्दछ। तर यस्ता लोग्ने स्वास्नी फेरि पछि मिलेर कानुनी वा सामाजिक रूपमा सँगै पनि वस्न सक्दछन्। गणना अघि जेसुकै भए तापनि जनगणनाको समयमा उनीहरू कानुनी वा सामाजिक मान्यतावाट पारपाचुके गरी अलग्गै वसेका भए उनीहरूको वैवाहिक स्थिति पारपाचुके मान्नुपर्दछ। यस्ता पुरुष वा स्त्रीको गणनाको समयमा पारपाचुकेको स्थिति भए ६ मा चिन्ह लगाउनुपर्छ।

७. **छुट्टिएको** – विवाहित लोग्ने-स्वास्नी यदि कुनै झगडा वा मतभेदको कारणवाट सँगै वस्न नसक्ने भई आपसी समझदारी वा असमझदारीवाट वेग्ला वेग्लै वस्ने गरेको भए तिनलाई छुट्टिएको मान्नुपर्दछ। जबसम्म लोग्ने-स्वास्नीको कानुनी वा सामाजिकरूपमा पारपाचुके भएको हुँदैन र उनीहरू आपसी मनमुटावका कारण अलग्गै वसेका छन् भने त्यो अवस्थामा उनीहरूको वैवाहिक स्थिति गणनाको प्रयोजनका लागि छुट्टिएको भन्नु पर्दछ। कुनै पुरुष वा स्त्रीको गणनाको समयमा छुट्टिएको स्थिति भए ७ मा चिन्ह लगाउनुपर्छ।

उदाहरण - मदनवहादुर वर्मा क्षेत्रीको परिवारमा ११ जना सदस्य छन्। मदनवहादुर वर्मा क्षेत्री, दुईटी श्रीमतीहरू- तारा वर्मा क्षेत्री र सुमित्रा वर्मा क्षेत्री, दुई छोरी - गंगा राउत क्षेत्री र सुप्रभा बर्मा क्षेत्री, दुई छोरा - जनकवहादुर वर्मा क्षेत्री र छत्रवहादुर वर्मा क्षेत्री, दुई वुहारी - चन्द्रप्रभा वर्मा क्षेत्री र सुलोचना बर्मा क्षेत्री, एक नाति - दीर्घ राउत क्षेत्री र एक नातिनी - चन्द्रिका बर्मा क्षेत्री छन्। जनकवहादुर वर्मा क्षेत्रीकी पहिलो श्रीमतीको वच्चा पाउन नसकेर गतसाल मृत्यु भएको थियो र पछि चन्द्रप्रभासँग विवाह भएको हो। सुलोचनाले अघिको श्रीमान्लाई छोडी छत्रवहादुर वर्मा क्षेत्रीसँग विवाह गरेकी हुन्। गंगा राउत क्षेत्रीको श्रीमान्को ३ वर्षअघि मृत्यु भएको थियो, फेरि विवाह गरेकी छैनन्। सुप्रभा, दीर्घ र चन्द्रिकाको विवाह भएको छैन। परिवारका सबै सदस्य १० वर्ष र माथिको उमेरका छन्। परिवारका सदस्यहरूको विवाहको यो स्थितिमा निम्नानुसार उल्लेख गर्नुपर्छ।

१. मदनवहादुर बर्मा क्षेत्री	- (३) वहुविवाह	२. तारा बर्मा क्षेत्री	- (२) एक विवाह
३. सुमित्रा वर्मा क्षेत्री	- (२) एक विवाह	४. जनक बहादुर बर्मा क्षेत्री	- (४) पुनर्विवाह
५. चन्द्रप्रभा वर्मा क्षेत्री	- (२) एक विवाह	६. छत्र वहादुर बर्मा क्षेत्री	- (२) एक विवाह
७. सुलोचना बर्मा क्षेत्री	- (४) पुनर्विवाह	८. गंगा राउत क्षेत्री	- (५) विदुर/विधवा
९. सुप्रभा बर्मा क्षेत्री	- (१) विवाह नभएको	१०. दीर्घ राउत क्षेत्री	- (१) विवाह नभएको
११. चन्द्रिका वर्मा क्षेत्री	- (१) विवाह नभएको		

*महल १२ : ..... **को पहिलो पटक विवाह गर्दा उमेर कति थियो ?***

(१० वर्ष र सोभन्दा माथिको उमेरका र एकपटक विवाह भएका सबैलाई)

विवाह भएका भन्नाले - हाल विवाहित (एक विवाह, बहुविवाह र पुनर्विवाह) जीवनमा रहेका, विधवा/विधुर, पारपाचुके/छुट्टिएको स्थितिहरूलाई जनाउँछ । विवाहका यी सबै स्थितिहरू एकपटक विवाह भएका स्थिति हुन् । गणना गरिएका व्यक्तिको एक पटक विवाह भइसकेको भए पहिलो पटक विवाह गर्दाको उमेर कति थियो, सोध्नु पर्छ । गणना गरिएका स्त्री वा पुरुषको पहिलो विवाह हुँदाको उमेर लेख्दा त्यस बखत पूरा भएको उमेर लेख्नुपर्दछ । कसैको एकभन्दा बढी पटक विवाह भएको भए पहिलो विवाह गर्दाको उमेर लेख्नुपर्दछ, दोस्रो, तेस्रो ... विवाह गर्दाको उमेर लेख्नु हुँदैन ।

कसैको पहिलो पटक विवाह हुँदाको उमेर भन्न नसके उसको हालको उमेर र पहिलो विवाह भएको कति वर्ष भयो सोधी वर्ष घटाई लेख्न सकिन्छ । त्यस्तै पहिलो बच्चा जन्मदाको उमेर, लोग्ने-स्वास्नीको उमेर कति फरक (Age Difference) छ यसबाट पनि पहिलो विवाह गर्दाको उमेर यकिन गर्न सजिलो हुन्छ । उमेर लेख्दा पहिलो पटक विवाह हुँदाको उमेर यकिन गरी लेख्नुपर्छ ।

*महल १३ : .....**को हालसम्म जिउँदै जन्मेका छोरा छोरीको संख्या दिनुहोस् ।***

(एक पटक विवाह भइसकेका १५ देखि ४९ वर्षसम्म उमेरका महिलाहरूलाई मात्र)

१. सँगै बस्ने छोरा ..... छोरी .....

२. अन्यत्र बस्ने छोरा ..... छोरी .....

३. मरेका छोरा ..... छोरी .....

४. जम्मा छोरा ..... छोरी .....

जिउँदै जन्मेको भन्नाले - आमाको गर्भबाट बच्चा जन्मदा स्वर निकालेर वा कुनै किसिमबाट हलचल गरेर जीवित भएको संकेत हुनुपर्दछ । बच्चाको जन्म हुँदा जीवित भएको कुनै संकेत - आवाज दिने, रुने वा हलचल गर्ने नभए यस्तो जन्म जीवित हुँदैन । गर्भ बिग्रेको, तुहिएको, समय नपुगी मरेको बच्चा जन्मेकोलाई जीवित जन्म भन्न मिल्दैन । बच्चा जन्मदै मरेको भए गणनामा समावेस गर्नु पर्दैन, जिउँदै जन्मेको बच्चाको गणना गर्न छुटाउनु हुँदैन ।

एकपटक विवाह भइसकेका (महल ११ को २ देखि ७ सम्म विवाहको कुनै स्थितिमा भएका), र उमेर १५ देखि ४९ वर्षसम्मका सबै महिलाबाट हालसम्म जिउँदै जन्मेका छोरा-छोरी (बाल-बच्चा) कति छन् सोधी सबै छोरा-छोरीको, फाराममा सोधीए-अनुसारको विवरण लेख्नुपर्दछ । जायजन्मसम्बन्धी प्रश्न सम्बन्धित महिलालाई नै सोध्नुपर्छ, पुरुषलाई सोधी लेखिएको जवाफ गलत हुन सक्छ ।

तपाईंको छोराछोरी कति जन्मिए ?

जीवित जन्म भएका सबै छोरी-छोरा गणना गर्न नछुटून् भन्ने हेतुले छोरी-छोराको हालको स्थिति के छ - सँगै (यस परिवारमा) बस्ने, अन्यत्र बस्ने, मरेका, छोरा छोरी कति छन् सोधी छोरा र छोरीको संख्या अलग-अलग लेखी जम्मा संख्या समेत निम्नानुसार बुझी लेख्नुपर्दछ । यसमा छोरी-छोराको सख्या लेख्दा सम्बन्धित महिलाको गर्भबाट जन्मेका छोरा-छोरीको मात्र उल्लेख गर्नुपर्छ, अरुबाट जन्मेको, धर्मपुत्र/पुत्री पालेको भए यी महिलाको छोरा-छोरीमा समावेश गर्नुपर्दैन ।

१. **सँगै बस्ने छोरा-छोरी** - यसै परिवारमा (वा आमासँग) बस्ने छोरी, छोराको संख्या यसमा लेख्नुपर्छ । विवाह नभएका र विवाह भएका छोराहरू तथा अविवाहित छोरीहरू साधारणतया आमासित बस्ने हुन्छन् ।

२. **अन्यत्र बस्ने छोरा-छोरी** - यो परिवारमा वा आमासँग नबसी अन्यत्र बसेका (पढ्न अन्यत्र गएका वा विवाह भएर गएका) छोरा र छोरीको संख्या यस महलमा लेख्नु पर्छ । यदि कुनै छोरा वा छोरी स्वदेशमा अन्यत्र वा विदेश गएका भए आमासँग नवसेकोमा लेख्नुपर्छ ।

३. **मरेका छोरा-छोरी** - जीवित जन्म भई तुरन्त वा पछि मरेका छोरा, छोरी कोही भए मरेका छोरा, छोरीको संख्या अलग-अलग लेख्नुपर्छ । तर जन्म हुँदा नै मरेको बच्चा भए यहां समावेस गर्नु हुँदैन ।

४. **जम्मा छोरा-छोरी** - माथि उल्लेख भएअनुसार जायजन्म भएका छोरा/छोरीमध्ये सँगै वस्ने, अन्यत्र बस्ने तथा मरेका छोरा छोरीहरूको संख्या अलग-अलग जम्मा गरी लेख्नुपर्छ । यदि अलग-अलग लेखिएको संख्या र जम्मा संख्या नमिलेमा किन फरक भएको हो सोधी यकिन गरी सच्याउनु पर्ने भए सच्याई लेख्नुपर्दछ ।

द्रष्टव्य - प्रश्न सोध्दा जिउँदो जन्म भई मरेका छोरी छोरा कुनै थिए कि बिशेष सोधखोज गर्नुपर्दछ । यद्यपि मरेका छोरा-छोरीको बारेमा प्रश्न सोध्नु संवेदनशील हुन्छ, र कतिपयले मरेका केटा-केटीको विवरण दिन रुचाउँदैनन् । यस्तो विवरण दिन आवश्यक पर्दैन भन्ने धारणा पनि हुन सक्तछ । तर प्रजनन् र मृत्युसम्बन्धी अध्ययनका लागि यो विवरण आवश्यक हुन्छ । खास गरेर जन्म भएको तुरुन्त वा केही समयपछि मरेका बच्चाहरूको विवरण लिन छुट हुने सम्भावना हुन्छ । यस्तै छोरीहरू गणनामा छुट्न सक्तछन् । जायजन्मको विवरण संकलनमा आवश्यक समय दिइ जन्म भएका छोरी, छोराको स्थिति एकएक गरी सोधी छोरी, छोराको संख्या अलग-अलग लेख्नुपर्छ ।

महल १४ : बितेको १२ महिनामा जीवित बच्चा जन्माउनुभएको थियो ?

(एकपटक विवाह भएका १५ देखि ४९ वर्षसम्मको उमेरका महिलालाई मात्र)

१. थियो *२. थिएन*

जायजन्मको लागि बितेको १२ महिना भन्नाले - गणना गरेको दिन अघिको १२ महिनालाई वुझाउँछ । गणनाको समय २०५८ सालको जेठ-असार महिना हुने भएकाले गणना अघिको एक वर्षमा २०५७ सालको केही महिना र २०५८ का सुरूका महिना पर्दछन् । गणना अघिको १२ महिनामा जीवित बच्चा जन्मेको भए गणना गर्नुपर्छ ।

जिउँदै अथवा जीवित जन्म भनेको के हो बुझ्न महल १३ को व्याख्यामा उल्लेख गरिएको छ । उक्त अवधिमा जीवित जन्म भई तुरुन्त वा पछि मरेको बच्चा भए पनि जीवित जन्मेको थियो हुन्छ र गणनामा समावेस गर्नुपर्छ । तर गर्भमै मरेको बच्चा जन्मेको भए त्यस्तो जन्म उल्लेख गर्नु पर्दैन ।

गणना गरिएका महिलाको यस अवधिमा जीवित बच्चा जन्मेको भए "थियो" को १ मा चिन्ह लगाउनुपर्छ र जीवित बच्चा जन्मेको नभए "थिएन"को २ मा चिन्ह लगाउनुपर्छ ।

थियो को १ मा चिन्ह लगाएपछि –

जन्मेको बच्चा पुरुष वा स्त्री ..... जन्म भएको साल ..... महिना.....खुलाउनुपर्दछ ।

जीवित जन्म भएका एकभन्दा बढी बच्चा भए पनि सबै बच्चाको गणना गर्नुपर्छ र जन्मेका बच्चा पुरुष वा स्त्री के हुन् संकेत अंकले छुट्याइ सबैको जन्म साल र महिना अलग - अलग गरी लेख्नुपर्छ । उक्त एक वर्षको समयमा एकजना महिलाको जुम्ल्याहा, तिम्ल्याहा बच्चा जिउँदै जन्मेका भए पनि सबै बच्चाको पुरुष अथवा स्त्री छुट्याई जन्म साल ..... महिना ..... कमैसँग लेख्नुपर्छ । लेख्ने ठाउँ नपुगे पाना थपी लेख्नुपर्छ ।

उदाहरण - गणना २०५८ असार २ गते गरिँदैछ भने बितेको १२ महिना २०५७ असार ३ गते देखि २०५८ असार २ सम्म हुन्छ । २०५७ साल श्रावण १० गते छोरी जन्मेको भए पहिलो Column को लिङ्गको हरफमा तल कोठामा २ लेखी सालमा २०५७ र महिनामा ०४ लेख्नुपर्दछ । छोरा जन्मेको भए पुरुष जनाउन १ लेख्नुपर्छ ।

महल १५ : वितेको १२ महिनामा अक्सर के गर्नुहुन्थ्यो ?

(१० वर्ष र सोभन्दा माथिको उमेरका सबैलाई)

१. कृषि /आफ्नै खेतीपाती
२. तलब/ज्याला
३. आफ्नै (गैह्र कृषि) व्यवसाय
४. विस्तारित आर्थिक काम
५. कामको खोजी
६. घरधन्दा
७. अध्ययन (विद्यार्थी)
८. कुनै काम नगरेको

वितेको १२ महिनामा अक्सर के गर्नुहुन्थ्यो भन्ने प्रश्नका दुई खण्ड छन् - वितेको १२ महिनामा अक्सर के (काम) गर्नुहुन्थ्यो ।

वितेको १२ महिनामा अक्सर के गर्नुहुन्थ्यो भन्नाले – गणना गरेको दिन अघिको १२ महिनामा (१ वर्षमा) धेरैजसो समय के काम गर्नुहुन्थ्यो, सोधीएको हो ।

काम भन्नाले – जुनसुकै किसिमको, आम्दानी हुने वा आम्दानी नहुने, कामलाई बुझाउँछ । गणना गरिएका व्यक्तिले वितेको १२ महिनामा विभिन्न कामहरू (माथि १ देखि ७ सम्म उल्लेख भएका काम) गरेको वा ८ मा कुनै काम नगरेको हुन सक्तछ, तर यहाँ धेरैजसो समय के काममा बिताउनु भयो अथवा के काम गर्नु भयो? सोधीएको हो । काम जनाउँदा धेरैजसो समय के काम गरेको थियो उक्त धेरैजसो समय गरेको काम जनाउन दिएको संकेत अंकमा चिन्ह लगाउनुपर्छ ।

उदाहरण – वितेको १२ महिनामा गणना गरिएका व्यक्तिले आफ्नै खेतीपातीको काम ३ महिना, तलब/ज्याला पाउने काम २ महिना, आफ्नै व्यापार ४ महिना, घरधन्दाको काम २ महिना गरेको र १ महिना कुनै काम नगरेको भए सन्दर्भ अवधिमा सबैभन्दा बढी समय (४ महिना) आफ्नै ब्यापारको काम गरेकोले अक्सर गरेको काम जनाउन ३ (व्यापार वा आफ्नै गैह्रकृषि व्यवसाय जनाउने अंक) मा चिन्ह लगाउनुपर्छ ।

माथि १ देखि ८ सम्म उल्लेख गरिएका कामहरूलाई मुख्यतया ४ खण्डमा बिभाजन गरिएको छ ।

१. आर्थिक कामहरू – आफ्नै कृषि/खेतीपातीका कामहरू; तलब/ज्याला लिई गरेका कामहरू, आफ्नै गैह्रकृषि व्यवसायका कामहरू हुन् । अर्को शब्दमा माथि १,२ र ३ मा उल्लेख भएका कामहरू आर्थिक काम हुन् ।

२. बिस्तारित आर्थिक काम – परिवारको उपभोगका लागि वस्तु उत्पादन गर्ने क्रममा परिवारका सदस्य (हरू) आफैले गरेका काम, जस्तै - दाउरा, पानी जोरजाम गर्ने, घरमा वा अन्यत्र गई खाद्य सामग्री उत्पादन गर्ने वा प्रशोधन गर्ने काम (संकेत ४ मा उल्लेख गर्नु पर्ने कामहरू) हुन् ।

३. आर्थिक कामको खोजी (माथि ५ मा उल्लेख भएको काम);

४. गैह्र आर्थिक कामहरू – घरधन्दाको काम, अध्ययन (विद्यार्थी), र (कुनै आर्थिक काम नगरेको) । अर्को शब्दमा ६, ७ र ८ मा उल्लेख भएका कामहरू ।

माथि उल्लेख गरेका कामहरूलाई गणनाको प्रयोजनका लागि सामान्य रूपमा बुझ्न निम्नानुसार व्याख्या गरिएको छ ।

१. **आफ्नै कृषि/खेतीपाती** – खेतीपाती/कृषि भन्नाले - सबै कृषिकार्यहरूलाई बुझाउँछ । कृषिकार्यहरू के-के हुन् बुझ्न निम्नानुसार उल्लेख गरिएको छ (लगत १ को पारिवारिक विवरणको प्रश्न ३ देखि ६ सम्म पनि कृषिकार्यहरू वा खेतीपातीका कार्य के-के हुन् उल्लेख गरिएको छ) ।

कृषिकार्यहरू –

१. अन्नवाली (धान, गहुँ, मकै, कोदो आदि), नगदेबाली, तरकारी, फलफूल (सुन्तला, केरा, आँप, कटहर, भूइँकटहर, स्याउ, नास्पती, अम्वा आदि) उत्पादन गर्ने काममा खन्ने, जोत्ने, रोप्ने, गोड्ने, स्याहार गर्ने, काट्ने, दाइँगर्ने, सुकाउने, केलाउने, थन्क्याउने, बीउबिजन संकलन गर्ने आदि सबै कामहरू कृषिकार्य वा खेतीपातीका काम हुन् ।

२. यसैगरी पशु/पंक्षी पालन - गाई, भैंसी, भेडा-बाख्रा, सुँगुर-बंगुर, खरायो पालन कृषि कार्य हुन् र मासु, फुल उत्पादन गर्ने उद्देश्यले पालेका कुखुरा, हाँस, अरू चराचुरुंगी आदि पालन गर्ने काम पनि कृषिकार्यमा पर्दछन् ।

३. माछापालनको लागि पोखरी तयार गर्ने लगायत भुरा संकलन, दाना संकलन र संरक्षणको काम पनि कृषिकार्य हुन् ।

४. बनवनेलोका लागि रूख रोप्ने, गोडमेल गर्ने, घाँसका रूख लगाउने, गोड्ने, संरक्षण गर्ने कामहरू पनि कृषिकार्य हुन् । यसैगरी मौरीपालन, रेशमखेतीको काम पनि कृषि कार्यमा नै पर्दछन् ।



विभिन्न कृषि कार्य



खेतीपातीको झलक

तर कृषिमा आधारित उद्योगहरू (Manufacturing Industries), जस्तै - खाद्यवस्तु उत्पदन गर्ने उद्योग कुट्ने पिसने उद्योग, बेत-बाँसका सामग्री उत्पादन गर्ने उद्योग, स-मील आदिमा गरिने काम खेतीपाती वा कृषिकार्यमा पर्दैनन् ।

आफ्नै खेतीपाती/कृषि भन्नाले – कुनै व्यक्तिले पूँजी (नगद,जिन्सी), श्रम लगानी गरी यसवाट हुने नाफा-नोक्सान पनि आफैले बेहोर्ने गरी चलाएको खेतीपाती/कृषिकार्यलाई बुझाउँछ ।

गणना गरिएका व्यक्तिले वितेको १२ महिनामा धेरैजसो समय आफ्नै खेतीपाती/कृषि व्यवसायमा काम गरेका भए आफ्नै खेतीपाती/कृषि जनाउन १ मा चिन्ह लगाउनुपर्छ । परिवारका कुनै सदस्यले चलाएको खेतीपाती/कृषि कार्यमा सोही परिवारका अरू सदस्य(हरू)ले पनि धेरैजसो समय काम गरेका भए आफ्नै खेतीपाती/कृषिमा काम गर्ने प्रत्येक सदस्यको लागि १ मा नै चिन्ह लगाउनुपर्छ ।

तर नगद वा जिन्सी जुनसुकैरूपमा तलब, ज्याला, मजदुरी लिई अरूको खेतीपाती वा कृषि कार्य गरेको भए तलब/ज्याला पाउने को २ मा चिन्ह लगाउनु पर्दछ, १ मा चिन्ह लगाउनु हुँदैन ।

२. **तलव, ज्याला पाउने** : बितेको १२ महिनामा धेरैजसो समय अरूको कुनैकाम गरी तलब, ज्याला (नगद, जिन्सी वा जुनसुकै रूपमा) पाएको वा पाउने काम गरेको भए २ मा चिन्ह लगाउनुपर्छ ।

गणना गरिएका व्यक्तिले वितेको १२ महिनामा धेरैजसो समय सरकारी, गैरसरकारी, संघ-संस्था, प्रतिष्ठान वा निजी घरमा, व्यवसायमा वा जुनसुकै क्षेत्रमा तलब, ज्याला-मजदुरी पाउने गरी जुनसुकै किसिमको काम गरेको भए "तलब, ज्याला पाउने" को २ मा चिन्ह लगाउनुपर्दछ ।

तलब/ज्याला लिई अरूको काम गरेको

घरमा काम गर्न तलब, ज्याला दिइराखेका गोठाला, हली, भान्से वा कमैयाले सन्दर्भ समयमा कुनै काम गरेका भए पनि तलब, ज्याला पाउनेको २ मा चिन्ह लगाउनुपर्छ ।

अरूको घर निर्माण

खेतीमा काम गर्नेको ज्याला

महिला प्रहरी

उदाहरण — वेदबहादुर मगरको परिवारमा ४ जना सदस्य (बेदबहादुर, श्रीमती, छोरी र घरमा काम गर्न राखेको भद्रबहादुर पुलामी) छन् । बेदबहादुरले बितेको १२ महिनामा बिस्कुट फ्याक्ट्रीमा काम गरेका थिए, उनको श्रीमती दिलमाया मगरले सरकारी कार्यालयमा काम गरेकी थिइन् । श्रीमान्, श्रीमतीले उद्योगमा र सरकारी कार्यालयमा काम गरेको हुनाले काम गरेबापत तलब, ज्याला पाएका थिए । यी दुवैको काम लेख्दा २ मा चिन्ह लगाउनुपर्दछ । तर छोरी रत्नमाया मगरले उक्त समयमा आफ्नो खेतीपातीको काम गरेकी थिइन्, रत्नमायाको काम जनाउन १ मा चिन्ह लगाउनु पर्दछ । तलब लिइ अरूको घरमा बिभिन्न काम गर्न बसेका भद्रबहादुर पुलामी मगरको काम जनाउन २ मा चिन्ह लगाउनुपर्छ ।

३. **आफ्नै गैरकृषि व्यवसाय** : गैरकृषि व्यवसाय भन्नाले आफ्नै खेतीपाती/कृषिकार्य बाहेकका परिवारले चलाएका सबै किसिमका व्यवसायलाई बुझाउँछ ।

आफ्नै कुनै गैरकृषि व्यवसाय भन्नाले - कसैले गैरकृषि (कृषि, खेतीपातीबाहेकका अरू कुनै) व्यवसायमा पूँजी (नगद, जिन्सी), श्रम लगानी गरी त्यसबाट हुने नाफा, नोक्सान पनि आफैले बेहोर्ने गरी चलाएको व्यवसाय भन्ने बुझ्नु पर्छ ।

गणना गरिएका व्यक्तिले संदर्भ अवधिको धेरैजसो समय आफ्नै कुनै गैरकृषि व्यवसायको काम गरेका भए काम जनाउन ३ मा चिन्ह लगाउनुपर्छ । परिवारका कुनै सदस्य(हरू)ले चलाएको आफ्नै कुनै गैरकृषि व्यवसायमा परिवारका अरू सदस्यले पनि सन्दर्भ अवधिको धेरैजसो समय काम गरेका भए आफ्नै गैह्रकृषि व्यवसायमा काम गरेका सबैको लागि ३ मा चिन्ह लगाउनुपर्दछ ।

तर कसैले अरूको गैरकृषि व्यवसायमा कुनै किसिमको तलब, ज्याला वा मजदुरी लिई काम गरेका भए २ मा चिन्ह लगाउनुपर्छ, ३ मा चिन्ह लगाउनु हुँदैन ।

आफ्नै गैरकृषि व्यवसाय

आफ्नै तयारी पोशाक उद्योग

द्रष्टव्य – कृषिकार्य बाहेकका सबै उद्योग, खाद्य वा गैरखाद्य बस्तु उत्पादन गर्ने उद्योग, व्यापार, यातायात, सेवा, निर्माण, होटेल, रेष्टुरेण्ट आदि सबै व्यवसाय गैर कृषि व्यवसाय हुन् । गैरकृषि व्यवसायका केही उदाहरण निम्नानुसार दिइएको छ ।

१. परिवारको आय, आर्जनमा सहयोग हुने उद्देश्यले चलाएको साना, ठूला उत्पादन उद्योग, जस्तै – जाम-जेली, अचार, तितौरा, मस्योरा, भुजिया, पाउरोटी बनाउने, हलवाइ पसलको लागि मिठाई, समोसा, पकोडा, दही, दुरुखा, छुर्पी आदि बनाउने वा यस्तै खाद्य/गैरखाद्य बस्तु वा सामग्री बनाउने साना-ठूला उद्योग/व्यवसायहरू गैरकृषि व्यवसायका काम हुन् ।

२. श्रृङ्गारका सामग्री, जस्तै - चुरा, पोते, धागो, टीका, गहना बनाउने/ब्यापार गर्ने र यस्तै साना, ठूला उद्योग/व्यवसाय गैरकृषि व्यवसायका काम हुन् ।



माटोको भाँडा बनाएको

३. कुटो-कोदालो, हँसिया, हलो, फाली, माटोका भाँडा, धातुका भाँडा-वर्तन र यस्तै अरू सामग्री बनाउने साना-ठूला उद्योगहरू गैरकृषि व्यवसायका काम हुन् ।

४. बिक्रीका लागि बत्ती कात्ने, दुना-टपरी गाँस्ने/बनाउने, धुप-अगरबत्ती, मैनबत्ती र यस्तै सामग्री बनाउने साना-ठूला उद्योगहरू गैरकृषि व्यवसायका काम हुन् ।

५. बेत, बाँस, सन/पाट, बाबियोका सामग्री बनाउने, जस्तै - डोको, डालो, नाङ्गलो बुन्ने, डोरी बाट्ने र यस्तै अरू कामहरू गैरकृषि व्यवसाय हुन्। ढुङ्गा, काठ र कपडा आदिमा मूर्ति बनाउने, चित्र बनाउने र हस्तकलाका सामग्री बनाउने साना-ठूला उद्योगहरू गैरकृषि व्यवसायका काम हुन्।

६. साना, ठूला व्यापारहरू, जस्तै – चुरोट, सुपारी, बिँडी, पेपर, ल्वाङ, चकलेट, दुरुखा, छुर्पी आदि बिक्रीको लागि नाङ्गो, कार्टुन वा बाकसमा राखेको पसल/दोकान; पान-सुपारी पसल, फलफुल, तरकारी बेचबिखन गर्ने, ढकी-टोकरीको व्यापार, मासु, मदिरा ब्यापार, थोक/खुद्राका ठूला-साना सबै व्यापारहरू गैरकृषि व्यवसायका काम हुन्।

सागपात, तरकारी बेच्ने काम

७. बुनाइ, सिलाई, कटाइ गर्ने र अन्य सेवा – स्वेटर, टोपी, मोजा, पञ्जा आदि बुन्ने र बिक्री गर्ने, ज्याला मजदुरी लिई अरूको लागि बुनी दिने, कपडा सिउने, कपाल काट्ने, रेष्टुरेन्ट, चियापसल चलाउने, जुत्ता सिउने/मर्मत गर्ने र यस्ता सबै किसिमका साना-ठूला सेवा व्यवसायहरू गैरकृषि व्यवसायका काम हुन।



तान बुनेको



कपडा सिलाएको

८. रिक्सा, ठेला, गोरुगाडा, एक्का, टाँगा चलाउने, ज्याला/मजदुरी लिई भारी बोक्ने आदि परिवारका सदस्यले चलाएका वा गरेका यस्ता विभिन्न कामहरू गैरकृषि व्यवसायका काम हुन्।

९. डकर्मीको घर बनाउने काम, सिकर्मीको काठका सामग्री बनाउने काम र यस्तै साना-ठूला सेवाहरू गैरकृषि व्यवसायका काम हुन्।

उदाहरण –

१. बिहारीलाल र तीर्थकुमारीले नाफा/नोक्सान आफैले बेहोर्ने गरी, निर्माण सेवा संचालन गरेका छन्। निर्माणसेवामा काम गर्न राम कुमार गिरीलाई तलव दिई राखेका छन् भने विहारीलाल र तीर्थकुमारीले गरेको काम जनाउन ३ मा चिन्ह लगाउनुपर्दछ र रामकुमार गिरीको काम जनाउन २ मा चिन्ह लगाउनुपर्दछ।

२. हरिलाल लोहारको आफ्नै आरन (फलामका सामान बनाउने ठाउँ) छ, हरिलाल लोहार र श्रीमती देवकी लोहार आरनमा काम गर्दछन्। छोरा धनीकलाल लोहार खेती गर्दछन्। भने हरिलाल लोहार र देवकी लोहारको काम जनाउन ३ मा र धनीकलाल लोहारको १ मा चिन्ह लगाउनुपर्छ। हरिलाल लोहारको छोरी ललीता लोहारले फलाम र अरू धातुका सामग्रीको पसल (आफ्नै गैरकृषि व्यवसाय) चलाएकी भए ललिताको पनि काम जनाउन ३ मा चिन्ह लगाउनुपर्छ।

४. **विस्तारित आर्थिक काम** : विस्तारित आर्थिक काम भन्नाले - परिवारको (आफ्नो घरको) उपभोगका लागि दाउरा, पानी जोरजाम गर्ने, खाद्यान्न प्रशोधन गर्ने अथवा ढिकी, जाँतो वा मीलमा कुट्ने-पिस्ने, केलाउने काम गर्ने, परिवारको उपभोगका लागि अचार, तितौरा, मस्यौरा वा यस्तै खाद्यवस्तु बनाउने कामलाई बुझाउँछ । सन्दर्भ अवधिको धेरैजसो समय कसैले यी कुनै काम गरेको भए ४ मा चिन्ह लगाउनुपर्छ ।

परिवारको उपभोगको लागि गरिने बस्तु उत्पादन, प्रशोधन र संकलनका काम विस्तारित आर्थिक कामका उदाहरण हुन् ।

द्रष्टव्य : बिगतका गणनाहरूमा परिवारको उपभोगका लागि परिवारका सदस्य (हरू) ले घरमा उत्पादन गरेका वस्तु वा यस्ता वस्तु उत्पादन गर्न गरेको काम(हरू)लाई आर्थिक काममा गणना गरिएको थिएन । संशोधित राष्ट्रिय लेखाप्रणाली (SNA, 1993) अनुसार परिवारको उपभोगका लागि उत्पादन गरिएका यस्ता वस्तु(हरू) समेतलाई आर्थिक वस्तुसरह गणना गरिएको छ । यस्ता वस्तु उत्पादन गर्ने काममा संलग्न भएकालाई आर्थिक काम गरेको मानी गणनामा समावेश गरेको छ । त्यसैले यस्ता वस्तु उत्पादन गरेको कामलाई जनगणनाको प्रयोजनका लागि विस्तारित आर्थिक काम मा समावेश गरिएको हो ।

५. **कामको खोजी** : कामको खोजी भन्नाले – आम्दानी हुने काम गर्नको लागि कामको खोजी गरेकालाई बुझाउँछ । कामको खोजी गरेका व्यक्तिले सकियरूपले कामको खोजी गरेको र कामको लागि उपलब्ध हुनुपर्छ ।

गणना गरिएका व्यक्तिले संदर्भ अवधिको (बितेको १२ महिना) धेरैजसो समय कामको खोजी गरेका भए ५ मा चिन्ह लगाउनुपर्छ ।

सन्दर्भ समयमा कामको खोजी गर्ने व्यक्तिहरू - i. पहिले कुनै काम नगरेका वा कुनै काम गरेको भए पनि सन्दर्भ समयमा काममा नभएकाले कामको खोजी गर्ने र ii. काम गर्ने उमेर समूहमा प्रवेश गरेकाले कामको खोजी गर्ने हुन्छन् । आम्दानी हुने कुनै काम गर्न सक्षम भए पनि काम गर्न नपाई बितेको १२ महिनामा कामको खोजी गरेको हुन सक्तछ । सकिय भइ कामको खोजी नगरेका वा कामको लागि उपलब्ध नहुनेलाई कामको खोजी गरेको भन्नु हुँदैन ।

६ धरधन्दा : घरधन्दा भन्नाले – आफ्नो परिवार वा परिवारका सदस्यहरूको लागि खाना पकाउने, खुवाउने, परिवारका केटा-केटी, बूढा-बूढी वा बिरामीको स्याहार-सुसार गर्ने, आफ्ना बालबच्चालाई पढाउने (शिक्षा दिने), घर आँगन सफा गर्ने, लुगाधुने कामहरूलाई बुझाउँछ। प्राय: परिवारका कुनै सदस्यले अरू सदस्यको लागि वा आफ्नो लागि कुनै किसिमको तलब, ज्याला नलिई गरिने यी कामहरूलाई "घरधन्दाको काम" भन्ने गरिएको छ। आफ्नो र परिवारको लागि कुनै किसिमको तलब, ज्याला नलिइ गरिने यी कामलाई आर्थिक दृष्टिले आम्दानी नहुने काम गरेकोमा गणना गर्ने चलन रहेको छ।



परिवारको उपभोगका लागि परिवारका सदस्यले
उत्पादन गरेको सेवा घरधन्दाको काम हुन्।

गणना गरेका कुनै पुरुष वा महिलाले सन्दर्भ अवधिको धेरैजसो समय आफ्नै परिवारको लागि खाना पकाउने, बूढा-बूढी वा कुनै उमेरका बिरामीको स्याहार-सुसार गर्ने, आफ्ना बाल-बच्चालाई शिक्षा दिने, घर-आँगन सफा गर्ने, लुगाधुने काम गरेको भए घरधन्दाको काम जनाउन ६ मा चिन्ह लगाउनुपर्छ। यस्तै - गर्भवती भएर, सुत्केरी भएर, बाल-बच्चाको सुसार गर्नु पर्ने भएर, आम्दानी हुने काम गर्न नपाएको भए वा कम समय काम गरेको भए पनि ६ मा नै चिन्ह लगाउनुपर्छ।

तर तलब, ज्याला (नगद, जिन्सी) लिई अरूको लागि गरेका यी नै (खाना पकाउने, केटाकेटी, बूढाबूढी वा बिरामीको स्याहार सुसार गर्ने, बालबच्चालाई शिक्षा दिने, घर आँगन सफा गर्ने, लुगाधुने आदि) काम आम्दानी लिइ गरेका काम हुन्। माथि उल्लेख भएझैं सन्दर्भ अवधिको धेरैजसो समय गणना गरेका कुनै पुरुष वा स्त्रीले तलब, ज्याला/मजदुरी लिइ यी कुनै काम गरेका भए २ मा चिन्ह लगाउनुपर्छ, घरधन्दाको ६ मा जनाउनु हुँदैन।

घरायसी काम र आर्थिक काम छुट्याउन केही उदाहरण -

१. घरायसी काम पुरुष वा स्त्री जोसुकैले गरेको हुन सक्तछ। आर्थिक दृष्टिले आम्दानी हुने र आम्दानी नहुने काममा के फरक छ, स्पष्ट हुन नसकेको कारणले आम्दानी हुने कामलाई पनि प्रायः घरायसी/घरधन्दाको (आर्थिक दृष्टिले आम्दानी नहुने) काममा उल्लेख गर्ने गरिन्छ। सन्दर्भ वर्षको अधिकांस समय खेतीपाती, करेसाबारीमा तरकारी सागपात लगाउने काम, वस्तुभाउ चराउने, घाँसपात गर्ने; सागपात, तरकारी वा अरूकुनै सामग्री बजार लागी बिक्री गर्ने; वा आफ्नै उपभोगको लागि घरैमा ढिकी-जाँतोबाट खाद्यवस्तु प्रशोधन गर्ने गरेको भए आम्दानी हुने (आर्थिक) काम गरेको हुन्छ। यी कामहरू घरायसी काम होइनन्, आम्दानी हुने काम हुन्।

२. स्वस्नीमानिस वा लोग्नेमानिसले आफ्नो उपभोगका लागि घरमै बसी राडीपाखी बुन्ने, गलैचा बुन्ने, स्वेटर बुन्ने वा ज्याला/मजदुरी लिई अरूको लागि बनाइदिने वा यी सामग्री बजारमा वा अरूलाई बिक्री गर्न बनाएको भए पनि आम्दानी हुने काम गरेको हुन्छ। यी कामहरू घरधन्दाको काम होइनन्, आम्दानी हुने (आर्थिक) काम हुन्।

३. खास गरेर महिलाहरूको लागि - वितेको १२ महिनामा अक्सर के काम गर्नुभयो ? प्रश्न सोध्दा "घरायसी काम/घरधन्दा" गरेको भन्ने जवाफ आएमा - घरायसी काम गर्दा के के काम गर्नुहुन्थ्यो ? भन्ने पुरक प्रश्न अनिवार्य सोध्नुपर्छ। पूरक प्रश्नका केही सम्भावित जवाफहरू निम्नानुसार हुन सक्तछन्।

   क. खेतीपातीको काम गर्ने, बस्तुभाउ वा गाई, भैंसी, भेडा, बाखा आदि हेर्ने र यिनको सेवा सुसार गर्ने, घाँस काट्ने, खोले-कुँडो बनाउने, दूध दुहुने आदि हुन सक्तछ।

   ख. कपडा (सारी, धोती, खास्टो, टोपी, चोलो आदि) बुन्ने, कपडा सिलाइ र अरू सिलाइ/बुनाइ गर्ने, डोको, डालो, नाम्लो, दाम्लो डोरी बाट्ने, पाउरोटी, जाम-जेली बनाउने आदि काम पनि घरायसी कामसरह उल्लेख गरेको हुन सक्तछ। यी काम आम्दानी हुने काम हुन्, घरायसी वा घरधन्दाको काम होइनन्।

   ग. बत्ती काल्ने, दुना टपरी गाँस्ने, लुगा धुने, घर-आँगन लिपपोत गर्ने, सुत्केरीको अथवा बिरामीको स्याहार गर्ने आदि कामहरू कुनै नगद, जिन्सी लिई वा वासको व्यवस्था (घर, कोठामा बस्न दिएको) बापत अरूको लागि गरिदिएको भए यी काम गर्नेहरूलाई आम्दानी हुने (आर्थिक) काम गरेकोसरह गणना गर्नुपर्छ।

   घ. ज्याला, मजदुरी गर्ने (ज्याला, मजदुरी लिई अरूको घरमा ढिकी-जाँतो गर्ने, घर-आँगन सफा गर्ने आदि) काम भए आम्दानी हुने काम गरेको हुन्छ।

गणना गरेका कुनै महिला वा पुरुषले सन्दर्भ अवधिको धेरैजसो समय घरायसी जस्तो लाग्ने माथि उल्लेख भएका यी विभिन्न वा कुनै काम गरेको भए आर्थिक दृष्टिले आम्दानी हुने काम गरेको हुन्छ, धेरैजसो समय कुन काम गरेको हो, मिल्दो कामको अंक १, २, ३ वा ४ मा चिन्ह लगाउनुपर्दछ। सन्दर्भ समयमा आर्थिक दृष्टिले आम्दानी हुने काम गरेका स्त्री वा पुरुषलाई घरायसी काम गरेकोमा जनाउनु हुँदैन।

द्रष्टव्य – महल २० को २ मा पनि धेरैजसो समय आर्थिक काम नगरेको कारण जनाउन घरधन्दा उल्लेख भएको छ। उक्त महलमा आम्दानी हुने काम नगरेको वा कम समय काम गरेको कारण खुलाउनुपर्छ। आम्दानी हुने काम नगरेको वा कम समय काम गरेको कारण खुलाउनु पर्नेमा - कारण खुलाउनु पर्दा यी विभिन्न काम(हरू), जस्तै- आफ्नै परिवारको लागि खाना पकाउने, बूढा-बूढी वा कुनै उमेरका बिरामीको स्याहार-सुसार गर्ने, आफ्ना बाल-बच्चालाई शिक्षा दिने, घर आँगन सफा गर्ने, लुगाधुने काम गरेको भए आम्दानी हुने काम नगरेको जनाउन २ मा चिन्ह लगाउनुपर्दछ।

तर गर्भवती वा सुत्केरी भएर बाल-बच्चाको सुसार गर्ने आर्थिक काम गर्न नपाएको भए वा कम समय काम गरेको भए महल २० मा ७ को अन्यमा के कारणले आम्दानी हुने काम गर्न नपाएको हो वा कम समय (आम्दानी हुने) काम गरेको हो कारण लेख्नुपर्छ।

७ अध्ययन (विद्यार्थी) : अध्ययन (विद्यार्थी) भन्नाले - स्कूल, क्याम्पस, विश्वविद्यालय वा अन्य कुनै शिक्षण संस्थामा भर्ना भएर वा नभइ शिक्षा आर्जन वा तालिममा नियमितरूपले अध्ययनको काम गरेका विद्यार्थी वा छात्र/छात्रा बुझ्नु पर्दछ ।

गणना गरिएका व्यक्तिले सन्दर्भ अवधिको धेरैजसो समय अध्ययन, तालिममा बिताएको भए अध्ययन (विद्यार्थी) जनाउन ६ मा चिन्ह लगाउनुपर्दछ । अर्को शब्दमा शैक्षिक संस्था - स्कूल, क्याम्पस, वा शिक्षण प्रतिष्ठानमा भर्ना भएर वा नभई सन्दर्भ वर्षको अधिकांश समय अध्ययन गरेका, तालिम लिएकाहरूलाई उनीहरूले धेरैजसो समय गरेको काम जनाउन ७ मा चिन्ह लगाउनुपर्छ ।

तर अध्ययन, तालिमका लागि विद्यालय, शिक्षण संस्थामा भर्ना भए तापनि सन्दर्भ वर्षको अधिकांश समय अध्ययन, तालिम समयमा नदिई अरू कुनै काम (आम्दानी हुने वा नहुने) गरेको भए कामको मिल्दो अंकमा चिन्ह लगाउनुपर्छ, ७ मा चिन्ह लगाउनु हुँदैन ।

८. **कुनै काम नगरेको** : कुनै काम नगरेको भन्नाले – आम्दानी हुने (माथि १, २, ३ र ४ का कामहरू) कुनै काम नगरेको, कामको खोजी पनि नगरेको र आम्दानी नहुने काम (माथि ६ र ७ का कामहरू) समेत नगरेको भन्ने बुझाउँछ ।

माथिको प्रश्नले सन्दर्भ अवधिमा धेरैजसो समय १ देखि ७ सम्मका काम गरेको भए के काम गर्नु भयो भन्ने छ तर ८ मा संदर्भ अवधिको धेरैजसो समय १ देखि ७ सम्मका कुनै पनि काम नगरेको भन्ने बुझाउँछ । गणना गरिएका व्यक्तिले संदर्भ अवधिको धेरैजसो समयमा १ देखि ७ सम्मका कुनै काम नगरेको भए काम नगरेको जनाउन ८ मा चिन्ह लगाउनु पर्छ ।

काम नगरेका कारण विभिन्न हुन सक्तछन्, जस्तै वृद्ध भएर, बिरामी वा रोगी भएर, शारीरिक वा मानसिक स्थिति ठीक नभएर, गर्भवती भएर आदि ।

उदाहरण –

१. दिव्यकुमारी मोक्तानको परिवारमा पाँचजना सदस्य छन् - श्रीमान् थीरमान मोक्तान, दुई छोरी सरिताकुमारी मोक्तान र केसरीकुमारी मोक्तान, छोरा रबिमान मोक्तान ।

बितेको १२ महिनामा दिव्यकुमारी मोक्तानले ८ महिना जति गैरसरकारी कार्यालयमा तलबी काम गरी आफ्नो परिवारलाई खाना पकाउने, कपडा धुने र घरआँगनको काम समेत गर्नु भयो । तीन महिना कुखुरा पालनको काम गर्नु भयो र बिरामी भएकाले एक महिना जति कुनै काम गर्न सक्नु भएन । थीरमान मोक्तानले ५ महिना आफ्नो घरमा खुद्रा व्यापार गर्नु भयो, ४ महिना स्थानीय स्कूलको शिक्षक भई काम गर्नुभयो, ३ महिना कुखुरा पालनमा श्रीमतीलाई सघाउनु भयो । जेठी छोरी सरिता स्थानीय स्कूलमा पूरा समय शिक्षक हुनुहुन्थ्यो । सानी छोरी केसरी ७ कक्षामा पढ्दै छिन् । छोरा रबिमानले ३ महिना खेतीपातीमा काम गरे, ५ महिना जति कामको लागि खोजी गरे तर केही काम पाएनन्, २ महिना घरको कुखुरा पालनमा काम गरे र २ महिना ग्रामीण रोजगार कार्यक्रममा तालिम लिने मौका पाएका थिए ।

यस महलमा यो परिवारका सदस्यहरूले बितेको १२ महिनामा धेरैजसो समय गरेको काम उल्लेख गर्नु पर्दा - दिव्यकुमारी मोक्तानको २ मा, थीरमान मोक्तानको ३ मा, सरिता मोक्तानको २ मा, केसरी मोक्तानको ७ मा र रबिमान मोक्तानको ५ मा चिन्ह लगाउनुपर्दछ ।

यस महलमा बितेको १२ महिनामा धेरैजसो समय गरेको काम खुलाइसकेपछि महल १६ मा काम गरेको समय क्रमशः उल्लेख गर्नुपर्दछ ।

महल १६ : बितेको १२ महिनामा के के काम कति कति समय गर्नुभयो ?

१. आर्थिक काम गरेको ..... महिना

२. बिस्तारित आर्थिक काम ..... महिना

३. आर्थिक कामको खोजी ..... महिना

४. आर्थिक काम नगरेको ..... महिना

यस प्रश्नका दुइ खण्ड छन् - बितेको १२ महिना (संदर्भ अवधि) मा

i. के-के काम गर्नु भयो ? ii. कति-कति समय काम गर्नु भयो ?

पहिलो खण्डको के-के काम गर्नुभयो भन्नेमा कामहरू महल १५ सँग संबन्धित छन्। महल १५ मा सन्दर्भ अवधिको धेरैजसो समय गरेको काम (१ देखि ८ सम्मका कुनै एक) उल्लेख गर्नुपर्दछ। तर कुनै व्यक्तिले संदर्भ वर्षको धेरैजसो समय महल १५ को कुनै एउटा काम गरेको भएता पनि बाँकी (थोरै) समय महल १५ को नै अरूकाम(हरू) पनि गरेको हुन सक्तछ।

त्यसैले के-के काम भन्नाले - धेरैजसो समय गरेको काम र थोरैसमय गरेको काम(हरू) पनि भए दुवै (सबै) कामलाई बुझाउँछ।

कति कति समय काम गरेको भन्नाले - धेरैजसो समय गरेको काम र थोरैसमय गरेको काम(हरू) पनि भए दुवै (सबै) काम कति कति महिना गरेको हो सोलाई बुझाउँछ।

माथि उल्लेख भए अनुसार बितेको १२ महिनामा गरेका कुनै कामलाई, गणनाको प्रयोजनका लागि, आर्थिक कामको दृष्टिले, ४ समूहमा विभाजन गरिएको छ।

क. आर्थिक काम (महल १५ को १, २ र ३ का कुनै वा विभिन्न कामहरू) गरेको जम्मासमय (धेरैजसो र भए थोरै समय काम गरेको समेत) → महल १६ को १ मा लेख्नुपर्छ,

ख. विस्तारित आर्थिक काम (महल १५ को ४ का कामहरू) गरेको जम्मा समय → महल १६ को २ मा लेख्नुपर्छ,

ग. आर्थिक कामको खोजी – महल १५ को १, २, ३ मा उल्लेख भएका कामको खोजी गरेको भए कति समय कामको खोजी गरेको थियो → महल १६ को ३ मा लेख्नु पर्छ,

घ. आर्थिक काम नगरेको – महल १५ को ६, ७ मा उल्लेख भएका काम गरेको जम्मा समय र ८ मा कुनै काम नगरेको समय (धेरैजसो समय र थोरै समय काम गरेको भए सो समेत) → महल १६ को ४ मा लेख्नु पर्छ।

गणना गरिएका व्यक्तिले बितेको १२ महिना (संदर्भ अवधिमा) मा महल १५ मा लेखिएका के-के काम(हरू) कति-कति समय गरेको हो, काम गरेको समय महिनामा जम्मा गरी माथि क, ख ग र घ मा उल्लेख भए अनुसार, यस महलको ४ शीर्षक - आर्थिक काम गरेको, बिस्तारित आर्थिक काम गरेको, आर्थिक कामको खोजी गरेको र आर्थिक काम नगरेको) मा अलग अलग लेख्नुपर्दछ।

यस महलको १, २, ३ र ४ मा लेखिएका महिनाहरू जम्मा गर्दा १२ हुनुपर्छ, घटी वा बढी भए उत्तरदातालाई पुन: सोधी कहाँ गल्ती भएको हो सच्याई लेख्नुपर्छ।

द्रष्टव्य –

१. क. *महल १५ को १, २ र ३ का कुनै वा सबै काम सन्दर्भ अवधिको पूरा समय गरेको भए महल १६ को १ मा १२ लेख्नुपर्छ। अर्को शब्दमा महल १५ को १ वा २ वा ३ को कुनै एकमा चिन्ह लगाएको भए यस महलको १ मा ० हुनु हुदैन। यी कुनै काम नगरेको भए ० लेख्नुपर्छ।*

ख. *महल १५ को ४ मा चिन्ह लगाएको भए यस महलको २ मा ० हुनु हुँदैन। तर कुनै समय पनि विस्तारित आर्थिक काम नगरेको भए २ मा ० लेख्नुपर्छ।*

ग. *महल १५ का ५ मा चिन्ह लगाएको भए यस महलको ३ मा ० हुनु हुँदैन। तर कुनै समय पनि कामको खोजी नगरेको भए यस महलको ३ मा ० लेख्नुपर्छ।*

घ. *महल १५ को ६, ७ वा ८ मा चिन्ह लगाएको भए यस महलको ४ मा ० हुनु हुँदैन। महल १५ को ६ र ७ को काम गर्दा बिताएको समय र ८ मा कुनै काम नगरेको समय समेत जम्मा समय कति हुन्छ सो समय लेख्नुपर्छ।*

ङ. *बितेको १२ महिनामा धेरैजसो समय महल १५ को ६, ७, ८ मा उल्लेख भएका काम गरेको भए पनि अरू समय वा कम समय आर्थिक काम (आर्थिक दृष्टिले आम्दानी हुने काम, महल १५ को १, २, र ३ मा उल्लेख भएका काम), गरेको हुन सक्तछ। यदि आर्थिक काम गरेको भए जम्मा कति महिना काम गरेको हो महल १६ को १ मा आर्थिक काम गरेको समय जम्मा गरी लेख्नुपर्छ। यसै गरी महल १५ को ४ को काम थोरै समय गरेको भए पनि महल १६ को २ मा लेख्नुपर्छ।*

च. *माथि क, ख र ग मा उल्लेख भएको समयका अतिरिक्त यस महलको १, २, ३ र ४ मा क्रमशः आर्थिक काम गरेको, विस्तारित आर्थिक काम गरेको, आर्थिक कामको खोजी गरेको, र आर्थिक काम नगरेको समयको बितरण ० र १२ महिनाको बीचमा रही विभिन्न किसिमले हुन सक्तछ। यस महलको १, २, ३ र ४ मा लेखिएको महिना जम्मा गर्दा १२ हुनु पर्छ, अन्यथा भए लेखिएको गलत हुन्छ ।*

२. क. *सन्दर्भ अवधिमा कुनै दिन एक घण्टा आर्थिक काम गरेको भए उक्त दिनलाई पूरा दिन आर्थिक काम गरेको सरह बुझ्नु पर्दछ, । एक घण्टा भन्दा घटी काम गरेको भए काम नगरेको दिनसरह हुन्छ।*

ख. *तर आर्थिक काम गरेको वा नगरेको जम्मा दिनलाई ३० दिनको १ महिनाले हिसाब गरी उत्तर लेख्दा महिनामा लेख्नुपर्छ। हिसाब गर्दा शेष - १५ दिन र सो भन्दा बढी भए १ महिना, र १५ दिन भन्दा घटी भए ० महिना गरी हिसाब गर्नुपर्छ।*

ग. *एक महिनामा विभिन्न किसिमको काम गरेको भए जुन काममा बढी समय (दिन) बिताएको हो उक्त महिनालाई बढी समय (दिन) गरेको काममा लेख्नुपर्छ। यदि समय बराबर भए बढी आम्दानी भएको जुन काम हो सो काम गरेको मान्नुपर्दछ। समय र आम्दानी दुवै बराबर भए व्यक्तिले जुन कामलाई प्राथमिकता दिएको छ सो काम गरेको मान्नु पर्छ।*

महल १७, १८, १९ र २० का प्रश्न सोध्न निम्न कुरामा ध्यान दिनु पर्छ।

क. महल १६ को १ + २ + ३ को महिना ≥ ६ (छ महिना वा सोभन्दा बढी) महिना भए महल १७, १८ र १९ का प्रश्न सोध्नुपर्छ, महल २० सोध्नु पर्दैन।

ख. महल १६ को १ + २ + ३ को महिना < ६ (छ महिनाभन्दा कम) महिना तर >० भए महल १७, १८, १९ र २० सबै महलका प्रश्न सोध्नुपर्छ।

ग. महल १६ को १ = ० र ४ = १२ भए महल १७, १८ र १९ का प्रश्न सोध्नु पर्दैन, महल २० सोध्नुपर्छ।

महल १७ : ..... ले अक्सर के काम गर्नु भयो ?

(महल १६ को १+२ + ३ को समय > 0 महिना भएका सबैलाई)

गणना गरिएका व्यक्तिले बितेको १२ महिनामा धेरैजसो समय अथवा थोरै समय काम गरेको भए पनि खास काम के गरेको हो, सन्दर्भ समयमा गरेको काम लेख्नु पर्छ। काम गर्दा कुनै पद, ओहदा वा तह भए सोसमेत लेख्नुपर्छ।

महल १७, १८ र १९ को प्रयोजनका लागि काम भन्नाले - महल १५ को १, २, ३ र ४ मा उल्लेख भएका आर्थिक दृष्टिले आम्दानी हुने कामहरू हुन्।

सन्दर्भ समयमा कुनै व्यक्तिले आर्थिक दृष्टिले आम्दानी हुने यी कामहरू मध्ये कुनै एउटा काम वा विभिन्न काम गरेको हुन सक्तछ। कुनै काम धेरै समय गरेको हुन सक्तछ र कुनै काम थोरै समय गरेको हुन सक्तछ। महल १७, १८ र १९ मा कामको विवरण लेख्दा, सम्बन्धित महलको प्रश्नअनुसार, संदर्भ अवधिमा सबैभन्दा वढी समय गरेको कामको विवरण लेख्नु पर्छ। आर्थिक दृष्टिले आम्दानी हुने काम ३ महिना, २ महिना वा १ महिना मात्र गरेको भए पनि धेरैजसो समय वा बढी समय गरेको काम हुन सक्तछ।

लुगा धुने धोबी

चिठीपत्र बाँड्ने हल्कारा

गणना गरिएका व्यक्तिले सन्दर्भ अवधिको धेरैजसो समय खासकाम के गर्नु भएको थियो, गरेको काम, छोटो र स्पष्ट शब्दमा यो महलमा लेख्नुपर्छ।

सन्दर्भ वर्षमा धेरै जसो समय वा थोरैसमय भए पनि आम्दानी हुने के काम गरेको हो, व्यक्तिले गरेको खास काम उसको पेशा (Occupation) हुन्छ। विभिन्न व्यक्तिले गरेको विभिन्न काम अनुसार उनीहरूको पेशा पनि फरक हुन्छ। विभिन्न तहमा रही गरेको कामको प्रकृतिअनुसार पेशाको वर्गिकरण गरिन्छ। त्यसैले कामलाई उपयुक्त पेशामा वर्गिकरण गर्न व्यक्तिले गरेको खास काम र कुनै तह वा पदमा रही उक्त काम गरेको भए पद वा तहसमेत लेख्नुपर्दछ। यही काम र तह उल्लेख भएको आधारमा नेपालको जनशक्ति त्यस बखत के-के पेशामा संलग्न थियो छुट्याउन र पेशाअनुसार जनशक्तिको वर्गिकरण गर्न सकिन्छ। सन्दर्भ अवधिमा धेरैजसो समय गरेको कामको आधारमा काम गरेका व्यक्तिको पेशा खुलाउन केही उदाहरणहरू निम्नानुसार दिइएको छ।

खेतीपाती/कृषिकार्यमा विभिन्न किसिमका काम हुन्छन्, जस्तै – खन्ने, जोत्ने, बीउ संकलन गर्ने, बीउ छर्ने, रोप्ने, सिंचाइ गर्ने, गोड्ने, बालीमा लाग्ने रोगको औषधोपचार गर्ने, बाली काट्ने, थन्क्याउने आदि काम।

यी विभिन्न कामहरू प्राय सबै किसिमका खेतीपातीमा गर्नु पर्दछ, जस्तै ।

क. अन्न खेती/नगदे बालीमा - धान, गहुँ, मकै, जौ, कादो, फापर आदि उत्पादन गरिन्छ । दाल जातिमा रहर, मुङ, मास, केराउ, बोडी, सिमी आदि उत्पादन गरिन्छ । नगदे बालीमा सनपाट, उखु, सुर्ती, तोरी, सर्स्यू, आलस आदि उत्पादन गरिन्छ । अन्न खेती वा नगदेवालीमा के काम गरेको हो, गरेको काम लेख्नुपर्छ ।

ख. तरकारी खेतीमा – आलु, काउली, बन्दा कोबी, मुला, रायो, भण्टा, करेला, रामतोरिया, लौका, फर्सी आदि उत्पादन गरिन्छ । तरकारी उत्पादन गर्दा के काम गरेको हो, गरेको काम लेख्नुपर्छ ।

ग. फल खेतीमा – आँप, केरा, सुन्तला, स्याउ, अम्बा, नास्पाती, कटहर, अनार, निबुवा, कागती, भोगटे, भूँइकटहर, आदि फलहरू उत्पादन गरिन्छ ।

खेतीमा व्यक्तिले गरेको काम लेख्दा अक्सर कुन बालीको के काम गरेको थियो सोहीअनुसार लेख्नुपर्छ, जस्तै - "अन्न खेती सबै काम" "तरकारी खेती, रोप्ने, गोड्ने काम" "फलफूल खेती" "चिया, कफी खेती" "नर्सरी" "फूल उत्पादन/खेती" लेख्नुपर्छ ।

घ. कसैले खास गरी दूध, मासु, रौं, छाला र यस्तै उत्पादनको लागि चौपाया पालेको र धेरैजसो समय चौपायाको - गाई भैंसी, भेडा/वाखा, सुँगुर/बंगुर आदिको घाँसपात, चरनमा गोठालो गर्ने गरेका वा स्याहार सुसार गरेको भए काम जनाउन "पशुपालन" गोठालो वा "पशुपालनको सबै काम गर्ने" लेख्नुपर्दछ ।

ङ. माछा पालनको विभिन्न काम गरेका वा माछा मार्ने व्यक्तिको पेशा लेख्दा "माछा पालन" वा "माछा मार्ने काम" लेख्नुपर्छ ।

च. पंक्षी जातका कुखुरा, हाँस, बट्टाई आदि व्यवसायिक पालन गरेका भए काम लेख्दा "कुखुरा/हाँस/बट्टाई पालन" लेख्नु पर्दछ ।

छ. यस्तै रेशमखेती, मौरीपालन गरेको भए रेशमखेती, मौरीपालन लेख्नुपर्छ ।

ज. वनबनेलो लगाउने, वनका मूढा-दाउरा संकलन गर्ने, जडीबुटी संकलन गरेको भए के काम गरेको हो सोहीअनुसार लेख्नुपर्छ ।

सन्दर्भ समयमा खेतीपाती वा कृषिकार्य गरेका एक व्यक्तिले यी विभिन्न काम(हरू) गरेको हुन सक्तछ । यी विभिन्न काम गरेको भए जुन काम बढी समय गरेको हो सोही कामको विवरण लेख्नुपर्छ ।

उदाहरण -

१. *यी माथि उल्लेख भएका काम गर्दा कहाँ काम गरेको थियो, आफ्नो वा. अरूको - तलब, ज्याला/मजदूरी (नगद, जिन्सी) लिएर वा नलिई सो समेत खुलाउनु पर्छ ।*

२. *गणना गरिएका व्यक्ति डाक्टर भए बितेको १२ महिनाको धेरैजसो समय उनले अरूको स्वास्थ्य परीक्षण तथा औषधी-उपचार गरेको हुन सक्तछ । स्वास्थ्य परीक्षण तथा औषधी उपचारको काम गरेको भए यो महलमा उनले गरेको काम लेख्दा "स्वास्थ्य परीक्षण तथा औषधी-उपचार, डाक्टर" लेख्नुपर्छ । काम गर्ने व्यक्ति नर्स भए "स्वास्थ्य परीक्षण तथा औषधी-उपचार, नर्स" लेख्नुपर्छ । दाँतको डाक्टर भए "दाँतको औषधी उपचार, दाँतको डाक्टर" लेख्नुपर्छ ।*

तर स्वास्थ्य सेवाका सहायक भए - "दन्त सहायक", "मिडवाइफ", "चिकित्सा सहायक", "पशु चिकित्सा सहायक" लेख्नुपर्छ ।

३. *सूचीकार वा दर्जीले गरेको खास काम कपडा कटाइ गर्ने, कपडा सिउने हुन सक्तछ । व्यापारमा संलग्न व्यक्तिको काम – वस्तुको किनबेच गर्ने वा व्यवस्थापन गर्ने, बिक्रीको मालसामान ढुवानी गर्ने हुन सक्तछ, उक्त समयमा के काम गरेको हो – "कपडा सिउने", "मालसामान बिक्री गर्ने", "खुद्रा व्यापारी" - लेख्नुपर्दछ ।*

४. सरकारी कार्यालय, अर्धसरकारी, गैरसरकारी, संघसंस्था, प्राइभेट कम्पनीहरूमा काम गर्नेहरूले सन्दर्भ समयमा कुन पदमा रही काम गरेका थिए् कतिपय पदको नामबाट पनि कामको प्रकृति खुल्नसक्तछः जस्तै - टाइपिष्टले टाइपिङको काम गर्ने, सेल्सगर्लले मालसामानको बिक्री गर्ने, प्रशासकीय अधिकृतले कर्मचारी प्रशासनको काम गर्ने आदि । तर कतिपयले पद अनुसारको काम गरेका हुँदैनन् । त्यसैले तलब,ज्याला लिई काम गरेकाहरू (जागिर भएकाहरू) को पनि संदर्भ समयमा के काम गरेको थियो सोधी गरेको खास काम लेख्नु पर्छः जस्तै – "लेखा अधिकृत, लेखा प्रशासन", "लेखापाल, बुक किपिङ"; तथ्यांक संकलन गर्ने, गणक; प्रशासन नीति कार्यान्वयन गर्ने, सह-सचिव; लेखा परीक्षण गर्ने, उप-सचिव; लेख्नुपर्छ । यसै गरी - "कर्मचारीको लेखा राख्ने, कार्यालय सहायक", "रेकर्ड, फायल व्यवस्थित गर्ने" लेख्नुपर्छ ।

५. अध्यापन वा पढाउने शिक्षकहरूका लागि – सन्दर्भ समयमा पढाउने काम गरेको भए "शिक्षक, प्राथमिक स्कूल; "शिक्षक, माध्यमिक स्कूल; "शिक्षक, क्याम्पस वा विश्वविद्यालय; लेख्नुपर्छ ।

शारीरिक वा मानसिक अपांगहरूलाई पढाउने शिक्षक भए "शारिरीक वा मानसिक अपांगको शिक्षक" लेख्नुपर्छ ।

६. एउटै कार्यालय वा संस्थामा काम गर्ने व्यक्तिहरूको काम विभिन्न प्रकृतिको हुन सक्तछ, जस्तै - खाद्य संस्थानमा जागिर भएका व्यक्तिहरूको काम फरक-फरक छ । कसैको खास काम "कर्मचारी प्रशासन" हुन्छ, कसैको "आर्थिक प्रशासन" हुन्छ, कोही "खाद्य सामग्री बिक्री गर्ने" हुन्छन्, कोही "गोदाम रक्षक" छन् । ट्रक, कार वा जीपको ड्राइभर भए "ट्रक, कार वा जीपको ड्राइभर" लेख्नुपर्छ । गणना गरिएका व्यक्ति खाद्यसंस्थानमा जागिर भएका पाँचौं तहका व्यक्ति हुन र बितेको १२ महिनाको धेरैजसो समय संस्थानको खाद्य सामग्री बिक्री गरेका भए "खाद्य सामग्री बिक्री गर्ने", पाँचौं तह" लेख्नुपर्छ ।

७. उत्पादन उद्योग व्यवसायमा काम गरेको भए के गरेको थियो, काम स्पष्ट लेख्नुपर्दछ । उदाहरण - गार्मेन्ट उद्योगमा तयारी पोशाक बजार व्यवस्थापक भए - "बजार व्यवस्थापक", "सहायक बजार व्यवस्थापक" लेख्नुपर्दछ । कपडा सिउने भए "कपडा सिउने" लेख्नुपर्दछ । बिँडी उद्योगमा सुर्ती चाल्ने भए "सुर्ती चाल्ने", चकलेट उद्योगमा रंग मिश्रण गर्ने प्राविधिक भए "रंग मिश्रण गर्ने" लेख्नुपर्दछ । छापाखाना (प्रेस) मा मेशिन मर्मत गरेको भए "मेशिन मर्मत गर्ने" लेख्नु पर्दछ । मेशीन चलाउने मिस्त्री भए "मेशिन अपरेटर" लेख्नुपर्छ ।

घरमा ऊनीधागो काल्ने भए धागो कातेको, राडीपाखी बुनेको भए राडीपाखी बुनेको, तान लगाएको, लेख्नुपर्छ । उत्पादन उद्योगमा तथ्यांक सम्बन्धी काम गरेको भए तथ्यांक संकलन वा प्रशोधन वा विश्लेषण के गरेको हो व्यक्तिले गरेको काम लेखी पदसमेत लेख्नुपर्दछ ।

८. कामको प्रकृतिका आधारमा पेशा छुट्याउने हुनाले स्त्री वा पुरुषले सन्दर्भ वर्षमा गरेको खास काम र कुनै पद वा तहमा रही काम गरेको भए पद वा तह समेत यो महलमा लेख्नुपर्दछ । काम लेख्दा "नोकरी" लेख्नु हुँदैन । "नोकरी" लेख्दा के काम गरेको हो खुल्न सक्तैन ।

महल १८ : ..... ले कहाँ काम गर्नुभयो ?

कहाँ काम गर्नुभयो भन्नाले – गणना गरिएका व्यक्तिले महल १७ मा उल्लेख गरेको काम कुन व्यवसाय (Industry) क्षेत्रमा गरेको हो भन्ने बुझाउँछ । उक्त व्यवसाय निर्धारण गर्न काम गरेको ठाउँ (व्यवसाय क्षेत्र) यस महलमा लेख्नु-पर्दछ । व्यक्ति एक्लै वा समूहमा बसी वस्तु वा सेवा उत्पादन गर्ने क्षेत्रलाई व्यवसाय भनिन्छ । यसमा लेखिने व्यवसायबाट मुलुकको जनशक्ति के-के व्यवसायमा लागेको रहेछ, छुट्याउन सकिन्छ ।



स्वास्थ्य परीक्षण वा औषधी-उपचार गर्ने स्टाफ नर्स

कहाँ भन्ने शब्दले ठाउँ Place अर्थात् हेटौंडा, पोखरा, धुलिखेल भन्ने जनाउँदैन । यसले वस्तु वा सेवा उत्पादन गर्ने आर्थिक गतिविधि (Economic Activity) का बिभिन्न क्षेत्रलाई जनाउँछ । आर्थिक गतिबिधि (Economic Activity) का विभिन्न क्षेत्रलाई मुख्य १७ (सत्र) व्यवसाय (Industry) समूहमा विभाजन गरिएको छ, जस्तै - कृषि, खानी, विद्युत् ग्याँस र पानी, निर्माण, व्यापार, व्यक्तिगत् र् सामाजिक सेवा, यातायात आदि व्यवसायका क्षेत्र हुन् । त्यसैले कहाँ काम गर्नु भयो भन्ने प्रश्नको जवाफ लेख्दा व्यक्तिले काम गरेको स्थान - संघ-संस्था, प्रतिष्ठान आदिको नाम र यसले उत्पादन गर्ने वस्तु वा सेवासमेत लेख्नुपर्छ, जस्तै – केन्द्रीय तथ्यांक विभाग, तथ्यांक संकलन, सारिणीकरण आदि ।



स्कूलमा अध्यापन

उदाहरण –

१. खेतीपाती गरेकाहरूको सम्बन्धमा काम गरेको ठाउँ (व्यवसाय) र उत्पादन लेख्दा - "आफ्नै खेतमा, अन्न वाली, तरकारी बाली", लेख्नुपर्छ । अरूको खेतमा खेती गरेको भए "अरूको खेतमा, अन्न बाली", तरकारी बाली, वा नगदे बाली लेख्नुपर्छ । पशुपालन, पक्षीपालन गरेको भए "पशुपालन, आफ्नै गोठमा", अरूको गोठमा वा आफ्नै फार्ममा, अरूको फार्ममा लेख्नुपर्दछ ।

२. जनरल मेडिसिनका डाक्टरको काम औषधी उपचार वा स्वास्थ्य परीक्षण गर्ने हो । औषधी उपचार वा स्वास्थ्य परीक्षणको काम अस्पताल वा कुनै स्वास्थ्य संस्थामा गरेका भए उनको व्यवसाय (Industry) स्वास्थ्य र सामाजिक कार्य वा सामुदायिक, व्यक्तिगत वा सेवा (Health and Social Work or Personal and Community Services) हुन्छ, र व्यवसाय लेख्दा - अस्पताल वा स्वास्थ्य संस्था, स्वास्थ्य सेवा - लेख्नु पर्छ । यहाँ अस्पताल वा स्वास्थ्य संस्था Personal and Community Services - Industry हों र यसले उत्पादन गर्ने वस्तु वा सेवा - स्वास्थ्य सेवा – हो ।

   तर ती डाक्टरले औषधी-उपचार वा स्वास्थ्य परीक्षणको काम कपडा उद्योगमा मजदुर तथा कामदारहरूको लागि गरेको भए व्यवसाय – उत्पादन उद्योग (Manufacturing Industry) हुन्छ । कहाँ कामगर्नु भयो प्रश्नको जवाफमा व्यवसाय लेख्दा - कपडा कारखाना, कपडा उत्पादन - लेख्नु पर्छ ।

३. कतिपय संस्थाको नामले मात्र त्यसले गर्ने कामको प्रकृति बुझिँदैन, जस्तै - "साँग्रिला एण्ड कंपनी"ले के काम गर्दछ, यसको नामबाट स्पष्ट हुँदैन । त्यसैले यो कम्पनीले माल-सामान ढुवानीको काम गरेको रहेछ भने त्यहाँ काम गर्ने व्यक्तिको व्यवसाय लेख्दा कम्पनीको नाम लेखी ढुवानी सेवा समेत लेख्नुपर्छ । दूरसंचारमा काम गरेकाहरूको व्यवसाय लेख्दा "दूर संचार संस्थान-संचार सेवा" लेख्नुपर्दछ ।

कुनै व्यक्तिले आफ्नै पसल, दोकानमा वस्तुको खुद्रा व्यापार गरेका भए कहाँ काम गर्नु भयो भन्ने प्रश्नको उत्तर लेख्दा "आफ्नै पसलमा" खाद्यान्नको खुद्रा ब्यापार, लेख्नुपर्दछ । तर विक्री गर्ने काम व्यापार निगमको डिपोमा भए "राष्ट्रिय व्यापार निगम-व्यापार", लेख्नुपर्दछ । रोजगारी वा ज्यालादारीमा विभिन्न काम गरेकालाई निजी घरहरूमा काम गरेको भए व्यवसाय लेख्दा "निजी घरमा" मुख्य काम के गरेको थियो काम लेख्नुपर्दछ । जस्तै – सिरक, डसना बनाउने । कसैले संदर्भ समयमा अरूको खेतीमा हलो जोत्ने काम गरेका भए कहाँ काम गर्नुभयो को जवाफमा "निजी खेतीमा, हलो जोत्ने, अन्न वा तरकारी उत्पादन" वा यस्तै के उत्पादन भयो उत्पादन समेत लेख्नुपर्छ ।

महल १९ : ..... को उक्त आर्थिक काम गर्दाको तह कुन हो ?

१. अरूलाई काम लगाउने
२. अरूको काम गर्ने
३. निजी काम गर्ने
४. काम सघाउने मात्र

काम गर्दाको तह भन्नाले - महल १७ मा उल्लेख गरिएको बितेको १२ महिनामा धेरैजसो समय गरेको काम (Usual Activity) कुन तहमा रही गरेको हो, उक्त तहलाई जनाउँछ। गणनाको प्रयोजनका लागि काम गर्दाको तह (Status of Work) लाई माथि उल्लेख भएको ४ समूहमा विभाजन गरिएको छ।

यी चार समूहको व्याख्या निम्नानुसार गरिएको छ।

१. **अरूलाई काम लगाउने** - आफूले पूँजी (नगद, जिन्सी वा दुवै), श्रम लगाई नाफा-नोक्सान पूर्णतया आफ्नै हुने वा आफैले बेहोर्ने गरी संचालन गरेको कुनै व्यवसायमा (उद्योग, व्यापार वा पेशागत व्यवसाय) तलब, ज्याला (नगद वा जिन्सी जुनसुकैरूपमा) दिई संदर्भ समयमा नियमित रूपले एक वा एकभन्दा बढी कामदारलाई काम गराएका वा काम लगाएका व्यक्ति "अरूलाई काम लगाउने" हुन्छन्।

अर्को शब्दमा - कुनै व्यक्तिले संदर्भ समयमा आफ्नो कुनै व्यवसाय संचालन गर्दा उक्त व्यवसायमा अरू कुनै व्यक्तिलाई तलब-ज्याला वा कुनै किसिमको पारिश्रमिक दिई नियमितरूपले काम लगाएका भए वा व्यवसाय चलाएका भए उक्त काम लगाउने व्यक्तिको काम गर्दाको तह "अरूलाई काम लगाउने" हुन्छ। अरूलाई काम लगाउने व्यक्तिको काम गर्दाको तह उल्लेख गर्दा "अरूलाई काम लगाउने" को १ मा चिन्ह लगाउनुपर्दछ। अरूलाई काम लगाउने व्यक्तिले व्यवसायको व्यवस्थापनका अतिरिक्त अरू काम समेत गरेका भए पनि अरूलाई काम लगाउने हुन्छन्।

तर व्यवसाय संचालन गर्दा कामको मिचा-मिचको समयमा (जस्तै - खेती गरेकालाई बाली लगाउने, बाली काट्ने, बाली थन्क्याउने समय) दुई-चारदिन मात्र ज्याला वा कुनै किसिमको पारिश्रमिक दिइ अरूलाई काम लगाएको भए पनि अरूलाई काम लगाउने हुदैनन्।

उदाहरण –

१. कुनै कृषकले आफुले चलाएको खेतीपाती वा पशुपालन वा माछापालन वा यस्तै कुनै व्यवसायमा काम गर्न तलब/ज्याला (नगद वा जिन्सी) दिई नोकर, हली, हरूवा, चरूवा, गोठालो वा अरू कामदार नियमितरूपमा राखेका भए र आफूले पनि उक्त व्यवसायमा मुख्य व्यक्ति भई काम गरेका भए ती कृषकको काम गर्दाको तह – अरूलाई काम लगाउने हुन्छ।

   तर तलब/ज्याला दिइराखेका व्यक्तिलाई व्यवसायको काममा नलगाई घरायसी कामको लागि तलब/ज्याला (नगद वा जिन्सी) दिएको भए तलब, ज्याला लिई काम गरेका व्यक्तिको काम गर्दाको तह "अरूको काम गर्ने" भए तापनि घरायसी कामको लागि अरूलाई काम लगाउने व्यक्तिको काम गर्दाको तह "अरूलाई काम लगाउने" हुँदैन। अरूलाई काम लगाउने हुन तलब/ज्याला (नगद वा जिन्सी) दिइ राखेका व्यक्तिले उत्पादन एकाइ वा व्यवसायमा काम गरेको हुनुपर्छ। घरायसी काम गरेकालाई उत्पादन एकाइको काम गरेकोमा समावेश गर्नु हुँदैन।

२. उद्योगपति, व्यापारी, वा यस्तै अरू कुनै व्यवसाय चलाएका व्यक्तिले व्यवसायमा काम गर्न तलब/ज्याला (नगद वा जिन्सी) दिई सन्दर्भ समयमा नियमित रूपले अरूलाई काम लगाएका भए **"अरूलाई काम लगाउने"** हुन्छन्।

तर मन्त्रीहरू, श्री ५ को सरकारको मंत्रालयका सचिव, विभाग वा निगमका निर्देशक, महाप्रबन्धक, प्रबन्धक वा उच्चपदस्थ अधिकृतको मातहतमा काम गर्ने धेरै कर्मचारीहरू भए तापनि मंत्री, सचिव, निर्देशक आदि अरूलाई काम लगाउने हुँदैनन्, यिनीहरू पनि "अरूको काम गर्ने" हुन्छन् । यिनीहरूको काम गर्दाको तह उल्लेख गर्दा अरूको काम गर्ने को २ मा चिन्ह लगाउनुपर्छ ।

२. **अरूको काम गर्ने** - जीविका चलाउनका लागि अरू कसैले चलाएको वा संचललन गरेको कृषि, उद्योग, व्यापार वा अरू कुनै व्यवसायमा मासिक\दैनिक वा अन्य कुनै किसिमले ठेकिएको तलब, ज्याला वा वेंतेन वा कुनै परिश्रमिक (नगद वा जिन्सी जुनसुकै रूपमा) लिई काम गर्ने व्यक्ति(हरू)को काम गर्दाको तह "अरूको काम गर्ने" हुन्छ ।

सरकारी, गैरसरकारी कार्यालय वा संस्थान वा निजी प्रतिष्ठान वा कार्यालय, वा निजी घरमा; व्यवसायमा जुनसुकैरूपमा तलव, ज्याला लिई काम गर्ने कर्मचारी वा व्यक्ति अरूको काम गर्ने हुन्छन् ।

गणना गरिएका व्यक्तिले संदर्भ अवधिको धेरैजसो समय तलब, ज्याला, मेहनताना वा पारिश्रमिक-लिई अरूको काम गरेका भए काम गर्दाको तह जनाउन अरूको काम गर्नेको २ मा चिन्ह लगाउनुपर्छ । अरूको काम गर्ने व्यक्तिले ठेकिएको तलव, ज्याला वा पारिश्रमिक लिई काम गर्दछन्, व्यवसायको नाफा-नोक्सानमा प्रत्यक्ष सहभागी हुँदैनन् ।

द्रष्टव्य –

१. सरकारको विभिन्न मन्त्रालय, विभाग, कार्यालय, संघ, संस्था आदिमा वितेको १२ महिनामा धेरैजसो समय काम गरेका मन्त्री, सचिवलगायत सबै तहका कर्मचारीले तलब, ज्याला लिइ काम गरेका भए - अरूको काम गर्ने - हुन्छन् । संदर्भ समयमा मन्त्रालय, विभाग, कार्यालय, संघ, संस्था आदिमा काम गरेका कर्मचारी वा व्यक्तिको काम गर्दाको तह खुलाउन अरूको काम गर्नेको २ मा चिन्ह लगाउनुपर्छ ।

२. उद्योगधन्दा, ब्यापार, होटेल, रेष्टुरेण्ट, वा जुनसुकै संघ, संस्था, निजी व्यवसायमा वा निजी घर-परिवारमा बितेको १२ महिनाको धेरैजसो समय तलब, ज्याला (नगद, जिन्सी जुनसुकैरूपमा) लिई काम गरेका व्यक्ति अरूको काम गर्ने हुन्छन् । यिनीहरूको काम गर्दाको तह जनाउन २ मा चिन्ह लगाउनुपर्दछ ।

३. **निजी काम गर्ने** - आफूले पूँजी (नगद वा जिन्सी वा दुवै), श्रम लगानी गरेको जुनसुकै व्यवसायमा नाफा, नोक्सान आफैले बेहोर्ने गरी बितेको १२ महिनाको धेरैजसो समय व्यवसाय संचालन गर्ने (काम गरेका) मुख्य व्यक्ति, तर यो व्यवसायमा काम गर्न तलब, ज्याला वा कुनै किसिमको पारिश्रमिक दिई नियमित रूपले अरू कसैलाई नलगाएका भए "निजी काम गर्ने" हुन्छन् । निजी काम गर्ने व्यक्तिको काम गर्दाको तह जनाउन ३ मा चिन्ह लगाउनुपर्छ ।

घरायसी कामको लागि तलब, ज्याला दिई राखेका नोकर, भान्से वा जोसुकै भए पनि आफूले चलाएको व्यवसायमा ती नोकर, भान्सेले नियमितरूपमा काम गरेका छैनन् भने घरायसी कामको लागि अरूलाई काम लगाएको भए पनि व्यवसायको लागि अरूलाई काम लगाउने हुँदैनन्, "निजी काम गर्ने" नै हुन्छन् ।

परिवारका कुनै सदस्यले चलाएको यस्तो कुनै व्यवसायमा परिवारका अरू कुनै सदस्यले तलब, ज्याला नलिई पूरा समय नै काम गरेका भए, मुख्य व्यक्तिको काम गर्दाको तह निजी भएजस्तै व्यवसायमा पूरा समय काम गर्ने अरू सदस्यको काम गर्दाको तह पनि "निजी काम गर्ने" हुन्छ । निजी काम गर्ने जनाउन ३ मा चिन्ह लगाउनुपर्छ ।

तर परिवारका कुनै सदस्यले चलाएको व्यवसायमा उक्त परिवारका अरू कुनै सदस्यले व्यवसायमा पूरा समय काम नगरी आंशिक समय (बिहान-बेलुका वा अरू कुनै आंशिक समय) काम गरेका भए आंशिक समय मात्र काम गरेका सदस्यको काम गर्दाको तह काम सघाउने हुन्छ । काम सघाउने सदस्यको काम गर्दाको तह जनाउन ४ मा चिन्ह लगाउनुपर्छ, ३ मा चिन्ह लगाउनु हुँदैन ।

४. **काम सघाउने** - परिवारका कुनै सदस्यले संचालन गरेको कुनै व्यवसाय (कृषि वा गैरकृषि) मा तलब, ज्याला नलिई काम गरेका परिवारका अरू सदस्य(हरू) काम सघाउने वा पारिवारिक कामदार हुन्छन् ।

परिवारको कुनै सदस्यले संचालन गरेको महल १८ मा उल्लेख गरेको व्यवसाय (खेतीपाती/कृषिकार्य वा अरू कुनै व्यवसाय) मा परिवारका अरू सदस्यले (लोग्ने, स्वस्नी, छोरा, छोरी, दिदी, बहिनी, भाउजू, बुहारी, दाजु, भाइ आदि) तलब ज्याला केही नलिई काम गरेका हुन सक्तछन् । महल १७ मा उल्लेख गरेको काम गरेका, व्यवसाय चलाउने मुख्य व्यक्ति र पूरा समय काम गरेका सदस्यबाहेक, परिवारका अरू कुनै सदस्यले उक्त व्यवसायमा आंशिक समय काम गरेका भए काम सघाउने जनाउन यस महलको ४ मा चिन्ह लगाउनुपर्छ ।

द्रष्टव्य – परिवारले चलाएको आफ्नै कृषिकार्य, खेतीपातिमा (खेतीबारीमा वा कृषिको अरू कुनै काम) वा अरू कुनै व्यवसायमा वा अरूले चलाएको कुनै व्यवसायमा सन्दर्भ समयमा काम गरेका सबै महिला र पुरुषको काम गर्दाको तह खुलाउनुपर्दछ ।

क. तलब, ज्याला दिएको १ जना वा सोभन्दा बढी नियमित कामदार लगाई व्यवसाय चलाएको भए ब्यवसाय चलाउने मुख्य व्यक्तिको काम गर्दाको तह "अरूलाई काम लगाउने" हुन्छ । परिवारका कुनै सदस्यले चलाएको व्यवसायमा परिवारका अरू सदस्यले पनि उक्त व्यवसायमा पूरा समय काम गरेका भए काम गर्ने अरू सबै सदस्यको काम गर्दाको तह "निजी काम गर्ने" हुन्छ ।

ख. व्यवसायको काम परिवारका मुख्य व्यक्ति र अरू सदस्यले मात्र चलाएको, तलब, ज्याला दिएको नियमित कामदार कोही नलगाएको भए व्यवसाय चलाउने मुख्य व्यक्तिको काम गर्दाको तह "निजी काम गर्ने" हुन्छ र परिवारका अरू सदस्यले (लोग्ने, स्वस्नी, बाबु, आमा, दाजु, छोरा, छोरी आदि) पनि व्यवसायमा पूरा समय काम गरेका भए पूरा समय काम गर्ने सबै सदस्यको काम गर्दाको तह " निजी काम गर्ने" हुन्छ ।

तर आंशिक समय मात्र काम गरेका परिवारका सदस्यको काम गर्दाकको तह "काम सघाउने" हुन्छ, काम सघाउने जनाउन ४ मा चिन्ह लगाउनुपर्छ ।

नगद वा जिन्सी वा अरू कुनैरूपमा तलब, ज्याला लिई वा अरू कुनै सुबिधा वा शर्तमा, सन्दर्भ समयमा अरूको काम गरेका महिला वा पुरुषको काम गर्दाको तह अरूको काम गर्ने हुन्छ । अरूको काम गरेको भए २ मा चिन्ह लगाउनुपर्छ ।

काम सघाउने भन्नाले – व्यापार गर्नेहरूका लागि पसलमा बसी मुख्य व्यक्तिलाई पालो दिने, पसलको अरू काम, सामान ल्याउने-पुर्‍याउने आदि, गर्ने हुन सक्तछन् ।

आफ्नै खेतीपातीको वा कृषिकार्यमा परिवारका अरू सदस्यले, जस्तै - लोग्ने, स्वस्नी, छोरा, छोरी, दिदी, बहिनी, भाउजू, बुहारी, दाजु, भाई आदिले तलब ज्याला केही नलिई रोप्ने, गोड्ने, काट्ने वा बाली थन्क्याउने काम पूरा समय नै गरेको हुन सक्तछ वा आंशिक समय काम गरेको हुन सक्तछ । बितेको १२ महिनामा परिवारको कुनै सदस्यले संचालन गरेको व्यवसायमा अरू कुनै सदस्यले पूरा समय काम गरेको भए निजी काम गर्ने हुन्छ र ३ मा चिन्ह लगाउनु पर्छ । तर आंशिक समय मात्र काम गरेका सदस्य भए काम सघाउनेको ४ मा चिन्ह लगाउनुपर्छ ।

महल २० : ..... ले बितेको १२ महिनामा अक्सर काम नगर्नुको कारण के हो ?

(महल १६ को १, २ र ३ को जोड ६ महिनाभन्दा घटी हुने वा ४ मा १२ महिना हुने सबैलाई)

१. अध्ययन
२. घरधन्दा
३. वृद्ध
४. पेन्सन/आयस्ता
५. शारीरिक/मानसिक अपांग
६. बिरामी वा जीर्णरोगी
७. अन्य .....

बितेको १२ महिनामा आम्दानी हुने कुनै काम नगरेको वा काम गरेको भए पनि धेरैजसो समय काम गर्न नपाएको कारण के हो खुलाउनुपर्दछ। अक्सर काम नगरेको कारण भन्नाले - बितेको १२ महिनामा आम्दानी हुने कुनै काम नगरेको वा आम्दानी हुने काम गरेको भए पनि ६ महिना भन्दा कम समय काम गरेको के कारणले हो, मुख्य कारणलाई जनाउँछ।

उत्तरदातालाई यो प्रश्न सोध्दा - आर्थिक काम (महल १५ को १, २, ३ र ४ मा उल्लेख भएका कामहरू) किन नगरेको वा काम गरेको भए पनि किन यी काम ६ महिना भन्दा कम समय गरेको हो सोध्नुपर्दछ। आम्दानी हुने कुनै काम नगरेको वा काम गरेको भए पनि कम समय काम गरेको केही सम्भाव्य कारणहरू माथि (यसै महलको १ देखि ६ सम्म) उल्लेख गरिएको छ,। उल्लेख भएका बाहेक अरू कुनै कारण भए ७ मा चिन्ह लगाई अन्य .... मा कारण लेख्नुपर्छ।

यी उल्लेख भएका कारणहरू के-के हुन्, निम्नानुसार बुझ्नु पर्छ।

१. **अध्ययन** - विद्यालय, क्याम्पस वा कुनै अध्ययन संस्थामा भरना भई वा नभई नियमितरूपले अध्ययन, तालिम गरेकालाई गणनाको प्रयोजनका लागि विद्यार्थी भन्नुपर्दछ। बितेको एक वर्षमा धेरैजसो समय अध्ययन, तालिम गरेकालाई यस महलको १ मा चिन्ह लगाउनुपर्छ।

तर विहान-बेलुका विद्यालय/महाविद्यालय जाने, वा प्राइभेट परीक्षा दिन कुनै समय अध्ययन गरे पनि धेरैजसो समय आम्दानी हुने कुनै काम गरेको भए विद्यार्थीमा गणना गर्नु हुँदैन, आम्दानी हुने काम गरेको (महल १५ को १, २ वा ३ कुन उपयुक्त हुन्छ) मा नै चिन्ह लगाउनुपर्दछ।

२. **घरधन्दा** - आफ्नै घरमा वा घरको परिसरमा गरेको घरधन्दाको काम काज जस्तै - खाना पकाउने, ख्वाउने, घर-आँगन सफा गर्ने, परिवारका सदस्यको लुगा धुने, आफ्ना केटाकेटी पढाउने कामहरू "घरधन्दाको काम" हुन्। आफ्नै घरको परिवारका सदस्यहरूको लागि गरिएका यी कामहरूलाई आर्थिक दृष्टिले आम्दानी नहुने काममा गणना गरिने चलन छ। अर्को शब्दमा परिवारको उपभोगका लागि परिवारका सदस्य (हरू) ले नै उत्पादन गरेको यस्तो सेवा आर्थिक दृष्टिले आम्दानी नहुने काममा गणना गरिने चलन छ। सन्दर्भ समयमा धेरैजसो समय यस्तो काम गरेका पुरुष वा स्त्रीलाई जनगणनाको प्रयोजनका लागि घरधन्दाको काम गरेको वा आर्थिक काम नगरेको बुझ्नुपर्छ।

शिशु स्याहार

कसैले सन्दर्भ अवधिको धेरैजसो समय घरधन्दाको काम गरेको भए उक्त कारणले आर्थिक काम नगरेको जनाउन यस महलको २ मा चिन्ह लगाउनुपर्दछ ।



घरधन्दाका कामहरू

द्रष्टव्य -

क. हाम्रो मुलुकमा स्वास्नी मानिसहरूले गरेको आम्दानी हुने कामलाई पनि प्रायः घरधन्दाको काम गरेको भन्ने चलन छ । सोधीएको प्रश्नको अर्थ गलत नहोस् भन्नका लागि के काम गर्नु भएको थियो भन्ने प्रश्नको जवाफमा घरधन्दाको काम भन्ने उत्तर आएमा घरधन्दा गर्दा के-के काम गर्नुभयो? पुरक प्रश्न सोध्नुपर्छ । महल १५ मा कामहरूको बयान गर्दा आम्दानी हुने काम, आम्दानी नहुने काम र घरायसी काम के के हुन् अझ स्पष्ट गर्ने प्रयास गरिएको छ, महल १५ मा उल्लेख भएका कामको व्याख्या राम्रोसँग बुझ्नु पर्छ ।

तर कसैले तलब वा ज्याला लिई अरूको घरमा माथि उल्लेख भएका घरधन्दाको काम वा घरायसी काम गरेको भए पनि आम्दानी हुने काम गरेको हुन्छ । तलब, ज्याला (नगद, जिन्सी वा जुनसुकैरूपमा) लिई अरूको घरमा घरधन्दा गरेकालाई घरधन्दा वा घरायसी काम गरेकोमा समावेश गर्नु हुँदैन । घरधन्दा वा घरायसी काम पुरुष वा स्त्री जोसुकैले गरेको हुन सक्तछ ।

ख. घरधन्दा वा घरायसी काम बाहेक संदर्भ अवधिको धेरैजसो समय आम्दानी हुने जुनसुकै काम गरेका स्त्री वा पुरुषलाई महल १५ को १, २, ३ वा ४ मा उल्लेख भएका कामसँग मिल्दो कुनै एकमा चिन्ह लगाउनु पर्दछ । घरधन्दा वा कुनै काम नगरेकोमा चिन्ह लगाउनु हुँदैन ।

ग. कुनै महिला वा पुरुषले आफ्नो घरमा आफ्नै प्रयोजनको लागि वा बिक्रीको लागि राडीपाखी बुन्ने, गलैंचा बुन्ने, स्वटेर बुन्ने, बजारमा बेच बिखन गर्ने तथा ज्यालामा बनाउने, दुरुखा, छुर्पी बनाई बिक्री गर्ने, अरू कसैको लागि बत्ती कात्ने, दुना-पात गाँस्ने गरेको भए यी सानातिना वा फुटकर काम पनि आम्दानी हुने काम हुन्, घरधन्दा वा घरायसी काम होइनन् । बितेका एक वर्षमा धेरैजसो समय यी काम गरको र काम गरेबापत नगद, जिन्सी वा कुनै किसिमको परिश्रमिक लिएको भए महल १५ को उपयुक्त काममा चिन्ह लगाउनुपर्छ, घरधन्दा वा घरायसी काम जनाउन चिन्ह लगाउनु हुँदैन ।

महल १५ को ६ मा पनि घरधन्दा उल्लेख भएको छ । उक्त महलमा बितेको १२ महिनामा धेरैजसो समय के गरेको थियो खुलाउनुपर्छ । सन्दर्भ समयमा गरेको काम खुलाउनु पर्दा - आफ्नै परिवारको लागि खाना पकाउने, बूढा-बूढी वा कुनै उमेरका बिरामीको स्याहार-सुसार गर्ने, आफ्ना बाल-बच्चालाई शिक्षा दिने, घर-आँगन सफा गर्ने, लुगाधुने काम गरेको भए ६ मा चिन्ह लगाउनुपर्छ ।

३. **वृद्ध** – धेरै उमेर पुगी काम गर्न नसक्ने व्यक्ति(हरू)लाई वृद्ध मानिन्छ। साधारणतया ६० वर्ष उमेर पुगी काम गर्न नसकेकालाई वृद्ध भन्नुपर्दछ। ६० वर्षभन्दा कम उमेरका तर आम्दानी हुने कुनै काम नगरेका भए वा कम समय काम गरेका भए काम नगरेको कारण वृद्ध हुँदैन अरू नै कारण हुन सक्तछ। उत्तरदातालाई सोधी काम नगरेको के कारण हो बुझी उपयुक्त कारणमा चिन्ह लगाउनुपर्दछ। वृद्ध भई सन्दर्भ अवधिको धेरैजसो समय आर्थिक काम नगरेको भए यस महलको ३ मा चिन्ह लगाउनु पर्छ।

४. **पेन्सन/आयस्ता** –·सन्दर्भ अवधिको धेरैजसो समय आम्दानी हुने कुनै काम नगरेका वा काम गरेको भए पनि कम समय काम गरेका व्यक्तिले कुनै कार्यालय वा संस्थामा अघि गरेको नोकरीबाट पाएको पेन्सनमा वा पुर्ख्यौली सम्पति, आफैले कमाएको सम्पत्तिको आयआर्जनबाट जीवन निर्वाह गरेका भए पेन्सन/आयस्ताको ४ मा चिन्ह लगाउनुपर्दछ।

५. **शारीरिक/मानसिकरूपमा अपांग** – शारीरिक वा मानसिकरूपले असक्त वा काम गर्न नसक्ने भई वितेका १२ महिनामा आम्दानी हुने कुनै काम नगरेका वा काम गरेको भए पनि ६ महिनाभन्दा कम समय काम गरेका भए ५ मा चिन्ह लगाउनुपर्छ। अर्को शव्दमा दुबै आँखा नदेख्ने अंधा, हात गोडा नचल्ने लुला, लंगडा, वोल्न नसक्ने लाटा वा मानसिक स्थिति ठीक नभएका कारणले वा यस्तै कुनै प्रकारले अपांग भएका कारणले वितेको एक वर्षमा आर्थिक दृष्टिले आम्दानी हुने काम नगरेका वा काम गरेको भए पनि ६ महिना भन्दा कम समय काम गरेका व्यक्ति भए ५ मा चिन्ह लगाउनुपर्दछ।

६. **बिरामी वा जीर्णरोगी** – कुनै रोग लागेर असक्त भएका कारणले वा बिरामी भएका कारणले, बितेका १२ महिनामा आम्दानी हुने कुनै काम नगरेका वा काम गरेको भए पनि ६ महिनाभन्दा कम समय काम गरेका व्यक्ति भए ६ मा चिन्ह लगाउनुपर्दछ।



७. **अन्य** – माथि उल्लेख गरिएका कारणहरूबाहेक अरू कुनै कारणले सन्दर्भ वर्षमा आम्दानी हुने काम नगरेको भए ७ मा चिन्ह लगाई के कारणले हो कारण लेख्नुपर्छ। केही कारणहरू यी हुन सक्तछन् जस्तै - माग्ने, जोगी, फिरन्ते भएकाले आदि।



द्रष्टव्य – अन्यमा उल्लेख गर्नुपर्ने केही कारणहरू - केटाकेटी वा बूढाबूढीको स्याहार-सुसार, बेरामीको स्याहार-सुसार गर्नु परेकोले काम गर्न नपाएको; गर्भवती भएर वा गर्भसम्बन्धी अरू कुनै कारणले, सुत्केरी भएको वा सुत्केरोसम्बन्धी कुनै कारणले काम गर्न नसकेको हुन सक्तछ। आम्दानी हुने काम गर्न नसकेका यी कुनै कारण भए के कारणले हो ७ मा चिन्ह लगाई कारण स्पष्ट लेख्नुपर्छ।

महल २१ : ... को संग बसेका छन् ?

(१६ वर्ष उमेर नपुगेका सबै केटा–केटीलाई)

गणना गरिएको परिवारका उमेर १६ वर्ष नपुगेका अर्थात् १५ वर्षसम्मका केटा-केटी(हरू) यो परिवारमा कस्को संरक्षणमा वा कोसँग वसेका छन् सोधी निम्नानुसार खुलाउनुपर्दछ –

१. **आमा-बाबु दुवै** – गणना गर्न लागिएका १६ वर्ष उमेर नपुगेका केटी वा केटाको जन्म दिने बाबु र आमा दुवै यसै परिवारमा भए १ मा चिन्ह लगाउनुपर्छ। जन्म दिने बाबु, आमाको अतिरिक्त सौतेनीआमासमेत यसै परिवारमा भए पनि १ मा चिन्ह लगाउनुपर्छ।

२. **आमा मात्र** – गणना गर्न लागिएका १६ वर्ष उमेर नपुगेका केटी वा केटाको हेरविचार गर्ने जन्म दिने आमा मात्र यस परिवारमा भए २ मा चिन्ह लगाउनुपर्छ।

३. **बाबु मात्र** – यस परिवारमा गणना गर्न लागिएका १६ वर्ष उमेर नपुगेका केटी वा केटाको हेरविचार गर्ने जन्म दिने बाबु मात्र भए ३ मा चिन्ह लगाउनुपर्छ।

४. **बाबु र सौतेनी आमा** – गणना गर्न लागिएका १६ वर्ष उमेर नपुगेका केटी वा केटाको जन्म दिने बाबु र सौतेनी आमा यसै परिवारमा भए ४ मा चिन्ह लगाउनुपर्छ। बाबु र सौतेनी आमाको अतिरिक्त सौतेनी बाबुसमेत यसै परिवारमा भए पनि ४ मा चिन्ह लगाउनुपर्छ।

५. **आमा र सौतेनी बाबु** – गणना गर्न लागिएका १६ वर्ष उमेर नपुगेका केटी वा केटाको जन्म दिने बाबु जहाँसुकै भएपनि यो परिवारमा जन्मदिने आमा र सौतेनी बाबु भए ५ मा चिन्ह लगाउनुपर्छ। जन्मदिने आमा र सौतेनी बाबुको अतिरिक्त सौतेनीआमा समेत यसै परिवारमा भए पनि ५ मा चिन्ह लगाउनुपर्छ।

६. **अरू नातेदार** – गणना गर्न लागिएका १६ वर्ष उमेर नपुगेका केटी वा केटाको यो परिवरमा माथि १ देखि ५ सम्म उल्लेख भएका नातेदार बाहेक अरू कुनै नातेदारसँग, जस्तै - दाजु/भाइ, दिदी/बहिनी, जेठो/कान्छो बाबु-आमा, हजुर बाबु-आमासँग वा अरू कुनै नाताको व्यक्तिको संरक्षणमा बसेका भए ६ मा चिन्ह लगाउनुपर्छ।

७. **काम लगाउने व्यक्ति** – गणना गर्न लागिएका १६ वर्ष उमेर नपुगेका केटी वा केटा यो परिवारमा घरको कामदार भई वा कामदारसरह काम लगाउने व्यक्तिसँग बसेका भए ७ मा चिन्ह लगाउनुपर्छ।

कामदार भन्नाले - तलब/ज्याला (नगद वा जिन्सी वा दुवै) वा अरू कुनै किसिमको परिश्रमिक दिई घरको काम गर्न राखेको व्यक्तिलाई जनाउँछ।

८. **अन्य (खुलाउने)** – गणना गर्न लागिएका १६ वर्ष उमेर नपुगेका केटी वा केटाको यो परिवारमा माथि १ देखि ७ सम्मको स्थिति नभए अन्यको ८ मा चिन्ह लगाई यो परिवारमा को संरक्षक छन् खुलाउनुपर्छ, जस्तै - नाता नपर्ने अरू कोही।



द्रष्टव्य – यो परिवारमा गणना समाप्त भएपछि उत्तरदातालाई धन्यवाद दिनुपर्छ।

लगत १ को बुक कभर पेज (आवरण पृष्ठ) भर्ने तरिका

राष्ट्रिय जनगणना २०५८ को लगत १ को ८० पाना बुक र २० पाना बुक बाइण्डिङ्ग गरिएको छ । दुवै बुकको कभरपेजमा निम्न अनुसार विवरणहरु छन् । परिवारको गणना भएका प्रत्येक बुकमा यी विवरण भर्नुपर्छ । जिल्ला, गा.वि.स./नगरपालिका, वडा नं., वडा खण्डको विवरण यस बुकमा गणना सुरु गर्नु अघि लेख्न उपयुक्त हुन्छ । यस पछिका विवरण यस बुकको सबै पानामा गणना भए पछि लेख्नु पर्छ ।

श्री ५ को सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
केन्द्रीय तथ्यांक विभाग
राष्ट्रिय जनगणना २०५८

लगत १

राष्ट्रिय जनगणना २०५८ मा संकलन गरिएका सबै व्यक्तिगत विवरणहरु तथ्यांक ऐन २०१५ बमोजिम गोप्य रहने छन् ।

जिल्ला :- ..... **गा.वि.स./न.पा. :-** ..... **वडा नं. :-** .....
वडा खण्ड :- ....**बुकको बुक नं. :-** .....

घर क्रमसंख्या [ ] देखि [ ] सम्म

परिवार क्रमसंख्या [ ] देखि [ ] सम्म

जम्मा जनसंख्या [ ] पुरुष [ ] स्त्री [ ]

गणकको नाम :- ..... सही :- ..... मिति :- .....

सुपरिवेक्षकको नाम :- ..... सही :- ..... मिति :- .....

लगत प्रशोधन (कार्यालय प्रयोजन) को लागि मात्र	
सम्पादन गर्ने :-	सम्पादन मिति :- .....
सम्पादन चेक गर्ने :-	सम्पादन चेक मिति :.....
कोडिङ्ग गर्ने :-	कोडिङ्ग मिति :- .....
कोडिङ्ग चेक गर्ने :-	कोडिङ्ग चेक मिति :- .....
डाटा इन्ट्री गर्ने:-	इन्ट्री मिति :- .....
इन्ट्री चेक गर्ने :-	चेक मिति :- .....

जिल्ला - यस बुकमा भरिएका विवरणहरु कुन जिल्लाका हुन् सोही जिल्लाको पुरा नाम लेख्नु पर्दछ ।

गा.वि.स./न.पा. - सकलन गरिएका विवरणहरु कुन गा.वि.स. वा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका हुन्, सोही गा.वि.स. वा नगरपालिकाको नाम लेख्नु पर्दछ । यदि गा.वि.स. भए लेखिएको न.पा.लाई काट्नु पर्दछ र न.पा. भए लेखिएको गा.वि.स. काट्नु पर्दछ । जस्तै काठमाण्डौ जिल्लाको गोलढुङ्गा गा.वि.स. मा गणना गरिएको बुक भए गा.वि.स./न.पा. : - गोलढुङ्गा लेख्नु पर्दछ ।

यदि काठमाण्डौ महानगरपालिकामा गणना गरिएको बुक भए

गा.वि.स./न.पा. : - काठमाण्डौ लेख्नु पर्दछ ।

वडा नं. - गणना गरिएका विवरण कुन वडाका हुन् (लगतका पानाबाट) वडा नं. लेख्नु पर्दछ । एउटा बुकमा एउटा वडाका परिवारको मात्र गणना गर्नु पर्छ । एउटा वडामा गणना सकिएको तर बुकका पाना बाँकी भए बाँकी भएका पाना खाली छोड्नु पर्छ । एउटा बुकमा एकभन्दा बढी वडाको गणना गर्नु हुँदैन ।

वडा खण्ड - नगरपालिका तथा गा.वि.स. का केहि वडाहरु ठूलो अथवा धेरै जनसंख्या भएको ठूला वडाहरुलाई बिभाजन गरी वडा खण्ड बनाइएको छ । प्रत्येक गणकलाई कुनै वडा वा वडाखण्डहरु वा दुवैको गणना गनेए जिम्मा दिइएको हुन्छ । यस बुकमा गणना भएको क्षेत्र वडाखण्ड भए कुन खण्ड हो वडा खण्डको नम्बर लेख्नु पर्दछ । यदि वडालाई बिभाजन गरिएको छैन भने अंक नलेखी धर्सो तान्नु पर्दछ । उदाहरणको लागि एउटा वडालाई २ खण्डमा बिभाजन गरिएको भए पहिलो खण्डको लागि १/२ र दोस्रो खण्डका लागि २/२ गरी लेख्नुपर्छ ।

..... *बुकको बुक नं.* ..... वडामा गणना गर्दा त्यस वडा वा वडाखण्डका सबै परिवारको विवरणहरु संकलन गर्न एउटा मात्र बुकमा प्रयाप्त नहुन सक्तछ । त्यसो भए दुई वा दुई भन्दा बढी बुक प्रयोग हुन सक्तछ । गणना गरिएको वडा वा वडा खण्डको सबै परिवारको गणना सकिएपछि उक्त वडा वा वडा खण्डको जम्मा कति बुक भयो त्यसको संख्या प्रत्येक बुकको अगाडिको खाली ठाउँमा लेख्नु पर्दछ र त्यस मध्ये प्रत्येक बुक कुन हो (पहिलो, दोश्रो, तेश्रो, चौथो कुन हो) त्यो पछाडीको खाली ठाउँमा लेख्नु पर्दछ । यदि कुनै एउटा वडामा ४ बुक प्रयोग भएको भए .....बुकको खाली ठाउँमा ४ (४ वटै बुकमा) र बुक नं. ..... मा पहिलो बुक भए १, दोस्रो बुक भए २, तेश्रो बुक भए ३, र चौथो बुक भए ४ सोही अनुसार लेख्नु पर्दछ ।

जस्तै ४ बुकको बुक नं. १ .

४ बुकको बुक नं. २ .

४ बुकको बुक नं. ३ .

४ बुकको बुक नं. ४ .

यसरी वुकमा विबरण भर्न सकिए पछि बुक नं. मा क्रमशः १, २, ३, ४ गर्दै लेख्ने र जम्मा बुक ४ प्रयोग भए पछि मात्र अगाडी ४ बुक भनी प्रत्येक ४ वटै बुकमा जनाउनु पर्छ ।

त्यस्तै यहि ३ वटा बुक प्रयोग भएको भए

३ बुकको बुक नं. १

३ बुकको बुक नं. २

३ बुकको बुक नं. ३

यदि कुनै वडामा एउटा मात्र बुक प्रयोग भएमा

१ बुकको बुक नं. १

लेख्नु पर्दछ ।

घर क्रमसंख्या - घर क्रम संख्या लेख्दा प्रत्येक बुकमा गणना भएका परिवार बसेका घरको क्रमसंख्या लेख्नुपर्छ । यो क्रमसंख्या वुकको पहिलो पानामा लेखिएको घर क्रमसंख्या र अन्तिमको पानामा लेखिएको घरक्रम संख्या नै हो । पहिलो पानामा लेखिएको घरक्रमसंख्या पहिलो कोठामा र अन्तिम पानाको घरक्रमसंख्या दोश्रो कोठामा लेख्नु पर्छ । यसबाट यस बुकमा कतिवटा घरको गणना भएछ, जानकारी हुन्छ । जस्तै कुनै वुकमा १ देखि २५ सम्मको क्रमसंख्याकाघरहरुको विवरण संकलन गरिएका भए

घरक्रमसंख्या [००१] दखि [०२५] सम्म हुन्छ ।

त्यस्तै अर्को बुकमा २६ देखि ६० सम्मको क्रमसंख्याका घरहरुका विवरण संकलन गरिएका भए

घरक्रमसंख्या [०२६] दखि [०६०] सम्म गरी लेख्नु पर्छ ।

परिवार क्रमसंख्या - घर क्रमसंख्या जस्तै परिवार क्रमसंख्याको कोठामा पनि वडा वा वडाखण्डको त्यस बुकमा गणना भएको शुरुको परिवारको क्रमसंख्या र अन्तिम परिवारको क्रमसंख्या लेख्नु पर्दछ । एकघरमा एकभन्दा बढी परिवार बसोवास गर्न सक्ने भएकोले परिवार क्रमसंख्या र घरक्रमसंख्या फरक फरक पर्न सक्दछ । जस्तै कुनै वुकमा १ देखि ४० सम्मका परिवार गणना भएका भए

परिवारक्रमसंख्या [००१] दखि [०४] सम्म हुन्छ ।

त्यस्तै अर्को बुकमा ४१ देखि ९० सम्मको परिवारका विवरण संकलन गरिएका छन् भने

परिवारक्रमसंख्या [०४१] दखि [०९०] सम्म हुन्छ ।

जम्मा जनसंख्या, पुरुष र स्त्री - प्रत्येक बुकमा गणना भएका जम्मा जनसंख्या, पुरुषको संख्या र स्त्रीको संख्या दिइएको कोठामा लेख्नु पर्दछ । कभरपेजमा जनसंख्याको विवरण लेख्दा त्यस बुक भित्रमा गणना भएका प्रत्येक परिवारका व्यक्तिको पुरुष र स्त्री अलग-अलग गन्ती गरी यकिन भएपछि मात्र लेख्नुपर्दछ ।

गणकको नाम, सही, मिति :- जुन गणकले बुकभित्रका विवरण संकलन गरेको छ सोही गणकको नाम लेखि बुझिने गरी सही गर्नुपर्दछ र मिति लेख्नुपर्दछ ।

सुपरीवेक्षकको नाम, सहि र मिति :- यस बुकमा विवरणहरु संकलन गर्दा कामको निरीक्षण गरेका सुपरिवेक्षकले काम सकिएपछि भरिएका सवै पानाको विवरणहरु हेरी विवरणमा त्रुटी भएको, छुटेका छ, छैन यकिन गर्नु पर्दछ र सच्याउन सकिने त्रुटी भए सच्याउनु पर्छ । विवरणहरु जाँचिसकेपछि सुपरीवेक्षकले आफ्नो नाम लेखि सही गरी मिति लेख्नु पर्दछ ।

लगत प्रशोधन (कार्यालय प्रयोजन) को लागि मात्र **कार्यालयमा पछि भर्नुपर्ने भएकोले त्यस्ता विवरणहरु गणना क्षेत्रमा भर्नु पर्दैन । विवरण भर्ने ठाउँमा केही नलेखी खाली छोड्नु पर्दछ ।**

लगत २ को बुक कभर पेज (आवरण पृष्ठ) भर्ने तरिका

राष्ट्रिय जनगणना २०५८ को लागि लगत २ छनौटमा परेका अधिकांश जिल्लाहरुका घरपरिवारमा छनौटको आधारमा र बाँकी सम्पूर्ण घर परिवारमा गणना गरिने भएकाले २० पानाको र ४० पानाको बुकको रुपमा २० पाने बुक र ४० पाने बुक वाइण्डिङ्ग गरिएको छ । लगत १ को जस्तै लगत २ को कभर पेजमा पनि उस्तै विवरणहरु रहेका छन् । लगत २ को कभर पेजमा निम्न अनुसार विवरण छन् ।

श्री ५ को सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
केन्द्रीय तथ्यांक विभाग
राष्ट्रिय जनगणना २०५८

लगत २

राष्ट्रिय जनगणना २०५८ मा संकलन गरिएका सबै व्यक्तिगत विवरणहरु तथ्यांक ऐन, २०१५ बमोजिम गोप्य रहने छन् ।

जिल्ला :- ..... **गा.वि.स./न.पा. :-** ..... **वडा नं. :-** .....
वडा खण्ड :- ....**बुकको बुक नं. :-** .....

छनौट भएका घर क्रमसंख्या [ ]

छनौट भएका परिवार क्रमसंख्या [ ]

जम्मा जनसंख्या [ ] पुरुष [ ] स्त्री [ ]

गणकको नाम :- ..... सही :- ..... मिति :- .....

सुपरिवेक्षकको नाम :- ..... सही :- ..... मिति :- .....

लगत प्रशोधन (कार्यालय प्रयोजन) को लागि मात्र	
सम्पादन गर्ने :-	सम्पादन मिति :- .....
सम्पादन चेक गर्ने :-	सम्पादन चेक मिति :.....
कोडिङ्ग गर्ने :-	कोडिङ्ग मिति :- .....
कोडिङ्ग चेक गर्ने :-	कोडिङ्ग चेक मिति :- .....
डाटा इन्ट्री गर्ने-	इन्ट्री मिति :- .....
इन्ट्री चेक गर्ने :-	चेक मिति :- .....

लगत १ मा घरक्रमसंख्या ..... देखि ..... सम्म र परिवार क्रमसंख्या ..... देखि ..... सम्म भन्ने छ भने लगत २ मा छनौट भएका घर क्रमसंख्या र छनौट भएका परिवार क्रमसंख्या छ ।

छनौट भएका घर क्रमसंख्या - छनौट भएका घर क्रमसंख्याको कोठामा त्यस बुक भित्र जुन जुन घरहरुको विवरण भरिएको छ सो घरको नम्बर लेख्नु पर्दछ । जस्तै यदि दिइएको बुकमा ४, १२, २०, २८, ३६, ४४, ५२, ६० नम्बरका घरको विवरण भरिएको छ भने छनौट भएको घर क्रमसंख्याको कोठामा क्रमैसंग कमा (,) दिएर लख्नु पर्दछ ।

छनौट भएका घरक्रमसख्या | ४, १२, २०, २८, ३६, ४४, ५२, ६० |

छनौट भएका परिवार क्रमसंख्या - छनौट भएका परिवार क्रमसंख्यामा त्यस बुर्कभित्र जुन जुन परिवारहरुको विवरण संकलन गरिएको छ सो परिवारको नम्बर लेख्नु पर्दछ । यदि ४, ५, ६, २०, २१, ३८, ३९, ५०, ५१ नम्बरका परिवारहरको विवरण त्यस बुर्कभित्र परेका छन् भने क्रमैसंग ती परिवारको नम्बर छनौट भएका परिवार क्रमसंख्यामा लेख्नुपर्दछ । छनौट भएका घरमा भएका सम्पूर्ण परिवारको गणना गर्नुपर्ने भएकोले सो घर भित्रका परिवारको सिलसिलेवार नम्बर लेख्नुपर्दछ ।

छनौट भएका परिवार क्रमसंख्या | ४, ५, ६, २०, २१, ३८, ३९, ५०, ५१, |

साथै छनौटमा नपरेका जिल्ला तथा नगरपालिकाहरुमा घरक्रम संख्या र परिवार क्रमसंख्या लगत १ मा जस्तै ..... देखि .....सम्म दिइएको कोष्ठ मै लेख्नु पर्दछ । जस्तै यदि त्यस बुक भित्र १ देखि २५ सम्मका घरक्रमसंख्याको विवरण भरिएका छन् भने

छनौट भएका घरक्रमसंख्या | १ देखि २५ सम्म |

त्यस्तो परिवार क्रमसंख्यामा यदि १ देखि ३५ सम्मको विवरण भरिएका भए

छनौट भएका परिवार क्रमसंख्या | १ देखि ३५ सम्म | लेख्नु पर्दछ ।

लगत २ को कभरपेजका अरु सबै विवरणहरु लगत १ का विवरणसँग मिल्ने भएकोले लगत १ को कभर पेज भर्ने तरिकामा दिए अनुसार लगत २ भर्नु पर्दछ ।

लगत २ मा पनि सबै परिवारको गणना गर्नु पर्ने जिल्लाहरुमा छनौट भएका घर, परिवार लेख्नु पर्ने कोठामा क्रमसंख्या लेख्दा लगत १ को कभर पेजमा लेख्नुपर्ने नियम अनुसार नै लेख्नु पर्छ ।

अनुसूची – १

तराइ, पहाड र हिमाली क्षेत्रका जात/जाति र थरहरूको केहि उदाहरण निम्नानुसार दिइएको छ ।

जात/जाति	थरहरू
तराइ क्षेत्र	
क. यादव	१. अहिर २. बरबरिया ३. बसियन्त ४. घुरेल ५. भगत ६. चौधरी ७. दास ८. गोप ९. गोपाल १०. गुरमेत ११. यादव १२. राउत १३. सिंह १४.गोईत १५. राय १६. मंडर १७. मर्वेता
ख. कुम्हार	१. पंडित
ग. कायस्थ	१. कर्ण २. सिन्हा ३. सहाय ४. श्रीवास्तव ५. कठारी ६. मंशी ७. बच्चन ८. मल्लिक ९. बर्मा १०. कंठ ११. दास १२. लाल १३. सुमन १४. लाभ
घ. राजभर	१. चौधरी २. बर्मा ३. सिंह ४. मंण्डल ५. सिन्हा ६. राय
ङ. वनिया	१. शाह २. गुप्ता ३. दास
च. धोबी	१. धोबी २. वैढा ३. रज ४. राजधोवी
छ. सुंडी	१. महतो २. चौरसिया ३. पंजियार ४. मण्डल ५. गामी ६. महासेठ ७. हात्ती ८. गाई ९. नायक १०. पूर्वे ११. कापड १२. गुप्ता
ज. कलवार	१. जैसवाल २. जयसार ३. कलवार ४. चौधरी ५. प्रसाद ६. शाह ७. गुप्ता
झ.. कानु	१. शाह २. गुप्ता ३. कानु
ञ. कुर्मी	१. कापड २. शाह ३. कापडी ४. कुर्मी ५. सिंह ६. जेसवार ७. पटेल ८. राउत ९. मण्डल १०. महतो
ट. भूमिहार	१. पाण्डे २. सिन्हा ३. ओझा ४. पाठक ५. तिवारी ६. राय ७. सिंह ८. ठाकुर ९. शर्मा
ठ. ब्राह्मण (तराई)	१.वर्मा २. शर्मा ३. भट्टाचार्य ४. त्रिवेदी ५. बङ्गोपाध्याय ६. चट्टोपाध्याय ७. चतुरवेदी ८. त्रिपाठी ९. चौधरी १०. दुबे ११. पाठक १२. झा १३. मिश्र १४. उपाध्याय १५. ओझा
ड. राजपूत	१. पाण्डे २. ठाकुर ३. राना ४. राठौर ५. सिंह ६. राव
ढ. थारू	१. कठरीया २. खाँ ३. विश्वास ४. राजी ५.खवास ६. चौधरी ७.परिहार ८. सौलीरया ९. जोगी १०. दनुवार ११. राजधरियार १२. माहेउता १३. कन्फटा १४. माझी १५. महन्त १६. बाँढ १७. रोतार १८. खस १९. भगत २०. मैदनिया २१. पंजियार
ण. तेली	१.शाह २. गुप्ता
त. कुशवाहा	१. कुशवाहा २. कोइरी ३. महतो ४. मेहता ५. सिंह ६. सिंहा ७. मौर्य ८. मुराव ९. बर्मा

पहाडी क्षेत्र	
क. ब्राह्मण (पहाड)	१. अर्याल २. आचार्य ३. अधिकारी ४. बराल ५. बास्कोटा ६. विष्ट ७. भट्टराई ८. भण्डारी ९. पोखरेल १०.वाग्ले ११. ढकाल १२. ढुंगेल १३. धिताल १४. देवकोटा १५. ज्ञवाली १६. घिमिरे १७. जोशी १८. खरेल १९. खनाल २०. कोइराला २१. उपाध्याय २२. रेग्मी २३. पण्डित
ख. क्षेत्री	१. वानियाँ २. बुढाथोकी ३. बर्मा ४. वि.सि. ५. बोहरा ६. डाँगी ७. घर्ती क्षेत्री ८. हमाल ९. खत्री क्षेत्री १०. खड्का ११. खडायत १२. खस १३. कार्की १४. खवास १५. कुंवर १६. महत १७.रायमाझी १८. राठौर १९. रानाभाट २०.. सिजापति २१. थापा
ग. ठकुरी	१. चन्द २. मल्ल ३. पाल्पाली ४. शाह ५. सेन ६. सिंह ७. शाही ८. ठकुरी
घ. सन्यासी	१. गिरी २. पुरी ३. भारती ४. सन्यासी ५. वन ६.महन्त
ङ. नेवार	१. अमात्य/महाजु २. बल्ल ३. बुद्धाचार्य,बज्राचार्य ४. चित्रकार ५. डंगोल,महर्जन ६. धाख्वा ७. हाडा ८. जोशी ९. कर्माचार्य १०. कायस्थ ११. मल्ल १२. मास्के १३. मानन्धर १४.मुल्मी १५. प्रधान १६. राजभण्डारी १७. सैजु १८. शाक्य १९. श्रेष्ठ २०. तुलाधर २१. देवभण्डारी २२. सुवाल २३. प्रजापति २४. सिंह २५. ताम्राकार २६. आवाले २७. भुजु
च. लिम्बु	१. आङचुवा २. आङदम्वे ३. इङनाम ४. इसिवु ५. केवुहाँग ६. कामबाँग ७. खापुंग ८. खेवा ९. चिल्लेव १०. जवेगु ११. याँदेन १२. थुम्मोको १३. थेबे १४. थोप्रा १५.थोर्लेग १६. फुदोङ १७. फेदाप १८. फेन्दुवा १९. मादेन २०. लावती
छ. राई	१. आठपगरे २. कुलुंग ३. धुम ४. चामलिंग ५. छिगताग ६. थुलुंग ७. दुमी ८. नावकोङ ९. देवसा १०. बगले ११. वाङदेल १२. वान्तवा १३. याम्फु १४. रूंगहाँग १५. साल्टेन १६. रूम्दाली १७. रोदोङ्ग १८. सोकाप १९. सीतांग २०. सोदेङ्गल
ज. गुरुङ	१. लामिछाने २. पोजो ३. लामा ४. काप्रे ५. चुंगीलामा ६.छिनेलामा ७. उतुला ८. धिमाल ९. लोक्य १०. छोर्मी ११. दलामे १२. घले १३. तोलामे १४. आले १५. पोम १६. घिमिआरू १७. श्रेगीलामा १८. पैगीलामा
झ. थकाली	१. भट्टचन २. गौचन ३. हिराचन ४. शेरचन ५.तुलाचन
ञ. तामाङ	१. कमाँवा २. ग्लामा ३. पाख्रिन ४. घिसिंग ५. डारेदेना ६. ध्यापा ७. बमजन ८. गोनदान ९. मोक्तान १०. योञ्जन ११. ग्रन्दन १२. धवा १३. थिङ १४. मान्देन १५. सिङदेन १६. भेमसिङ १७. लोपचना १८. ब्लोन १९. वाइवा २०. श्याङम्बो
ट. मगर	१. आले २. रवुलाल ३. पुन ४. राना ५. थापा
हिमाली क्षेत्र	
क. शेर्पा	१. गार्जा २. गोपर्मा ३. डावा ४. नैजुवा ५.पाङकर्मा ६. पाल्दोर्जे ७. पेनाकपा ८. मेन्दे ९. मौपा १०. रोङ शेर्वा ११. लामा १२. शागुप १३. शेपा १४. सदाका १५. एनासा १६.छुशुर्वा १७. चियावा १८. गाले १९. पाङ्दोजे २०. थाक्टू

विभिन्न जात/जातिमा पाइने समान थरका केही उदाहरण -

	थर	जात/जाति
क.	साह	बनियाँ, कानु
ख.	शाह	तलबार, कुरी, तेली, कुर्मी
ग.	सिन्हा	कायस्थ, राजभर, भूमिहार
घ.	सिंह	राजपूत, कुरी, भूमिहार, कुर्मी, राजभर, यादव
ङ.	गुप्ता	बानियाँ, सुडी, कलवार, कानू, तेली
च.	शर्मा	भूमिहार, ब्राह्मण (तराई)

अनुसूची – २

(लगत – २)

महल १५ को प्रयोजनका लागि केही उदाहरण

क्र.सं.	नाम, थर	बितेको १२ महिनामा धेरैजसो समय गरेको काम		कुन क्षेत्रमा पर्छ
१.	नन्दा कुमारी गोसाईं	मत्स्यपालन	(आफ्नै)	(१) कृषि/आफ्नै खेतिपाती
२.	पृथ्वी बहादुर तामाङ	धान, मकै वा अन्य खेती	,,	(१) कृषि/आफ्नै खेतिपाती
३.	चित्रा देबी गुरूङ	पशुपालन र दुग्ध व्यवसाय	,,	(१) कृषि/आफ्नै खेतिपाती
४.	विष्णु कुमारी कानु	फलफूल खेती	,,	(१) कृषि/आफ्नै खेतिपाती
५.	रामबचन गिरी	माहुरी पालन/कुखुरापालन	,,	(१) कृषि/आफ्नै खेतिपाती
६.	दीपक राई	गोठालो काम	,,	(१) कृषि/आफ्नै खेतिपाती
७.	ठाकुरराम चौधरी	लेखापाल (सलाई कारखानामा)	,,	(२) तलब/ज्लाया पाउने
८.	गगादेबी सिजापति	खजान्ची, नेपाल राष्ट्र बैंक	(अरूको)	(२) तलब/ज्याला पाउने
९.	शशीकला विष्ट	इन्जिनियर, भवन विभागमा	,,	(२) तलब/ज्लाया पाउने
१०.	खम्ब प्रसाद मण्डल	मिस्त्री, फर्निचर उद्योगमा	,,	(२) तलब/ज्याला पाउने
११.	रन्त ब. बानियाँ	तेल पेल्ने, दिव्य आयल मिल	,,	(२) तलब/ज्याला पाउने
१२.	शुकदेव दवाडी	डिजाइनर, सुन्दर कार्पेट	,,	(२) तलब/ज्याला पाउने
१३.	क, ख, ग	मन्त्रीहरू	,,	(२) तलब/ज्याला पाउने
१४.	माधुरी देबी चटौत	पार्टीको कार्यालयको अधिकृत		(२) तलब/ज्याला पाउने
१५.	लक्ष्मण आंङदम्बे	गलैचा उद्योगमा सुपरभाइजर	आफ्नै	(३) आफ्नै व्यवसाय
१६.	शुखनी कुमारी राजवंशी	विस्कुट कारखाना काम गर्ने	,,	(३) आफ्नै व्यवसाय
१७.	देवी प्रसाद भूसाल	किराना पसलमा काम गर्ने	,,	(३) आफ्नै व्यवसाय
१८.	गणेश कुमारी वान्तवा	रेष्टुरेन्ट/होटलमा काम गर्ने	,,	(३) आफ्नै व्यवसाय
१९.	डा. अनुराधा देबी पाण्डे	क्लिनिकमा काम गर्ने	,,	(३) आफ्नै व्यवसाय
२०.	चेतन सार्की	ल फर्ममा काम गर्ने, वकिल	आफ्नै	(३) आफ्नै व्यवसाय
२१.	सीता कार्की	घरायसी काम		(५) कुनै काम नगरेको
२२.	शिव बस्नेत	अध्ययन, विद्यार्थी क्याम्पसको		(६) कुनै काम नगरेको
२३.	प्रेम चन्द्र दुलाल	वृद्धावस्था भएकोले काम गर्न नसकेको		(७) कुनै काम नगरेको
२४.	शारदा धिमाल	राजनैतिक कार्यकर्ता तलव नपाउने		(७) कुनै काम नगरेको
२५.	दार्ची शेर्पा	अपाँग भएकोले कुनै काम नगरेको		(७) कुनै काम नगरेको

अनुसूची - ३

लगत २

महल १७, १८ र १९ को प्रयोजनका लागि केही उदाहरण

(लगत २ को प्रश्नावलीको ढाँचामा)

क्र.सं.	नाम, थर	अक्सर के काम गर्नु भयो ?	कहाँ काम गर्नु भयो ?	काम गर्दाको तह कुन हो ?
महल १	महल २	महल १७	महल १८	महल १९
१.	रमादेबी अधिकारी	जीवन निर्वाहको लागि धान, गहुँ खेती गरेको	आफ्नै खेतमा, खाद्यान्न उत्पादन गरेको	निजी काम गर्ने तलब/ज्याला दिइ खेतीमा अरूलाई काम नलगाएको
२.	सत्यदेवी कलवार	आम्दानीको लागि धान गहुँ खेती गरेको	खाद्यान्न उत्पादन	आवश्यक पर्दा श्रमिक समेत लगाएको
३.	दिल बहादुर रायमाझी	माछा पालनको काम गरेको	आफ्नै पोखरीमा, माछा उत्पादन	निजी काम गर्ने तलब/ज्याला दिइ खेतीमा अरूलाई काम नलगाएको
४.	छिरिङ लामा	स्याउ खेती गरेको	आफ्नै बारीमा	निजी काम गर्ने तलब/ज्याला दिइ खेतीमा अरूलाई काम नलगाएको
५.	राहत अलि खाँ	कुखुरालाई अन्न पानी दिने	आफ्नो घरमा, मासु, ऊन उत्पादन	काम सघाउने काम गर्ने मुख्य व्यक्ति अरू नै भएको
६.	कलावती चौधरी	पशुपालन (गाई, भैंसी)	आफ्नै गोठमा, दूधको लागि	निजी काम गर्ने पशुपालनको काममा तलब वा ज्याला दिइ अरूलाई काम नलगाएको
७.	सदाशिव मण्डल	खेतीपातीको व्यवस्थापन गर्ने व्यवस्थापक	आफ्नै खेत, बारीमा सागसब्जीको	अरूलाई काम लगाउने खेतीमा नोकर,हली, राखी काम लगाएको
८.	दीपा श्रेष्ठ	तरकारी बेचबिखन गरेको	नजीकको बजारमा खुद्रा व्यापार	निजी काम गर्ने
९.	वृज मोहन झा'	माहुरी पालन गरेको	आफ्नै जग्गामा, मौरी पालेको	निजी काम गर्ने
१०.	सकुन्तला ठाकुर	औषधी उपचार गर्ने स्वास्थ्य सहायक	अस्पतालमा	अरूको काम गर्ने तलब, ज्याला लिई काम गरेको
११.	धन बहादुर थापा	फलफूल बेच्ने	फूटपाथमा खुद्रा व्यापार	निजी काम गर्ने कामदार नलगाएको
१२.	फूल कुमारी महतो	गाईवस्तु चराउने, घाँस काट्ने गरेको	आफ्नै खेत बारीमा र चौरमा पशुको लागि	काम सघाउने घरधन्दाको काम समेत गरेको
१३.	एर्मिला देबी राउत	ब्यबस्थापन निर्देशक	बाणिज्य बैंकमा	अरूको कामगर्ने तलबी काम गरेको

क्र.सं.	नाम, थर	अक्सर के काम गर्नु भयो ?	कहाँ काम गर्नु भयो ?	काम गर्दाको तह कुन हो ?
महल १	महल २	महल १७	महल १८	महल १९
१४.	सीता बस्नेत	चिउरा, चामल आदि खाद्यबस्तु तयार गरेको	आफ्नै घरमा खाद्यबस्तु उत्पादनगरेको	निजी काम गर्ने काम गर्ने मुख्य व्यक्ति आफै
१५.	दिवाकर माझी	माछा मार्ने	खोला, पोखरी आदि	निजी काम गर्ने काम गर्ने मुख्य व्यक्ति आफै
१६.	प्रमलता तामाङ	फलफूल खेती खेतीको काम गर्ने श्रमिक	अरूको बारीमा फलफुल खेतीको काम गरेको	अरूको काम गर्ने मजदूरी लिइ काम गरेको
१७.	ग्याल्मो शेर्पा	गलैचा बुनाइको सुपरभाइजर	आफ्नै घरको तानमा, गलैचा उत्पादन	निजी काम गर्ने अरूलाई काम नलगाएको
१८.	जगत बहादुर नगरकोटी	बेकरी उद्योगमा कामको व्यवस्थापन गरेको	आफ्नै पाउरोटी उद्योग	अरूलाई काम लगाउने उद्योगमा तलब, ज्याला दिई कामदार लगाएको
१९.	सीता नगरकोटी	पाउरोटी ओभनमा सेकाउने काम गरेको	आफ्नै पाउरोटी उद्योगमा	काम सघाउने उद्योगमा मुख्य व्यक्ति अरूनै भएको
२०.	विना खड्का	राडी, पाखी बुन्ने	आफ्नै घरको तानमा राडी पाखी बुन्ने तानमा	निजी काम गर्ने अरूलाई काम नलगाएको
२१.	बेल कुमारी डाँगी	फिस्कल अफिसर भइ काम गरेको	सूर्य गलैचा उद्योग, गलैचा उत्पादन	अरूको काम गर्ने तलब, ज्याला लिइ काम गरेको
२२.	रूपा ठाकुर	केश सजाउने काम गरेको (केश श्रृंगार)	आफ्नै ब्यूटी पार्लरमा	अरूलाई काम लगाउने ब्युटी पार्लरमा अरू कामदार राखेको
२३.	श्याम गौचन	प्रशासनको काम, अधिकृत	जुट कारखानामा, जुटबोरा उत्पादन	अरूको काम गर्ने तलबी कामदार
२४.	दिवाकर लोहार	यन्त्र संचालन र मरम्मतको काम गरेको	म्याच फ्याक्ट्री, सलाई उत्पादन	अरूको काम गर्ने तलबी कामदार
२५.	ब्रिजेश यादव	पोशाक डिजाइनर	भण्डारी गार्मेन्ट	अरूको काम गर्ने तलबी कामदार
२६.	शंकर लाल दुसाध	चकलेट प्याकिंग गर्ने	सागर कन्फेसनरी, चकलेट उत्पादन	अरूको काम गर्ने तलबी कामदार
२७.	बिजय श्रीवास्तव	धान कुट्ने मेशिन स.चालन र मरम्मत	सन्तोष राईस मिल, चामल उत्पादन	अरूको काम गर्ने तलबी कामदार
२८.	रमेश श्रेष्ठ	बस ड्राइभर	साझा यातायात, यातायात सेवा	अरूको काम गर्ने तलबी कामदार
२९.	दिपिका कुमारी रेग्मी	बस, ट्रक आदि अटो पार्टस मरम्मतको सुपरभाइजर	अटो वर्कशपमा, मरम्मत सेवा	अरूलाई काम लगाउने आफ्नै वर्कशप
३०.	शंकर चौधरी	रिक्सा चलाउने काम	आफ्नै रिक्सा चालक	निजी काम गर्ने मुख्य व्यक्ति आफै

क्र.सं.	नाम, थर	अक्सर के काम गर्नु भयो ?	कहाँ काम गर्नु भयो ?	काम गर्दाको तह कुन हो ?
महल १	महल २	महल १७	महल १८	महल १९
३१.	विजय अग्रवाल	बस,ट्रकको पाटपूर्जा खुद्रा व्यापार	आफ्नै खुद्रा पसल, खुद्रा ब्यापार	काम सघाउने मुख्य व्यक्ति अरू नै
३२.	राधिका भण्डारी	आर्थिक कारोबार, लेखापाल	सोल्टी होटलमा, सेवा	अरूको काम गर्ने तलबी कार्यालय सहायक
३३.	धनिकलाल मण्डल	पसलमा माल मिलाउने, बेच बिखन गर्ने	आफ्नै हार्डवयर पसलमा	काम सघाउने मुख्य व्यक्ति अरू नै भएको
३४.	विनय गुप्ता	नि.मा.वि. विज्ञान शिक्षक	दिव्य नि.मा.वि.	अरूको काम गर्ने तलबी कामदार
३५.	हरि कुमारी धोबी	लुगाधुने काम गरेको	हातले कपडा धुने आफ्नै पसलमा	काम सघाउने मुख्य व्यक्ति अरू नै भएको
३६.	कृष्ण ढकाल	पाले (गेट किपर)	रन्जना सिनेमा, मनेरञ्जन सेबा	अरूको काम गर्ने तलबी कामदार
३७.	राजेन्द्र खत्री	मनोरञ्जनको टिकट बेच्ने	राष्ट्रिय नाचघर	अरूको काम गर्ने तलबी कामदार
३८.	राधवेन्द्र प्रसाद सिंह	भवन डिजाईन गर्ने इन्जिनियर	भवन विभाग	अरूको काम गर्ने तलबी कामदार
३९.	सुमित्रा गौचन	खाना र पेय पदार्थ बनाइ बिक्री गरेको	आफ्नै रेष्टुरेण्टमा	काम सघाउने मुख्य व्यक्ति अरू नै भएको
४०.	डा. यादव रन्जन बैद्य	दाँतका रोगीहरूको उपचार गर्ने डाक्टर	नर्सिङ्ग होममा, उपचार सेबा	अरूलाई काम लगाउने अरू सहायकहरूलाई नियुक्ति गरी सेवा चलाएको
४१.	बिजेश शाह	मिठाइ, समोसा आदि खाद्यबस्तु बनाइ बिक्री गर्ने	आफ्नो घरमा, खाद्यबस्तु उत्पादन	निजी काम गर्ने मुख्य व्यक्ति आफै
४२.	राजेश चित्रकार	कागजको कार्टुन, खाम बनाएको	आफ्नो घरमा, उत्पादन कार्य गरेको	निजी काम गर्ने मुख्य व्यक्ति आफै
४३.	विकास निरौला	कम्पुटर प्रोग्रामीङ गरेको	रा.यो. आ. सचिवालय	अरूको काम गर्ने तलबी कामदार
४४.	शिवदास मण्डल	यान्त्रीक पार्ट पुर्जा डिजाइन गरेको, मेकानिकलइन्जिनियर	अटो इञ्जीनीयरिङ	अरूको काम गर्ने तलबी कामदार,
४५.	डा. रूपकला क्षेत्री	सचिब, स्वास्थ्य नीति निर्माण र कार्यान्वयन	स्वास्थ्य मंत्रालय	अरूको काम गर्ने तलबी कामदार, सरकारी
४६.	विजय धानुक	बाँसको टोकरी, ढक्की, नाङ्लो आदि बनाएको	आफ्नै घरमा	निजी काम गर्ने मुख्य व्यक्ति आफै
४७.	दिब्या पण्डीत	मटाको भाँडा, वर्तन बनाएको	माटाका बस्तु उत्पादन	अरूको काम गर्ने तलबी कामदार, नीजि

क्र.सं.	नाम, थर	अक्सर के काम गर्नु भयो ?	कहाँ काम गर्नु भयो ?	काम गर्दाको तह कुन हो ?
महल १	महल २	महल १७	महल १८	महल १९
४८.	प्रेमलाल हलवाई	चना, भुजा बनाएको,	आफ्नै घरमा खाद्य बस्तु उत्पादन	निजी काम गर्ने मुख्य व्यक्ति आफै, चना, भुजा बनाइ बिक्री गर्ने
४९.	हीरा देबी क्षेत्री	अरूको लागि द्युना, टपरी गासेको, बत्ती कातेको	आफ्नै घरमा	निजी काम गर्ने दुना, टपरी गासेको, बत्ती कातेको मजदूरी लिने
५०.	हरि शाक्य	मुद्दा बहस गरेको, गैह्र सरकारी वकील	जिल्ला अदालतमा, अरूको मुद्दा बहस	निजी काम गर्ने आफ्नै ल फर्मको काम
५१.	गोपाल धामी	झारफूक र परंपरागत औषधि उपचार गरेको	अरूको घर, स्वास्थ्य सेवा	अरूको काम गर्ने औषधि उपचार गरेबापत फी लिने गरेको
५२.	शान्तिरत्न तुलाधर	गहना बनाउने काम गरेको	अरूको पसलमा औद्योगिक उत्पादन	अरूको काम गर्ने पारिश्रमिक लिएर काम गरेको
५३.	दिल दहादुर सार्की	जुत्ता सिलाउने, मरमत गर्ने	फूटपाथमा बस्ने जुत्ता बनाउने	निजी काम गर्ने मुख्य व्यक्ति आफै
५४.	नरमाया (कान्छी) सार्की	काँचो छाला धुने, बनाउने काम गरेको	आफ्नै पसलमा	काम सघाउने मुख्य व्यक्ति अरू नै
५५.	लक्ष्मी खड्का	बिक्रीका लागि बाँसको चोया डोको, डालो बुन्ने	आफ्नै घरमा औद्योगिक उत्पादन	काम सघाउने मुख्य व्यक्ति अरू नै
५६.	दिलमाया श्रेष्ठ	घरायसी कामकाज गरेको, घरेलु कामदार	अरूको नीजि घरमा	अरूको काम गर्ने तलबी कामदार
५७.	कोकिला घिसिङ	राडी बुन्ने	आफ्नै घरको तानमा राडी बुन्ने	काम सघाउने मुख्य व्यक्ति अरू नै
५८.	साम्राज्य गुरूङ	कपडामा रंग लगाउने, प्राबिधिक सहायक	कपडा कारखाना, कपडा उत्पादन	अरूको काम गर्ने तलबी कामदार
५९.	विनय विश्वकर्मा	कुटो, कोदालो, हसिया, फाली आदि बनाउने	आफ्नै घरको आरनमा औद्योगिक उत्पादन	निजी काम गर्ने मुख्य व्यक्ति अरू नै
६०.	दिल बहादुर दमाई	लुगा सिउने	आफ्नै पसलमा औद्योगिक उत्पादन	निजी काम गर्ने मुख्य व्यक्ति आफै
६१.	नन्द बबहादुर कामी	फलामको काम गरेको, खुकुरी, कोदाली आदि बनाउने	आफ्नै आरनमा औद्योगिक उत्पादन	निजी काम गर्ने मुख्य व्यक्ति आफै
६२.	हेरा माया नकर्मी	खरीढुंगा कुट्ने, कामदार	हिमाल सिमेन्ट कम्पनी, सिमेन्ट खरिढुंगा उत्पादन गर्ने	अरूको काम गर्ने तलबी कामदार
६३.	डम्बर बहादुर थापा	बालुवाको ठेकेदार	नजिकको खोला, नदीबाट बालुवा ल्याई थोक बिक्री गर्ने	निजी काम गर्ने मुख्य व्यक्ति आफै
६४.	शंकर भूसाल	ढुंगा, गिटी कुटने, कामदार	नजिकको खोला, नदीबाट ढुंगा, गिटी ल्याई गिटी उत्पादन	अरूको काम गर्ने मजदूरी लिइ काम गरेको

क्र.सं.	नाम, थर	अक्सर के काम गर्नु भयो ?	कहाँ काम गर्नु भयो ?	काम गर्दाको तह कुन हो ?
महल १	महल २	महल १७	महल १८	महल १९
६५.	कोकिला घर्ति	माइनिङ व्यवस्थापन, इन्जिनियर, रा. प. द्वीतीय श्रेणी	खानी बिभाग, सरकारी कार्यालय	अरूको काम गर्ने/तलबी कामदार
६६.	अखिला कुमारी ठकुरी	पावर हाउस निर्मणको निर्देशन, सुपरिवेक्षण गरेको	मर्स्याङदी जलविद्युत आयोजना	अरूको काम गर्ने/तलबी कामदार
६७.	कृष्ण लाल श्रेष्ठ	माल-सामान ढुवानी गरेको	अरूको सामान ढुवानी,	निजी काम गर्ने /मुख्य व्यक्ति आफै
६८.	रामकृष्ण बोगटी	धारा जडान, प्लम्बर भइ काम गरेको	खानेपानी संस्थान, खानेपानी सेवा	अरूको काम गर्ने /तलबी कामदार
६९.	शिवराज चौरसिया	टांगा चलाएको	मानिसहरूलाई यातायात सेबा दिने	काम सघाउने /मुख्य व्यक्ति अरू नै
७०.	तेतरी देबी राजवंशी	बिडी बनाएको, सुर्ती चालेको	गणेश विडी फ्याक्ट्री, बिडी, खैनी उत्पादन	अरूको काम गने / मजदूरी लिइकाम गरेको
७१.	मथुरा किराती	मल सामान ढुवानी गरेको	बिभिन्न व्यक्तिहरूको	अरूको काम गर्ने /ज्याला लिइ काम गरेको
७२.	सम्पतीया देवी कलवार	धान कुट्ने, मकै कोदो पिसने काम गरेको	अरूको घरमा धान, मकै, कोदो कुट्ने	अरूको काम गर्ने /मजदूरी लिइ काम गरेको
७३.	सरिफ मियाँ	खसी, कुखुराको मासु बेच्ने	आफ्नै पसलमा, मासु बेच्ने	निजी काम गर्ने /मुख्य व्यक्ति आफै
७४.	विष्णु कुमारी धिमाल	तरकारी, साग-सब्जी खेती गरेको	आफ्नै खेतमा तरकारी खेती	काम सघाउने मुख्य व्यक्ति अरू नै
७५	हरिसिंह कठायत	बिकीको लागि नाम्लो, डोरी बाटेको	आफ्नो घरमा औद्योगिक उत्पादन	निजी काम गर्ने /मुख्य व्यक्ति आफै
७६	रामरतीया डोम	खाद्यान्न कुट्ने, पिस्ने	आफ्नो घरमा	निजी काम गर्ने /मुख्य व्यक्ति सरह
७७	तिलक राम चमार	दाउरा, पानी संकलन	आफ्नो घरमा	निजी काम गर्ने /आफ्नै घरको काम
७८.	कुन्ती देबी बाँतर	काँचो, पाकेको इट ढुवानी गरेको	इटाभट्टामा, इट उत्पादन	अरूको काम गर्ने /मजदूरी लिइ काम गरेको
७९.	सतनी देबी यादब	दूध, दही बनाइ बेच्ने	दहि उत्पादन दुघ बेच्ने	काम सघाउने /मुख्य व्यक्ति अरू नै

अनुसूची - ४.

जिल्ला अनुसार बिजनको रोपनीमा हुने परिवर्तन दर

जिल्ला		एक माना धानको बिजन बराबर	एक माना मकैको बिजन बराबर
1	ताप्लेजुङ्ग	0.0820	0.3430
2	पाँचथर	0.0820	0.3430
3	इलाम	0.0890	0.3900
4	झापा	0.0890	0.3900
5	मोरङ्ग	0.0570	0.3900
6	सुनसरी	0.0570	0.3900
7	तेह्रथुम	0.0570	0.3850
8	धनकुटा	0.0810	0.3200
9	संखुवासभा	0.0810	0.3200
10	भोजपुर	0.0620	0.3900
11	सोलुखुम्बु	0.0625	0.5695
12	ओखलढुङ्गा	0.0625	0.3280
13	खोटाङ्ग	0.0620	0.3900
14	उदयपुर	0.0630	0.3850
15	सप्तरी	0.0630	0.3850
16	सिराहा	0.0630	0.3850
17	धनुषा	0.0610	0.3630
18	महोत्तरी	0.0610	0.3630
19	सर्लाही	0.0610	0.3630
20	सिन्धुली	0.0610	0.3630
21	रामेछाप	0.0470	0.3440
22	दोलखा	0.0625	0.5695
23	सिन्धुपाल्चोक	0.0547	0.3281
24	काभ्रेपलाञ्चोक	0.0700	0.3600
25	ललितपुर	0.0800	0.3300
26	भक्तपुर	0.0700	0.3600
27	काठमाण्डौ	0.0780	0.3050
28	नुवाकोट	0.0780	0.3050
29	रसुवा	0.0625	0.2810
30	धादिङ्ग	0.0625	0.2810
31	मकवानपुर	0.0800	0.3300
32	रौतहट	0.0800	0.3300
33	बारा	0.0800	0.3300
34	पर्सा	0.0800	0.3300
35	चितवन	0.0800	0.3300
36	गोरखा	0.0900	0.3450
37	लमजुङ्ग	0.0900	0.2770
38	तनहुँ	0.1070	0.2320
39	स्याङ्गजा	0.0900	0.2700
40	कास्की	0.1070	0.1880
41	मनाङ्ग	0.0900	0.2770
42	मुस्ताङ्ग	0.0750	0.2950
43	म्याग्दी	0.0750	0.2950
44	पर्वत	0.0900	0.2700
45	वाग्लुङ्ग	0.0750	0.2950
46	गुल्मी	0.780	0.3480
47	पाल्पा	0.0770	0.3210
48	नवलपरासी	0.0770	0.3210
49	रूपन्देही	0.0770	0.3210
50	कपिलबस्तु	0.0780	0.0780
51	अर्घाखाँची	0.0780	0.3480
52	प्यूठान	0.0690	0.3440
53	रोल्पा	0.0770	0.2700
54	रूकुम	0.0770	0.2700
55	सल्यान	0.0770	0.2700
56	दाङ्ग	0.1070	0.2320
57	बाँके	0.1070	0.2320
58	बर्दिया	0.1070	0.2320
59	सुर्खेत	0.1070	0.2320
60	दैलेख	0.1070	0.2320
61	जाजरकोट	0.0770	0.2700
62	डोल्पा	0.0600	0.2500
63	जुम्ला	0.0600	0.2500
64	कालिकोट	0.0600	0.2500
65	मुगु	0.0600	0.2500
66	हुम्ला	0.0600	0.2500
67	बाजुरा	0.0600	0.2500
68	बझाङ्ग	0.0600	0.2500
69	अछाम	0.0600	0.2500
70	डोटी	0.0600	0.2500
71	कैलाली	0.0600	0.2500
72	कन्चनपुर	0.0810	0.2600
73	डँडेलधुरा	0.0810	0.2600
74	बैतडी	0.0600	0.2300
75	दार्चुला	0.0600	0.2300

अनुसूची - ५

बिजन एकाइमा आएको क्षेत्रफललाई रोपनीमा परिवर्तन गर्ने तरिका

अधिराज्यका कतिपय जिल्लाहरूमा कृषकहरू आफूले चलन गरेको जग्गाको क्षेत्रफल स्तरीय एकाइ (Standard Units रोपनी/ बिघामा नभनी धानको बिजन र मकैको बिजनमा भन्ने गर्दछन् भने कतिपय कृषक चाँहि कुनै कित्ता धानको बिजनमा, कुनै कित्ता मकैको बिजन र कुनै कित्ता रोपनी वा बिघामा समेत बताउँदछन् । यस परिस्थितिमा राष्ट्रिय जनगणना २०५८ को लगत १ को कृषि प्रयोजनको लागि चलन गरेको जग्गाको क्षेत्रफल लेख्दा बिजन एकाईमा आएको क्षेत्रफललाई रोपनीमा परिवर्तन गरी भर्नुपर्दछ । उत्तरदाताले जग्गाको क्षेत्रफल बिजन (अर्थात् बीउ लाग्ने) भनेमा बिजनलाई रोपनीमा परिवर्तन गरी क्षेत्रफल रोपनीमा लेख्नुपर्दछ ।

बिजन एकाइबाट रोपनीमा परिवर्तन गर्ने तरिका तलको उदाहरणमा देखाइएको छ ।

(१) कुनै कृषकले आफूले चलन गरेको कूल जग्गाको क्षेत्रफल यस प्रकार रहेछ ।

धानको बीउ लाग्ने ४ पाथी ५ माना र मकैको बिजन लाग्ने जग्गा ३ पाथी ५ माना । यी आँकडालाई सर्वप्रथम हामीले खेस्रा (Rough) पानामा निम्न प्रकार लेख्नुपर्दछ ।

बिजन					
धान			मकै		
मुरी	पाथी	माना	मुरी	पाथी	माना
०	४	५	०	३	५

(२) धान र मकैको बिजनमा दिइएको क्षेत्रफललाई रोपनीमा परिवर्तन गर्न माथि दिइएको पाथी, मानाको एकाइलाई आँकडालाई सर्वप्रथम मानाको एकाइमा लैजाँदा,

धानको बिजन चार पाथी पाँच माना धान = (४× ८) + ५ = ३७ माना धान

मकैको बिजन तीन पाथी पाँच माना मकै = (३ × ८) + ५ = २९ माना मकै

(यो जग्गा ताप्लेजुङ्ग जिल्लाको भनी मानिएको खण्डमा, रूपान्तर यस प्रकार हुन्छ : १ माना धानको बीउ लाग्ने जग्गाको क्षेत्रफल = ०.०८२० रोपनी र १ माना मकैको बीउ लाग्ने जग्गाको क्षेत्रफल = ०.३४३० रोपनी)

अब ३७ माना धानको बिजन = (३७ × ०.०८२०) रोपनी = ३.०३४ रोपनी

२९ माना मकैको बिजन = (२९ × ०.३४३०) रोपनी = ९.९४७ रोपनी

धान र मकैको बिजनको जम्मा = (३.०३४ + ९.९४७) रोपनी

= १२.९८१ रोपनी

अब माथि १ मा दिएको धान र मकैको बिजन लागेको जम्मा क्षेत्रफल १२.९८१ रोपनीलाई रोपनी, आना र पैसामा परिवर्तन गरी लेख्नुपर्दछ ।

(३) १२.९८१ रोपनीलाई रोपनी आना र पैसामा रूपान्तर गर्ने विधि :

(क) १२.९८१ को दशमलव अगाडीको अंक १२ लाई रोपनी अन्तरगत लेख्ने ।

(ख) दशमलव पछाडिको अंक ०.९८१ लाई अब आनामा लग्नुपर्दछ । यसो गर्न ०.९८१ लाई १६ ले गुणन गर्ने (१६ × ०.९८१ = १५.६९६) र दशमलव अगाडिको अंकलाई आनामा लेख्ने ।

(ग) दशमलव पछाडीको अंक ०.६९६ लाई पैसामा लैजान ४ ले गुणन गर्ने (१ आना = ४ पैसा) तसर्थ ०.६९६ आना = (०.६९६ × ४) पैसा = २.७८४ पैसा = ३ पैसा

(घ) माथि १ मा उल्लेख भएको धानको बिजन अन्तरगत | ० | ४ | ५ | र मकैको बिजन अन्तरगत | ० | ३ | ५ | रोपनी, आना र पैसामा परिवर्तन गरी लेख्दा जम्मा क्षेत्रफल निम्नानुसार हुन आउँदछ :-

रोपनी	आना	पैसा
१२	१५	३

अब यो परिवर्तन गरी आएको यो क्षेत्रफललाई सम्बन्धित परिवारको लगत १ मा लेख्नुपर्दछ ।

(४) माथिको उदाहरणमा कृषकले आफूले चलन गरेको केही क्षेत्रफल रोपनीमा पनि बताए भने धान र मकैको बिजनमा आएको क्षेत्रफललाई रोपनी, आना, पैसामा परिवर्तन गरी सो क्षेत्रफललाई रोपनीमा बताएको क्षेत्रफलसँग जोडी एकमुष्ट क्षेत्रफल लेख्नुपर्दछ । जस्तै : कृषकले आफूले चलन गरेको केही जग्गा २ रोपनी ५ आना २ पैसा पनि रहेछ भने धान र मकैको बिजनको परिवर्तन माथि २ र ३ मा उल्लेख विधिअनुरूप गर्ने, जसअनुसार १२ रोपनी १५ आना ३ पैसा हुन आउँछ । यो क्षेत्रफललाई अब रोपनीमा बताएको क्षेत्रफल २ रोपनी ५ आना २ पैसासँग जोड्नुपर्दछ ।

१२ रोपनी १५ आना ३ पैसा
+ २ रोपनी ५ आना २ पैसा
१५ रोपनी ५ आना १ पैसा

जस अनुसार १५ रोपनी ५ आना १ पैसा हुन आउँछ । अब क्षेत्रफलको जोडलाई सम्बन्धित परिवारको लगत १ को सम्बन्धित प्रश्न अन्तर्गत लेख्नुपर्दछ ।